सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ मंसिर २०८२, सोमबार (24 Nov 2025, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २१४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

नेपाल विश्वकप पुगेको ११ वर्षपछि त्रिवि मैदानमा जोडिएको फ्लड लाइटको जस लिन नेताहरूको होडबाजी

गौरवका रंगशाला वर्षौंदेखि अधुरै, छैन जवाफ

■ गिरिजाप्रसाद क्रिकेट रंगशाला, विराटनगर

०५७ मा रंगशाला निर्माण थालिए पनि खेतमा तारबार लगाउनेबाहेक छैन कुनै प्रगति



■ मूलपानी क्रिकेट रंगशाला, काठमाडौं

२२ वर्षअघि थालिएको मूलपानीको तल्लो रंगशालाले न मान्यता पायो, न संरचना पूर्ण भए



■ गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, चितवन

०७५ मा धुर्मुस–सुन्तलीले थालेको रंगशाला बिचमा पाँच वर्ष अलपत्र, ०८१ देखि बल्ल अघि बढ्यो काम



विराटनगरमा **गणेश लम्साल**
हेटौंडामा **पोष्टराज अधिकारी**
काठमाडौंमा **रमेश सुवेदी**

त्रिवि क्रिकेट मैदानमा पहिलोपटक फ्लड लाइटमा खेल हुन थालेपछि 'त्यो काम मैले गरेको' भन्दै जस लिने होडबाजी नै चल्यो । एनपिएलको दोस्रो संस्करण सुरु हुने अघिल्लो दिन भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री कुलमान घिसिङले स्विच अन गरेर फ्लड लाइटको उद्घाटन गरेपछि जस लिने लहर चलेको थियो । एमाले नेता, कार्यकर्ता र समर्थकहरूले निवर्तमान प्रधानमन्त्री केपी ओलीले फ्लड लाइट

» पृष्ठ २ मा क्रमशः

मूलपानी र बैजनाथको डिपिआर बुझ्काएपछि तीनपटक स्रोत सुनिश्चितता माग्यौं, तर एक वर्षदेखि मन्त्रालयमै फाइल अड्काइयो



● **टंकलाल घिसिङ**, सदस्यसचिव, राखेप

सरकारमा रहेका तत्कालीन प्रधानमन्त्रीज्यूहरूले त्रिवि रंगशाला बनाउन प्राथमिकता दिनुभयो । यसका लागि उहाँहरूलाई साधुवाद नै भन्नुपर्छ । तर, 'मैले गरेको' किन भन्नुपऱ्यो ? लोकप्रियता शब्दको सापटी लिएर प्रतिस्पर्धा नगर्दा राम्रो हुने थियो । राष्ट्रिय गौरवको आयोजनामा समावेश भएपछि मूलपानी र बैजनाथ रंगशालाको डिपिआर गत वर्ष नै सरकारलाई बुझाएका हौं । हामीले दुवै मैदान निर्माणका लागि सरकारसँग तीनपटक स्रोत सुनिश्चितता माग्यौं । तर, फाइल अगाडि नै बढेन । यसअघिको सरकारले त यसलाई अगाडि बढाउनै चाहेन । मन्त्रालयमै फाइल रोकियो ।



● **ध्रुव आचार्य**, उपाध्यक्ष, राखेप

होडबाजीको कुरा होइन, काम ओली सरकारबाटै भएको हो । यसलाई सबैले स्वागत गर्नैपर्छ ।



● **युवराज लामा**, पूर्वसदस्यसचिव, राखेप

आफ्नै घरजग्गा बेचेर गरेको त्यागभैं चित्रित गर्नु हास्यास्पद मात्र होइन, लाजमर्दो पनि हो



● **तेजुलाल चौधरी**, पूर्वखेलकुदमन्त्री

मूलपानीका लागि पाँच अर्ब र बैजनाथ रंगशालाका लागि तीन अर्ब माग गरेका थियौं, तर बजेट नै दिएनन्



● **विराजभक्त श्रेष्ठ**, पूर्वखेलकुदमन्त्री

सरकारले बनाएका पूर्वाधारमा जस लिने होडबाजी गर्नु व्यर्थ छ । यो जनचाहना र प्राथमिकताले बनेको हो ।

एनपिएलमा भारतीय 'सट्टेबाज' सक्रिय

एकैदिन आठ पक्राउ

टेकराज थामी / नयाँ पत्रिका

■ प्रारम्भिक अनुसन्धान छ- 'सट्टेबाज'ले पाँच मिनेटअघि नै खेलको परिणाम थाहा पाउँथे र बाजी लगाउँथे, हारजितको रकम आदान-प्रदान गर्न भारतीय बैंक प्रयोग

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट रंगशालामा जारी नेपाल प्रिमियर लिग (एनपिएल)मा सट्टेबाजी लगाउने आठ भारतीय नागरिक पक्राउ परेका छन् । प्रहरीले उनीहरूलाई क्रिकेट मैदानपरिसरबाटै ६ मंसिरमा पक्राउ गरेको हो । उनीहरू सट्टेबाजी लगाउनका लागि भारतदेखि काठमाडौं आएको प्रहरी अनुसन्धानमा पाइएको छ ।

काठमाडौं अपराध अनुसन्धान कार्यालयका अनुसार उनीहरूले पाँच लाख रुपैयाँको बाजी लगाइसकेका थिए । उनीहरूले 'बेटाकुलर डट लाइभ' साइट स्ट्रिमिङमार्फत बाजी लगाउँदै आएका थिए । सात दिनअघि आएका उनीहरू सामाखुसीस्थित गेस्ट हाउसमा बस्दै आएका थिए ।

वेबमार्फत बाजीमा सहभागी सबै भारतीय नागरिक रहेको अनुसन्धान कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले बताए । 'एनपिएलमा बाजी लगाउने आठ भारतीय नागरिक क्रिकेट मैदानबाटै पक्राउ परेका छन् । उनीहरूले हालसम्म पाँच लाख रुपैयाँको बाजी

» पृष्ठ २ मा क्रमशः

मतदाता बन्न योग्य १२ लाखभन्दा धेरै आएनन् दर्ता प्रक्रियामा

कमलराज भट्ट / नयाँ पत्रिका



जेन-जी आन्दोलनपछि अध्यादेश ल्याएर मतदाता नामावली संकलन खुला गरेको सरकारले १५ देखि २० लाख मतदाता थपिने अपेक्षा गरे पनि धेरै दर्ता प्रक्रियामा आएनन् । २१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि ९ असोजदेखि ५ मंसिरसम्म खुला गरिएको मतदाता नामावली दर्ता कार्यक्रममा आठ लाख ३७ हजार ९४ ले नाम दर्ता गराउन आवेदन दिएका छन् ।

०७८ को जनगणनाअनुसार ०८२ मा मतदातायोग्य जेन-जी उमेर समूहको जनसंख्या मात्रै २३ लाख ९२ हजार १८८ थियो । अन्य समूहका पनि जोडिँदा मतदाता बन्न योग्य २५ देखि ३० लाख जनसंख्या रहेको र त्यसमा १५ देखि २० लाख जनसंख्याले जेन-जी आन्दोलनको रापताप अनि परिवर्तनको हुटहुटीसहित मतदाता नामावलीमा नाम दर्ता गराउने आयोगको अपेक्षा थियो । तर, व्यवहारमा भने त्यसको झन्डै आधा जनसंख्याले

» पृष्ठ २ मा क्रमशः

दलको संख्या १३२ पुग्यो, १५ नयाँ

आयोगको कानुन तथा राजनीतिक महाशाखाका अनुसार अझै २५ नयाँ दल दर्ताको प्रक्रियामा छन्

निर्वाचनमा भाग लिन कांग्रेससहित ५६ दलको निवेदन

२१ फागुनमा हुने निर्वाचनमा भाग लिन ५६ पार्टीले दल दर्ताका लागि निवेदन दिएका छन् । शनिबार चुनावमा सहभागी हुने औपचारिक निर्णय गरेको कांग्रेसले पनि आइतबार दल दर्ताका लागि निवेदन दिएको छ । आयोगले प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि १० मंसिरसम्म निवेदन लिने, ११ देखि १८ गतेसम्म छानबिन गर्ने र २० गते दर्ता स्वीकृत गरेर निर्वाचन प्रयोजनका लागि दर्ता भएका दलहरूको नामावली प्रकाशन गर्ने कार्यक्रम छ ।

त्रिवि दीक्षान्त समारोह सधैं भद्रगोल

बर्सेनि विद्यार्थी सहभागिता घट्दो



यसपटक ८० हजार विद्यार्थी उत्तीर्ण, तर साढे १८ हजार मात्र दीक्षान्त समारोहमा सहभागी हुँदै

(विस्तृत पृष्ठ ३)

नेपालमा सामाजिक न्याय र परिवर्तनको अपरिहार्यता



अग्रलेख

● विजय पौडेल 'क्षितिज'

नागरिकले तथ्य, तर्क र उत्तरदायित्वमा आधारित निर्णय गर्न थालेपछि समाज स्वाभाविक रूपमा परिवर्तन हुन्छ

(पृष्ठ ४)

सात खर्बको वैदेशिक व्यापारमा पाँच खर्ब घाटा, निर्यात खर्बनजिक

चालू आवको चार महिनामा कुल सात खर्ब दुई अर्ब ९४ करोड ७० लाख नौ हजार रुपैयाँको वस्तु तथा सेवा आयात-निर्यात भएको छ । यो अवधिमा पाँच खर्ब १५ अर्ब ९५ करोड ५४ लाख ५७ हजार व्यापार घाटा भएको छ । कात्तिक मसान्तसम्म ९३ अर्ब ४९ करोड ५७ लाख ७६ हजारबराबरको निर्यात भएको भन्सार विभागले जनाएको छ ।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मताधिकारबाहिर रहेका ६० लाख नेपालीबारे सरकारी थिंकट्यांकको निष्कर्ष

२१ फागुनकै निर्वाचनमा मतदान गराउन सम्भव छ

विदेशमा रहेका करिब ५० लाख र देशभित्र कार्यस्थलका कारण मतदान गर्न नसक्ने करिब १० लाख नागरिक मतदान अधिकारबाट वञ्चित छन्



प्रा.डा. लेखनाथ शर्मा
कार्यकारी निर्देशक, नीति अनुसन्धान प्रतिष्ठान

निर्वाचन मिति सार्वजनिक भएपछि अध्ययनको जिम्मा दिइएको हो । हामीले संसाधन, अभ्यास र सम्भावनाको आधारमा तयार गरेको प्रारम्भिक प्रतिवेदनले विभिन्न आयाम र विकल्प देखाएको छ । अहिलेका लागि कम्तीमा सुरुवातसम्म गर्न सकिन्छ । विदेशका लागि व्यवस्थापनको कुरा हो । यो निर्वाचनमा सबै गर्न सकिन्न भने आगामी समयका लागि योजना बनाउँदा भयो ।

सुवास भट्ट / नयाँ पत्रिका

सरकारअन्तर्गतको थिंकट्यांक 'नीति अनुसन्धान प्रतिष्ठान'ले गरेको ताजा अध्ययनले आसन्न निर्वाचनमै विदेशी तथा अन्तरनिर्वाचन क्षेत्रमा रहेका नागरिकलाई मतदानको अवसर उपलब्ध गराउन सम्भव हुने निष्कर्ष निकालेको छ । २१ फागुनको निर्वाचनलाई लक्षित गरी तत्कालै आवश्यक

» पृष्ठ २ मा क्रमशः

■ थिंकट्यांकले दिएको कार्यान्वयनयोग्य कार्ययोजना



- अध्यादेशमार्फत मौजुदा निर्वाचन कानुनहरूको संशोधन तथा मतदाता नामावली (स्थायी र अस्थायी) को वर्गीकरण (एक साता)
- अस्थायी मतदातासूचीमा सूचीकृत हुन सम्बन्धित मतदाताहरूलाई आह्वान (एक महिना)
- अस्थायी मतदातासूची सार्वजनिक, स्थायी मतदातासूची निष्क्रिय (दुई साता)
- निर्वाचन बिदाको नीतिगत प्रबन्ध (एक दिन)
- अध्यादेशमार्फत निर्वाचनमा खटिएका कर्मचारीहरूका लागि लचिलो मतदान व्यवस्था (एक साता)
- अस्थायी मतदाताका लागि विशिष्टीकृत मतदान केन्द्रको स्थापना, मतदान, मतगणना र मतपरिणाम व्यवस्थापन (१५ दिन)
- ब्लकचेन टेक्नोलोजीको प्रयोगसहित आई-भोटिङ पद्धतिको निर्माण/खरिद, परीक्षण, परिमार्जन र सञ्चालन (तीन महिना)
- हुलाकी मतदानको तयारी र कार्यान्वयन (दुई महिना)
- हुलाकबाट मतदानका लागि आवश्यक तयारी (१५ दिन)
- बाह्य मतदान कार्यान्वयन कार्ययोजनाको तयारी र कार्यान्वयन (१५ दिन)
- आयोगको वेबसाइट, नागरिक एप वा यस्तै अन्य डिजिटल प्लाटफर्मको माध्यमबाट विदेशमा बस्ने नेपालीहरूको मतदाता नामावली संकलन (उल्लेख नभएको)
- विदेशस्थित नेपाली राजदूतावास र कूटनीतिक नियोगमा भौतिक उपस्थितिमा हुने निर्वाचनको तयारी (१५ दिन)
- अध्यादेशमार्फत एकदिवसीय मतदानको अभ्यासलाई संशोधन गरी बाह्य मतदानलाई बहुदिवसीय बनाउने (एक साता)
- बाह्य मतदानको कार्यान्वयनका लागि आयोगमा 'बाह्य मतदान महाशाखा'को स्थापना र आवश्यक कार्यविधि निर्माण (एक महिना)

(एक साथ सबै तयारी गर्ने हो भने २१ फागुनको निर्वाचनका लागि यी काम गर्न सकिने निष्कर्ष)

दुईथरी हुन्छन् बाह्य मतदान

निर्वाचनको विद्यमान प्रक्रियामा सहभागी हुन नसकेकाका लागि व्यवस्था गर्न सकिने मतदानलाई बाह्य मतदान भनिन्छ । यो आन्तरिक र अन्तरदेशीय गरी दुई प्रकारको हुन्छ । देशभित्रै आफ्नो मतदान क्षेत्रभन्दा बाहिर रहेका नागरिकले अस्थायी बसोबासकै स्थानबाट मतदान गर्न पाउने व्यवस्थालाई आन्तरिक बाह्य मतदान भनिन्छ । अन्तरदेशीय बाह्य मतदान भनेको विदेशमा बसेका, नेपाली नागरिकता नत्यागेका तथा स्थानीय नागरिकता नलिएका नागरिकलाई विदेशमै मतदान गर्न दिने व्यवस्था हो ।

कानुन बने कति मतदाताले मतदान गर्लान् ?

अध्ययनमा सहभागी एक अधिकारीका अनुसार विदेशमा रहेका ५० लाखमध्ये कानुनी स्थिति, रुचि र पहुँच आदिका कारण सबैले मतदातासूचीमा दर्ता हुने सम्भावना हुँदैन । उनी भन्छन्, 'यस्तोमा अन्दाजमा करिब २५ लाखले नाम दर्ता गर्न सक्छन् र न्यूनतम २० प्रतिशत अर्थात् कम्तीमा पाँच लाखले मतदान गर्ने देखिन्छ । त्यसैगरी, देशभित्र चुनावी काममा खटिने कर्मचारी तथा कार्यस्थलका कारण मतदान गर्न नसक्ने करिब १० लाख नागरिक छन् । उनीहरूसमेत जोड्दा १५ लाख मतदाता जोड्न सकिन्छ ।'

२१ फागुनकै...

पृष्ठ १ बाट क्रमशः

कानुनी, प्राविधिक र व्यवस्थापकीय तयारी तत्काल अघि बढाउन मिल्ने कार्यान्वयनयोग्य कार्ययोजना प्रतिष्ठान'ले सरकारलाई बुझाएको छ।

विदेशस्थित नेपालीलाई मतदान अधिकार दिलाउनुपर्ने माग वर्षौंदेखि उठ्दै आए पनि राजनीतिक दल र विगतका सरकारले यसमा गम्भीर चासो नदेखाएको अध्ययनले औंल्याएको छ। हाल विदेशमा रहेका करिब ५० लाखसहित करिब ६० लाख नेपाली मताधिकारबाट वञ्चित छन्। निर्वाचनको विद्यमान प्रक्रियामा सहभागी हुन नसकेकाका लागि व्यवस्था गर्न सकिने मतदानलाई बाह्य मतदान भनिन्छ। यो आन्तरिक र अन्तरदेशीय गरी दुई प्रकारको हुन्छ।

निर्वाचन क्षेत्रबाहिर रहेकालाई मतदानको अवसर प्रदान गर्न सरकारले तत्काल बहुपक्षीय तयारी एकसाथ अघि बढाउनुपर्ने प्रतिवेदनले भनेको छ। यसपटकको निर्वाचनबाट यस्तो अभ्यासलाई सुरु गर्न अहिले उपयुक्त मात्र होइन, बाध्यकारी अवस्था विद्यमान रहेको प्रतिष्ठानको प्रतिवेदनमा छ।

जेन-जी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारले निर्वाचन घोषणा गरेपछि मात्रै यस विषयमा अध्ययन गर्न प्रतिष्ठानलाई जिम्मेवारी दिएको थियो। त्यसपछि अन्तर्राष्ट्रिय अभ्यास, तथ्यांक विश्लेषण, कानुनी प्रावधान, सरोकारवालासँगका छलफललगायत विविध आयाम समेटेर गरिएको अध्ययन प्रतिवेदनले आगामी निर्वाचनमै मतदानबाट वञ्चित नागरिकलाई सहभागी गराउने विकल्प र सिफारिस स्पष्ट रूपमा प्रस्तुत गरेको छ।

प्रतिष्ठानका कार्यकारी निर्देशक प्रा.डा. लेखनाथ शर्माले मतदानमा छुटेका नागरिकका लागि निर्वाचनमा सहभागी गराउन के-के गर्न सकिन्छ भन्नेबारे अन्तर्राष्ट्रिय अभ्यास र अध्ययनसमेतको विश्लेषण गरेर प्रतिवेदन बनाएको बताए। प्रतिवेदन कार्यान्वयनबारे सरकारले निर्णय लिनुपर्ने उनले बताए।

'निर्वाचन मिति सार्वजनिक भएपछि अध्ययनको जिम्मा दिइएको हो। हामीले संसाधन, अभ्यास र सम्भावनाको आधारमा तयार गरेको प्रारम्भिक प्रतिवेदनले विभिन्न आयाम र विकल्प देखाएको छ,' कार्यकारी निर्देशक शर्माले भने, 'अहिलेका लागि कम्तीमा सुरुवातसम्म गर्न सकिन्छ। विदेशका लागि व्यवस्थापनको कुरा हो। यो निर्वाचनमा सबै गर्न सकिन्न भने आगामी समयका लागि योजना बनाउँदा भयो।'

कुल मतदाताको करिब एकचौथाइ मतदाता निर्वाचन क्षेत्रबाहिर भई निर्वाचनमा मतदानको अवसरबाट वञ्चित हुने गरेको प्रतिवेदनमा उल्लेख छ। 'विदेशमा रहेका नेपालीसहित नेपालमै अन्तरनिर्वाचन क्षेत्रमा बसोबास गर्ने नागरिकका लागि उनीहरूकै अस्थायी बसोबास रहेकै स्थानबाट मतदानको अवसर उपलब्ध गराउन उपयुक्त कानुनी व्यवस्था नहुँदा झन्डै एकचौथाइ बालिग नेपाली नागरिक आजसम्म निर्वाचनको अवसरबाट वञ्चित भइरहेका छन्,' प्रतिवेदनमा छ।

प्रतिवेदनमा बाह्य मतदानको व्यवस्थामार्फत नेपाली नागरिकहरूको राजनीतिक अधिकार सुनिश्चित गर्नुपर्ने अवस्था टड्कारो रहेको औंल्याइएको छ। निर्वाचन क्षेत्रभन्दा बाहिरका बालिग नेपाली नागरिकलाई उनीहरू बसेकै स्थानबाट आफ्नो निर्वाचन क्षेत्रको उम्मेदवार (प्रत्यक्ष) तथा राजनीतिक दल (समानुपातिक)लाई मतदान गर्न कुनै संवैधानिक बाधा-व्यवधान नरहेको प्रतिवेदनले जनाएको छ।

दलहरू र सरकारबिचको सहकार्यले बाह्य मतदान सम्भव गराउन सकिने प्रतिवेदनले भनेको छ। 'विनाविभेद सबै नागरिकलाई मताधिकार दिन नेपालको संविधानले बाटो खुला गरेको तथा यसको कार्यान्वयनका लागि सर्वोच्च अदालतको निर्देशनात्मक आदेशसमेत आएको हुँदाहुँदै पनि नेपालमा बाह्य मतदान कार्यान्वयनमा लैजान नसक्नु राजनीतिक प्रतिबद्धताको कमी हो भन्ने निश्चित भएकाले यसको कार्यान्वयनमा सरकार र राजनीतिक पार्टीहरूबिच सहकार्यसहितको प्रतिबद्धता प्रकट गर्दै यसपटकको निर्वाचनबाट आवश्यकताअनुसार बहुविधिको उपयोगबाट गर्नुपर्ने देखिन्छ,' प्रतिवेदनमा छ।

कानुनी बाधा र आवश्यक संशोधन

प्रतिवेदनले मौजुदा निर्वाचन कानुनका केही प्रावधान संविधानको भावनासँग मेल नखाने गरी संकुचित रहेको उल्लेख गर्दै यी कानुन संशोधन अनिवार्य भएको बताएको छ। प्रतिवेदनले यसका लागि मतदाता नामावली ऐन, निर्वाचन आयोग ऐन, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन र सम्बन्धित नियमावलीका प्रावधान परिमार्जन गर्नुपर्ने सिफारिस गरेको छ। मौजुदा कानुनमा संशोधन गरी सूचना प्रविधिको अधिकतम उपयोग गरेर नागरिकहरूको मतदानको अवसरलाई सुनिश्चित गर्नैपर्ने हुन्छ,' प्रतिवेदनले भनेको छ। निर्वाचन आयोगसहित निर्वाचनमा संलग्न हुने हुलाक, कूटनीतिक नियोगलगायतका संस्थाहरूको संस्थागत क्षमता र मानव संसाधनसहित समग्र निर्वाचन खर्च, मतदाताको पहुँच र सहभागितामा संख्यात्मक वृद्धि, मतको गोपनीयता, पारदर्शिता, निर्वाचन सुरक्षा, सार्वजनिक स्वीकारोक्ति र निष्पक्षतालगायत आधारमा हेर्दा नेपालको अहिलेको अवस्थामा बाह्य मतदानका लागि 'ब्लकचेन टेक्नोलोजी' र मल्टिपल फ्याक्टर सुरक्षासहितको आई-भोटिङ प्रणाली नै उत्तम तरिका भएको देखिएको प्रतिवेदनमा उल्लेख छ।

सुझाव के छ ?

नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका सबै नागरिकलाई विना कुनै विभेद र वर्गीकरण मतदाताको रूपमा नाम दर्ता गर्ने अवसर प्रदान गर्नुपर्ने सुझाव पनि छ। सबैखाले द्विविधाको समाधानसहितको राजनीतिक तथा विधिगत सहमति कायम गरेर बाह्य मतदानलाई कार्यान्वयनमा लैजानुपर्ने मत प्रतिष्ठानको छ।

विदेश तथा अन्तरनिर्वाचन क्षेत्रमा रहेका नागरिकलाई अस्थायी मतदाता नामावलीमा सूचीकृत हुने प्रक्रिया सरल, छिटो र डिजिटल माध्यमबाट उपलब्ध गराउनुपर्ने सुझाव प्रतिवेदनमा छ। प्रतिवेदनअनुसार अन्तरनिर्वाचन क्षेत्रको हकमा अस्थायी मतदातासूचीमा सूचीकृत (स्थानान्तर) हुन दिएर तथा विदेशको हकमा सोझै अस्थायी मतदाता नामावलीमा सूचीकृत हुने अवसर प्रदान गरेर यो काम गर्न सकिन्छ।

यस प्रक्रियामा सही मतदाताको पहिचान, प्रमाणीकरण र गोपनीयताको संरक्षणका लागि चार तहको पहिचान प्रमाणीकरण विधि अवलम्बन गर्नु वाञ्छनीय हुने पनि प्रतिवेदनमा उल्लेख छ। यसमा सेलफोन ओटिपी, जन्ममिति, नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा मतदाता परिचयपत्र नम्बर र सोही नम्बर प्रयोग भएको प्रमाणपत्र वा परिचयपत्रको स्क्यान कपी अपलोड गर्ने विधि अपनाउनुपर्छ।

अस्थायी मतदातासूची तयार भएपछि त्यसमा सूचीकृत मतदाताको नाम स्थायी मतदातासूचीबाट हटाउनुपर्ने भनिएको छ। निर्वाचन परिणाम घोषणा भइसकेपछि भने अस्थायी मतदातासूची खारेज गरी निष्क्रिय गरिएको स्थायी मतदातासूचीलाई पुनः सक्रिय अवस्थामा लैजानुपर्ने सुझाव छ। ताकि दोहोरो मतदानको जोखिम नहोस्।

अन्तरनिर्वाचन क्षेत्रमा रहेकाका लागि प्रत्येक पालिकास्तरमा कम्तीमा एक विशेष मतदान केन्द्र वा विकल्पका रूपमा जिल्लागत मतदान केन्द्र स्थापना गर्न सकिने प्रतिवेदनमा उल्लेख छ। मतदाताहरूको भौतिक उपस्थितिमै मतदान गराउने व्यवस्था गर्नुपर्ने भनिएको छ।

त्यस्तै, सूचना प्रविधिको सहयोगमा हुलाकबाट समेत मतदान गर्न सकिनेलाई दोस्रो विकल्पका रूपमा प्रतिवेदनले सिफारिस गरेको छ। कूटनीतिक नियोगमा भौतिक उपस्थितिमा मतदान गराउन सकिने सिफारिससमेत न्यून प्राथमिकतामा प्रतिवेदनले गरेको छ।

नागरिक अधिकार हनन भएको र चुनावी प्रक्रिया त्रुटिपूर्ण भएको मानिनेजस्ता विषयहरूको सम्बोधन हुने गरी अहिले नै सबै कुरा प्रस्टसँग कानुनमा व्यवस्थित गरी विवादको अवस्था नआउने/नहुने गरी कार्यान्वयनमा लैजानुपर्ने पनि प्रतिवेदनमा सुझाव छ। अनुचित गतिविधिलाई नियन्त्रण गरी स्वच्छ, निष्पक्ष, स्वतन्त्र र पारदर्शी निर्वाचन गर्न गराउन निर्वाचन प्रक्रियामा सूचना प्रविधिको प्रयोग र बहुदिवसीय चुनावको सञ्चालन उपयुक्त विधि भए तापनि यसमा व्यवस्थापकीय चुनौती भने धेरै नै रहने प्रतिष्ठानको प्रतिवेदनमा छ।

एनपिएलमा...

पृष्ठ १ बाट क्रमशः

लगाइसकेको देखिन्छ,' उनले भने, 'बाजी लगाउनकै लागि उनीहरू भारतदेखि नेपाल आएको देखिन्छ। पक्राउ परेको सबै एकै समूहका हुन्।'

अनुसन्धान कार्यालयका अनुसार पक्राउ पर्ने भारत आन्द्र प्रदेश प्रकासम पामुर गाउँका ३१ वर्षीय राजा यदुला, ३५ वर्षीय महेश बाबु, ३० वर्षीय पण्डित श्रीनिवासुलु, २० वर्षीय सेख सोयब, ३० वर्षीय नभिन मड्डेला, भारत आन्द्र प्रदेश प्रकासम कोइलमपटका ३२ वर्षीय महमद रफी सेख, १९ वर्षीय साइकुमार तम्मिसेट्टी र २८ वर्षीय सेखचन्द बसल रहेका छन्।

प्रहरीका अनुसार उनीहरू टिकट काटेरै मैदानभित्र प्रवेश गर्थे। डाटामार्फत चलाइएको इन्टरनेटमा 'बेटाकुलर डट लाइभ' साइट स्ट्रिमिङ गर्थे। र, क्रिकेटको बाजी लगाउँथे। हारजितको रकम आदान-प्रदान गर्न क्युआरमार्फत भारतीय बैंक प्रयोग गर्थे।

साइटमार्फत बाजी लगाउने पनि भारतीय नागरिक नै रहेको अनुसन्धान कार्यालयका एसपी आचार्यले बताए। 'हारजितको रकम आदान-प्रदान गर्न भारतीय बैंक प्रयोग भएका छन्। हालसम्म यसमा नेपाली सहभागी छैनन्। अनुसन्धान भइरहेकाले बाँकी तथ्य खुल्दै जाला।'

अनलाइनमार्फत बाजी लगाउने र मैदानमै सहभागी भएर बाजी लगाउने समयमा अन्तर केही मिनेटको हुन्छ। अर्थात् मैदानमा जारी खेल अनलाइनमार्फत लाइभ हुँदा 'रियल टाइम' भन्दा पाँच मिनेट ढिलो प्रसारण हुन्छ। यही समयको अन्तरमा मैदानमा बसेर सट्टेबाज लगाउनेले चलाखीपूर्वक बाजी जित्न पुग्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८२/०८/०८)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेलः info@nimb.com.np
वेबसाइटः www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय(समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	ऋणीहरु : क) **श्री मनकामना अटो ट्रेडर्स (विविध कर्जा) -शाखा कार्यालय धरान,** प्रा.फ.र.नं.: १९०४१/०६१/६२, ठेगाना : धरान न.पा. ८, सुनसरी ख) **दिलिप शाही (धितो कर्जा) -शाखा कार्यालय धरान** (ना.प्र.नं. १०२१/१३८६४, मिति २०५१/०५/२८ मा जि.प्र.का. सुनसरीबाट जारी भएको), ठेगाना : धरान न.पा. ८, सुनसरी, बाबु : मेवा रत्न शाही, बाजे : नुछे रत्न शाही **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **दिलिप शाही (ऐ.ऐ.) -प्रोप्राईटर/जमानीकर्ता** २. **मेवा रत्न शाही -जमानीकर्ता** (ना.प्र.नं. २०८३/०३०, मिति २०३०/०१/०५ मा जि.प्र.का. सुनसरीबाट जारी भएको) बाबु : नुछे रत्न शाही, बाजे : पिपा रत्न शाही ३. **प्रनिता शाही -जमानीकर्ता** (ना.प्र.नं. ३२२४२/०६३/६४, मिति २०६३/०७/२७ मा जि.प्र.का. सुनसरी इ.प्र.शाखा धरानबाट जारी भएको) पति : दिलिप शाही, ससुरा : मेवा रत्न शाही	४.	ऋणीहरु : क) **दिक्षिका एण्ड एसिका इन्टरप्राईजेज (अधिविकर्ष कर्जा) -शाखा कार्यालय धरान,** प्रा.फ.र.नं.: ४७२६/०७२/०७३, ठेगाना : धरान न.पा. ८, सुनसरी ख) **हाम्रो मनकामना ज्वेलर्स (आवधिक कर्जा) -शाखा कार्यालय धरान,** प्रा.फ.र.नं.: ४६७७/०७२/०७३, ठेगाना : धरान न.पा. ८, सुनसरी **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **मेवा रत्न शाही -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. २०८३/०३०, मिति २०३०/०१/०५ मा जि.प्र.का. सुनसरीबाट जारी भएको) बाबु : नुछे रत्न शाही, बाजे : पिपा रत्न शाही २. **दिलिप शाही -जमानीकर्ता** (ना.प्र.नं. १०२१/१३८६४, मिति २०५१/०५/२८ मा जि.प्र.का. सुनसरीबाट जारी भएको), बाबु: मेवा रत्न शाही, बाजे: नुछे रत्न शाही ३. **प्रनिता शाही -जमानीकर्ता** (ना.प्र.नं. ३२२४२/०६३/६४, मिति २०६३/०७/२७ मा जि.प्र.का. सुनसरी इ.प्र.शाखा धरानबाट जारी भएको) पति : दिलिप शाही, ससुरा : मेवा रत्न शाही
२.	**ऋणी : नरहरि न्यौपाने (आवास कर्जा) -शाखा कार्यालय दमक,** (ना.प्र.नं. १६११०/९९७, मिति २०४१/१०/०७ मा जि.प्र.का.इलामबाट जारी भएको), ठेगाना : कमल ५, झापा बाबु : श्रीनारायण न्यौपाने, बाजे : कृष्ण लाल न्यौपाने **व्यक्तिगत जमानीकर्ताहरु :** १. **तुलसा न्यौपाने -जमानीकर्ता** (ना.प्र.नं. ४३९/९९९, मिति २०४३/०८/२२ मा जि.प्र.का.इलामबाट जारी भएको) पति : नरहरि न्यौपाने, ससुरा : श्रीनारायण न्यौपाने २. **राज कुमार न्यौपाने -जमानीकर्ता** (ना.प्र.नं.२३११९६, मिति २०५८/०८/१९ मा जि.प्र.का.झापाबाट जारी भएको) बाबु : नरहरि न्यौपाने, बाजे : श्रीनारायण न्यौपाने ३. **धन माया न्यौपाने अधिकारी -जमानीकर्ता** (ना.प्र.नं.०४३०४३/१५४, मिति २०६३/१०/२८ मा जि.प्र.का.झापाबाट जारी भएको) पति : राज कुमार न्यौपाने, ससुरा : नरहरि न्यौपाने ४. **गंगा न्यौपाने -जमानीकर्ता** (ना.प्र.नं. ०४३०४३/१४७, मिति २०६३/१०/२८ मा जि.प्र.का.झापाबाट जारी भएको) बाबु : नरहरि न्यौपाने, बाजे : श्रीनारायण न्यौपाने	५.	**ऋणी : बंगुर फर्म (आवधिक कर्जा) -शाखा कार्यालय बिर्तामोड,** प्रमाण पत्र न : ३२६(६३), ठेगाना : बिर्तामोड ६, झापा **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **रोशी कन्दङवा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ०४१०१२/२३५६, मिति २०६७/०९/०५ मा जि.प्र.का.झापाबाट जारी भएको) पति : शिव चौधरी, ससुरा : प्रदेशु डगौरा २. **शिव चौधरी -जमानीकर्ता** (ना.प्र.नं. ६७१०२६/४८८, मिति २०६६/१०/०५ मा जि.प्र.का. कैलालीबाट जारी भएको), बाबु: प्रदेशु डगौरा, बाजे: फागुराम चौधरी
		६.	**ऋणी : प्रथम एजुकेशनल डिपार्टमेन्टल स्टोर्स (आवधिक कर्जा) -शाखा कार्यालय बिर्तामोड,** प्रा.फ.र.न : २७३/१३२८४, ठेगाना : बिर्तामोड ४, झापा **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **राजबाला शर्मा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. १५३३८, मिति २०६७/०८/०९ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको), पति : नरेश शर्मा, ससुरा : ओंकारमान शर्मा २. **नरेश शर्मा -जमानीकर्ता** (ना.प्र.नं.०५३०७८/३३८, मिति २०६३/१२/११ मा जि.प्र.का.मोरङ्गबाट जारी भएको), बाबु: ओंकारमान शर्मा, बाजे : चन्दगीराम शर्मा
३.	**ऋणी : दिव्य किड्स वेयर (आवधिक कर्जा) -शाखा कार्यालय बिर्तामोड,** प्रा.फ.र.न : ४९७/१४४१४, ठेगाना : बिर्तामोड ५, झापा **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **निकिता खत्री -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.१६२०१३/२९६, मिति २०६८/०४/२६ मा जि.प्र.का.सप्तरीबाट जारी भएको) पति : राम प्रसाई, ससुरा : विष्णु प्रसाद प्रसाई २. **राम प्रसाई -जमानीकर्ता** (ना.प्र.नं.०४-०१-७७-०१९२२, मिति २०७७/०६/१३ मा जि.प्र.का.झापाबाट जारी भएको) बाबु : विष्णु प्रसाद प्रसाई, बाजे : जनक लाल प्रसाई	७.	**ऋणी : सन्तोषी टेलरिङ्ग सेन्टर (आवधिक कर्जा) -शाखा कार्यालय बौद्ध,** प्राइभेट फर्म दर्ता न : ७६३, ठेगाना : का.म.न.पा. ९, काठमाडौं **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** १. **सन्तोषी कर्ण -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. २७१०६०/४७१६८, मिति २०६६/०७/०६ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको) बाबु : गोपाल परियार, पतिः सुरेन्द्र कर्ण बियारी (परियार), ससुरा : मनराज परियार २. **सुरेन्द्र कर्ण बियारी (परियार) -जमानीकर्ता** (ना.प्र.नं.३५५४४, मिति २०६३/०३/२६ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको), बाबु : मनराज परियार, बाजे : गोपाल परियार ३. **सुशान्त कर्ण -जमानीकर्ता** (ना.प्र.नं. २७-०१-७२-०५०२३, मिति २०७२/०४/१७ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको) बाबु : सुरेन्द्र कर्ण बियारी (परियार), बाजे : मनराज परियार

गौरवका...

पृष्ठ १ बाट क्रमशः

बनाएको प्रचार गरे। पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले फ्लड लाइट जडानका लागि ०७९ चैतमै राखेपलाई निर्देशन दिएको स्मरण फेसबुकमार्फत गराउँदै 'जस' लिन खोजे। कांग्रेसजनहरूको पनि आफ्नै दाबी रह्यो- निवर्तमान सहरी विकासमन्त्री प्रकाशमान सिंहले आफ्नो मन्त्रालयमातहत ल्याएर फ्लड लाइट निर्माणको ठेक्का लगाएकाले मुख्य योगदान उनकै हो।

नेपालले विश्वकप क्रिकेट खेल्न थालेको १२ वर्षपछि बल्लतल्ल जडान गरिएको फ्लड लाइटको जस लिन यसरी राजनीतिक तँछाडमछाड चल्दा विराटनगरको बैजनाथपुरमा २५ वर्षसम्म पनि 'गिरिजाप्रसाद कोइराला रंगशाला' बन्न नसकेको अपजस कसले लिन्छ ? संघीय राजधानीमै २२ वर्षसम्म अलपत्र 'मूलपानी क्रिकेट रंगशाला' नबनेको भागीदार को बन्छ ? अनि कलाकार धुर्मुस-सुन्तलीले सुरु गरेर काम गर्न नसकेपछि सरकारलाई सुम्पिएको भरतपुरस्थित 'गौतम बुद्ध क्रिकेट रंगशाला' निर्माणमा ढिलासुस्तीमा यसबिचका कुनै प्रधानमन्त्री वा खेलकुदमन्त्रीले अपजस लिन सक्छन् ? जबकि यी तीनवटै रंगशाला राष्ट्रिय गौरवका आयोजनामा पर्छन्।

राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्यसचिव युवराज लामा त्रिवि क्रिकेट मैदानमा फ्लड लाइट बनेको जस लिन पूर्वप्रधानमन्त्री तथा नेताहरूले गरेको प्रचार हास्यास्पद र लाजमर्दो भएको टिप्पणी गर्छन्। 'पछिल्ला दिनहरूमा गरिएका प्रचार हेर्दा मैदान निर्माणलाई व्यक्तिगत उपलब्धिजस्तै दाबी गर्ने प्रवृत्ति देखिएको छ। पूर्वप्रधानमन्त्रीहरूबाट जे भएको छ, त्यो ठिक हैन। सत्तामा रहेर राज्यकोषबाट बजेट विनियोजन गर्नु त पदकै जिम्मेवारी हो नि। तर, त्यसलाई आफ्नै घर-जग्गा बेचेर गरेको त्यागझैं चित्रित गर्नु हास्यास्पद मात्र होइन, लाजमर्दो पनि हो,' उनले भने, 'उहाँहरूले चाहनुहुन्छ भने त मूलपानी मैदान किन समयमै नसकेको ? त्यसतर्फ त कसैले पनि ध्यान दिनुभएन नि !'

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०५७ मै विराटनगर महानगरपालिका- १९, बैजनाथपुरमा क्रिकेट र फुटबलसहित अन्य खेलको कम्प्लेक्स बनाउने आश्वासन दिएका थिए। सोही वर्ष ८५ लाखमा १६ बिघा ९ कट्ठा जग्गा खरिद गरेर क्रिकेट रंगशाला निर्माण थालिएको थियो। तर, २५ वर्षसम्म मैदानको सामान्य घेराबन्दी र एउटा सानो खुला दर्शक प्यारापिटबाहेक केही बनेको छैन।

धेरै होडबाजी हामीले गरिराख्न पर्दैन

● **तेजुलाल चौधरी**, पूर्वखेलकुदमन्त्री

म खेलकुदमन्त्री हुँदा राष्ट्रिय गौरवको आयोजनाका लागि अर्थ मन्त्रालयसँग बजेट मागेको थिएँ। तर, दिएनन्। प्रधानमन्त्री र अर्थमन्त्रीमा बजेट नै नदिने प्रवृत्ति देखियो। बहुवर्षीय योजनाका लागि राष्ट्रिय योजना आयोगबाट पनि सिफारिस भएको थियो। मूलपानीका लागि पाँच अर्ब र विराटनगरको रंगशालाका लागि तीन अर्ब माग गरेका थियौं, तर बजेट नै दिएनन्। स्वीकृति नै नदिएपछि कसरी काम हुन्छ ?

जनचाहनाअनुसार बनेको पूर्वाधार हो

● **विराजभक्त श्रेष्ठ**, पूर्वखेलकुदमन्त्री

सरकारले बनाएका पूर्वाधारमा जस लिने होडबाजी गर्नु व्यर्थ छ। यो आवश्यकता, जनचाहना र प्राथमिकताअनुसार बनेको हो। कुनै एक व्यक्तिले बनाएको होइन। मै मन्त्री हुँदा त्रिविमा फ्लड लाइट जडान र स्कोर बोर्ड जोड्ने प्रक्रिया बढेको थियो। सबैभन्दा ठुलो भूमिका क्यान र राखेपकै छ।

मूलपानी मैदान किन समयमै नसकेको त ?

● **युवराज लामा**, पूर्वसदस्यसचिव, राखेप

पछिल्ला दिनहरूमा गरिएका प्रचार हेर्दा मैदान निर्माणलाई व्यक्तिगत उपलब्धिजस्तै दाबी गर्ने प्रवृत्ति देखिएको छ। पूर्वप्रधानमन्त्रीहरूबाट जे भएको छ, त्यो ठिक होइन। सत्तामा रहेर राज्यकोषबाट बजेट विनियोजन गर्नु त पदकै जिम्मेवारी हो नि। तर, त्यसलाई आफ्नै घर-जग्गा बेचेर गरेको त्यागझैं चित्रित गर्नु हास्यास्पद मात्र होइन, लाजमर्दो पनि हो। यस्तै तर्क गर्ने हो भने उहाँहरूले मुलपानी मैदान किन समयमै नसकेको त ? त्यसतर्फ त कसैले पनि ध्यान दिनुभएन नि !

ओलीकै पहलकदमीले फ्लड लाइट बल्यो

● **ध्रुव आचार्य**, उपाध्यक्ष, राखेप

निवर्तमान प्रधानमन्त्री केपी ओलीको पहलकदमीले त्रिवि मैदानमा फ्लड लाइट बलेको हो। होडबाजीको कुरा होइन, काम ओली सरकारबाटै भएको हो। यसलाई सबैले स्वागत गर्नैपर्छ। मूलपानी पनि अहिले अभ्यास गर्ने थलोका रूपमा विस्तार भएको छ, चाँडै नै पूरा हुन्छ। तर, आजको आवश्यकता त्रिवि रंगशाला नै हो।

०८० मा तत्कालीन प्रचण्ड सरकारले मूलपानी र गौतम बुद्धसँगै गिरिजाप्रसाद कोइराला रंगशालालाई पनि राष्ट्रिय गौरवको आयोजनामा समेट्ने निर्णय गर्‍यो। तर, त्यसयता पनि कुनै भौतिक प्रगति छैन। जबकि राष्ट्रिय गौरवअन्तर्गत लैजाँदा १० हजार सिट क्षमताको अन्तर्राष्ट्रिय रंगशाला र पाँच हजार क्षमताको एथलेटिक्स ट्र्याक, फुटबल र रक्बी रंगशालाको अवधारणा अघि सारिएको थियो। दुई अर्ब ८० करोड लागत प्रस्ताव गरिए पनि मैदान समथर बनाउनेसम्म काम भएको छैन, भवन त झन् कसरी बनून्। रंगशालामा बिजुली छैन, जडान गरिएको सोलार बत्ती पनि बल्दैनन्।

०७३ मा सातौं राष्ट्रिय खेलकुदका वेला बनाइएका टेनिस कोर्ट र सुटिङ भवनसमेत जीर्ण भइसकेका छन्। त्यति वेला क्रिकेट, सफ्ट टेनिस र सुटिङ खेलको अस्थायी पूर्वाधार बनाएर खेल खेलाइएको थियो। ६० लाख लागतमा क्रिकेटका लागि घाँसे मैदान तयार गरिएको थियो। त्यस्तै, ४० लाखको लागतमा सुटिङ भवन बनाइएको थियो। अलपत्र रंगशालाको हेरालुका रूपमा एक दम्पती खटिएका छन्। गौरवको आयोजनामा समेटनुअघि प्रदेश सरकारले क्रिकेट पिच बनाउन ३० लाख बजेट विनियोजन गरेको थियो। तर, खाल्टोमा माटो पुरेर बजेट सकाएको थियो।

मोरङ खेलकुद विकास समितिका सदस्यसचिव विनोदराजन पोखरेल राष्ट्रिय गौरवको आयोजनामा परेपछि रंगशाला राष्ट्रिय खेलकुद परिषद्ले नै हेरिरहेको बताउँछन्। जिल्लाले राखेपको निर्देशनमा मात्र हेरालुमार्फत अवस्था बुझ्ने र रंगशाला हेर्न आउनेलाई भ्रमण गराइदिने काम गर्दै आएको पोखरेलको भनाइ छ। 'गौरवको आयोजना भएकाले सबै संघले नै हेर्ने गरेको छ। कति बजेट परेको छ र कुन संरचना कहिलेसम्म निर्माण हुन्छन् भन्ने जानकारी हामीलाई छैन, हामी त सुरक्षाको अवस्था बुझिदिने मात्रै हो,' उनले भने।

क्रिकेट संघ मोरङका अध्यक्ष मोहम्मद कुरैसीले पनि आफूसँग कसैले समन्वय नगर्ने भएकाले रंगशालाबारे कुनै जानकारी नभएको बताए। 'क्यान मोरङलाई वेला-वेला जिल्ला खेलकुदसँग समन्वय गरेर क्रिकेट प्रतियोगिता गराउनेबाहेक अरू केही जानकारी छैन,' उनले भने। त्यस्तै, मोरङ खेलकुद परिषद्का क्रिकेट प्रशिक्षक महेश रिजालले हिउँदमा प्रतियोगिता आयोजना हुँदा सरसफाइ गरेर खेल खेलाउने गरिएको बताए। चालू आवमा पाँच करोड विनियोजन भएको सुन्नमा आए पनि औपचारिक जानकारी नपाएको उनको भनाइ छ।

तत्कालीन समयमा अन्तर्राष्ट्रियस्तरको पिच त्रिवि क्रिकेट मैदानमा मात्रै रहेकाले खेलाडीले राजधानीमै निर्माणाधीन मूलपानी क्रिकेट रंगशाला छिटो बनोस् भन्ने आशा पालेका थिए। अभ्यास खेलका लागि मैदान अभाव झेल्दै आएका खेलाडीका लागि काठमाडौंमै अन्तर्राष्ट्रियस्तरको रंगशाला अत्यावश्यक थियो, अहिले पनि छ। तर, ०६० मै अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को परियोजनाअन्तर्गत बन्न सुरु भएको मूलपानी क्रिकेट रंगशाला २२ वर्षसम्म पनि अझै पूर्ण भएको छैन।

तत्कालीन मूलपानी गाविसले वडा नं. ८ स्थित लगभग ४०० रोपनी खाली जग्गा सरकारलाई उपलब्ध गराएको थियो। उक्त जग्गा हस्तान्तरणको तीन वर्षपछि क्रिकेट मैदान निर्माण थालिएको थियो। तर, मुआब्जालगायत विवाद निस्किएपछि काम अघि बढ्न सकेन। मुआब्जा विवाद टुंग्याउनै १८ वर्ष लाग्यो, अर्थात् चार वर्षयता मुआब्जाको समस्या छैन।

मूलपानीमा तल्लो र माथिल्लो गरी दुई रंगशाला छन्। क्यानलाई जिम्मा दिएको माथिल्लो रंगशाला तयार भएर अन्तर्राष्ट्रियस्तरको मान्यता पाइसके पनि सरकारले जिम्मा लिएको तल्लो रंगशाला भने अलपत्र छ। माथिल्लो रंगशालामा क्रिकेट पिच र क्यानको मुख्यालय छ, जहाँ अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता पनि भइसकेका छन्। तर, फ्लड लाइट र दुई भिआइपी टावरसहितको प्यारापिट बनाउने गुरुयोजना रहेको तल्लो रंगशाला अलपत्र छ। सरकारले एक भिआइपी टावर (तीन तलाको) तथा दुईतर्फको प्यारापिट ब्लक थपेको छ। मैदानको पूर्वी पश्चिम र उत्तरतर्फको प्यारापिट बनेको छ। पिच पनि तयार छ। केही वर्षयता यहाँ खेलाडीले अभ्यास गर्छन् भने राष्ट्रियस्तरका प्रतियोगिता पनि हुने गरेको छ। पछिल्लोपटक भने क्यानले यू-१९ विश्वकप छनोट प्रतियोगिता नै मूलपानीमा आयोजना गर्‍यो। तर, यो रंगशालाले अन्तर्राष्ट्रिय मान्यता पाएको छैन। तल्लो रंगशालाको दक्षिणतर्फ रहेको सडक, पानी र बिजुलीको लाइन हटाउन नसक्दा मैदानको बाँकी काम हुन सकेको छैन। मुख्य विवाद भनेकै दुई मैदान बिचको सडक हो। त्यो सडक, ढल, पानीको पाइप र बिजुली सार्न सरकारले नै ध्यान नदिँदा मैदानले पूर्णता पाउन सकेको छैन।

२२ वर्षसम्म एउटा क्रिकेट मैदान पूर्ण नहुँदा पनि राखेपका उपाध्यक्ष ध्रुव आचार्य विस्तारै पूर्णता पाउने जवाफ दिन्छन्। 'विकासको क्रम क्रमिक रूपमा हुँदै छ। मूलपानी अहिले अभ्यास गर्ने थलोको रूपमा विस्तार भएको छ,' एमालेनिकट मदन भण्डारी स्पोर्टस् एकेडेमीका अध्यक्षसमेत रहेका आचार्यले भने, 'आजको आवश्यकता टियू हो। मूलपानी कानुनी प्रक्रियाअनुसार चलिरहेको छ। यो पनि चाँडै पूरा हुन्छ।'

त्यस्तै, ०७५ मा धुर्मुस-सुन्तली फाउन्डेसनले निर्माण सुरु गरे पनि अगाडि बढाउन नसकेपछि सरकारले जिम्मा लिएको भरतपुर महानगरपालिका- १५, रामपुरमा निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाले पनि अपेक्षाकृत गति लिन सकेको छैन। यसपालि त संघ सरकारले बजेट नै विनियोजन गरेको छैन।

२२ पुस ०८३ भित्र निर्माण सक्ने गरी हिमालयन-कालिञ्चोक-बिबिआर जेभीसँग २३ असार ०८१ मा सम्झौता भएको थियो। समयावधि दुईतिहाइ सकिँदा निर्माण भने ४५ प्रतिशत मात्रै सकिएको छ। यो फाउन्डेसनले गरेका कामबाहेकको हिसाब हो। ०८० पुसमा मन्त्रिपरिषद्ले बागमती प्रदेश सरकारसँगको साझेदारीमा भरतपुर महानगरपालिकालाई निर्माणको जिम्मा दिएको थियो। प्रदेश सरकारले ७० र महानगरले ३० प्रतिशत आर्थिक भार व्यहोर्नुपर्ने सहमति गरेका छन्। रंगशाला बनाउन महानगरलाई गत वर्ष संघ सरकारले २५ करोड विनियोजन गरेकामा यसपालि कत्ति पनि बजेट दिएको छैन। गत वर्ष महानगरले संघबाट गएको १७ करोड खर्च भएको थियो।

भरतपुर महानगरका डिभिजनल इन्जिनियर सन्तोष आचार्य निर्माण कम्पनीले दुईवटा टावरको ढलाइ र रंगशाला पश्चिमतर्फको प्यारापिटको ढलाइको काम सकाएको छ। पूर्वतर्फको प्यारापिटको तीन भागमध्ये एक भागको ढलाइको काम भइरहेको छ। रंगशालामा मैदानसहित पाँचवटा पिच, तीन/तीन तलाका दुईवटा टावर, १० हजार क्षमताको प्यारापिटलगायत निर्माण गर्नुपर्ने उनले बताए। यसको निर्माण लागत ७८ करोड ५० लाख ९१ हजार छ। अघिल्लो आर्थिक वर्षमा काम केही सुस्त भए पनि यसपालि तीव्र गतिमा भइरहेको आचार्य बताउँछन्।

'गत वर्षभन्दा यस वर्ष रंगशालाको निर्माण कार्यले तीव्रता पाएको छ। निर्माण कम्पनीले तोकिएको समयमै काम सक्ने गरी काम गरिरहेको छ,' उनले भने। सरकारमातहत ल्याउनुअघि फाउन्डेसनले दुईवटा प्यारापिटको फाउन्डेसन र प्यारापिटका २८५ पिलरको बेसिक काम सकिएको थियो। त्यस्तै, दुईवटा टावरमध्ये एउटा टावरको बेसको काम र चौर सम्याउने काम गरेको थियो। तर, १८ करोड ४३ लाख उधारो देखाउँदै फाउन्डेसनले २ पुस ०७८ हात उठाएको थियो। त्यसपछि महानगरले जिम्मा लिएको थियो। फाउन्डेसनले उधारोमा लिएका सामानको भुक्तानी अहिलेसम्म भएको छैन।

महानगरले जिम्मा लिएपछि भने धुर्मस सुन्तली फाउन्डेसनले निर्माण गरेका भौतिक संरचनाको प्रविधिक परीक्षणपछि टावर निर्माण, प्यारापिट निर्माण र त्यसको ढलान गर्ने काम भइरहेको छ। त्यस्तै, चौरको लेभलिङ र प्राविधिक परीक्षणलगायतका काम पनि भएको अवस्था छ।

त्रिभुवन विश्वविद्यालय, पुल्चोक इन्जिनियरिङ कलेजको मूल्यांकनअनुसार फाउन्डेसनले ५९ करोड ९० लाखको काम गरेको थियो। फाउन्डेसनले तीन अर्ब ५५ करोड लागतमा निर्माण सक्ने लक्ष्य लिएको थियो। फाउन्डेसनले हात उठाएपछि मन्त्रिपरिषद्को ०७९ चैतको बैठकले सरकारी बजेटमा रंगशाला निर्माण गर्ने निर्णय गरेको थियो। नेपाल दोस्रोपटक टी-२० विश्वकप क्रिकेटमा पुगेपछि २३ कात्तिक ०८० को मन्त्रिपरिषद्ले तीनवटा क्रिकेट रंगशालालाई गौरवको आयोजना घोषणा गर्दा गौतम बुद्ध पनि समावेश गरिएको थियो।

इन्जिनियर आचार्यका अनुसार बागमती प्रदेश सरकारले रंगशाला निर्माणका लागि १७ करोड महानगरपालिकालाई निकासा गरिसकेको छ। चालू आर्थिक वर्षका लागि पनि प्रदेश सरकारले नौ करोड विनियोजन गरेको छ। महानगरले भने रंगशाला निर्माणका लागि चालू आवमा चार करोड विनियोजन गरेकोमा दुई करोड निकासा भइसकेको इन्जिनियर आचार्यले बताए।

मोटरसाइकल हरायो

मिति २०८२/०६/११ गते अन्दाजी १९:३० बजेको समयमा का.जि. का.म.न.पा.-१६, बाईपासमा पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो निलो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : पदम बहादुर राई
मो.सा.नं.: बा.प्र.०२-०५६ प ०८५९
चेसिस नं.: MD2A13EX5SCK80132
इन्जिन नं.: DKXCSK04862
सम्पर्क न.: 9813859141

Qatar मा रोजगार Al Ali Engineering Contracting And Trading


पुर्व स्वीकृती मितिः २०८२/८/७ चलानी नं. ६०२४७६८२ LT No.: 333888

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Carpenter	26	0	[illegible]	1100	४३,२१५।-	[illegible]	[illegible]	[illegible]	[illegible]	छ	छ	[illegible]
२.	Mason	25	0	[illegible]	1100	४३,२१५।-	[illegible]	[illegible]	[illegible]	[illegible]	छ	छ	[illegible]

अन्तरवार्ता २०८२ मंसिर १५ गते (1 Dec., 2025) यस प्रा. लि. को कार्यालय गौशाला काठमाडौंमा हुनेछ।

POWER EMPLOYMENT PVT. LTD.
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com
Lic. No.: 1194/073/074

भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. २००१/१२/१८
स्व. तेज बहादुर चन्द
स्वर्गारोहणः वि.सं. २०८२/०६/२५

नेपाल निर्माण व्यवसायी महासंघका पूर्व सल्लाहकार, पूर्व उपाध्यक्ष तथा सुदूरपश्चिम प्रदेश निर्माण व्यवसायी महासंघका पूर्व अध्यक्ष एवम् निर्माण व्यवसायी संघ कैलाली सदस्य उदयदेव निर्माण सेवाका संचालक तेज बहादुर चन्दको असामयिक स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।

रवि सिंह
अध्यक्ष, एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
अनामनगर, काठमाडौं

मतदाता...

पृष्ठ १ बाट क्रमशः

मात्रै मतदाता बन्न आवेदन दिएको छ। आयोगका अनुसार निर्वाचन कार्यालयमै गएर बायोमेट्रिक दिई मतदाता नामावली दर्ता गराउने तीन लाख ४४ हजार नौ सय १४ मात्रै छ। २७ कात्तिकदेखि ५ मंसिरसम्म खुला गरिएको राष्ट्रिय परिचयपत्रको बायोमेट्रिकका आधारमा चार लाख ९२ हजार एक सय ८० ले दर्ता आवेदन दिएका छन्। निर्वाचन आयोगका पदाधिकारीहरू सहरी क्षेत्र र विदेशमा रहेका नेपालीले मतदाता नामावलीमा नाम दर्ता गराउन आवेदन दिएको, तर ग्रामीण क्षेत्रको खासै उपस्थिति नदेखिएको निष्कर्षमा पुगेका छन्। राष्ट्रिय परिचयपत्रका आधारमा आएका आवेदनमध्ये अधिकांश विदेशबाटै आएको उनको भनाइ छ। 'अझै एक साता एनआइडीबाट गर्न पाइएको भए १५ लाख जति पुग्थ्यो,' उनी भन्छन्। यसअघि १६ कात्तिकसम्म एक करोड ८१ लाख ६८ हजार दुई सय ३० मतदाता थिए।

त्यस्तै, निर्वाचन आयोगले आइतबार सत्यवान कुमार सिंहको स्वाभिमान पार्टी, खगेन्द्र सुनारको हाम्रो पार्टी नेपाल, रत्नप्रसाद श्रेष्ठको नागरिक सर्वोच्चता पार्टी नेपाल दर्ता गरेको छ।

त्रिवि दीक्षान्त समारोह सधैँ भद्रगोल, बर्सेनि विद्यार्थी सहभागिता घट्दो

यसपटक ८० हजार विद्यार्थी उत्तीर्ण, तर साढे १८ हजार मात्र दीक्षान्त समारोहमा सहभागी हुँदै

● **प्रा.डा. दीपक अर्याल**
उपकुलपति, त्रिभुवन विश्व विद्यालय



धेरैले भाग नै नलिने गरेको पाइन्छ, दीक्षान्तको महत्त्व देखाउन नसकेर पनि हो, अव्यवस्थित भएर पनि होला, यसबारेमा हामी गम्भीर छौं । त्यसैले आगामी दिनमा ध्यान दिएर व्यवस्थित गर्नतिर लाग्छौं ।



शिवहरि घिमिरे / नयाँ पत्रिका

देशकै ठुलो त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोह बर्सेनि अव्यवस्थित र भद्रगोल हुने गरेको छ । जसकारण दीक्षान्त समारोहमा सहभागी हुनेको संख्या घट्दोक्रममा रहेको छ । गत वर्ष त्रिवि सिनेटले दीक्षान्त समारोह वर्षमा दुईपटक गर्ने नीति तथा कार्यक्रम पास गरेको थियो । तर, त्यो विषय अझै कार्यान्वयनमा आउन सकेको छ । यस वर्षको नीति तथा कार्यक्रममा दीक्षान्तको विषय नै समेटिएन । जसले गर्दा यस वर्षको दीक्षान्त समारोह पनि भद्रगोल हुने परिस्थिति बन्दै छ ।

एकैसाथ सबै संकाय र तहको दीक्षान्त समारोह हुँदा सर्टिफिकेट लिने र दीक्षान्तमा भाग लिने विद्यार्थीहरूलाई कठिन हुने गरेको छ । त्रिविमा सबैभन्दा बढी स्नातक तहका विद्यार्थीहरूले दीक्षित हुन फाराम भर्छन् । त्यसमध्ये सबैभन्दा बढी व्यवस्थापन संकायका विद्यार्थी हुन्छन् । तर, मिहिनेत गरे पढेका विद्यार्थीहरूले शैक्षिक प्रमाणपत्र र पदक प्राप्त गर्ने वेला भने हैरानी खेप्दै आइरहेका छन् । त्रिविले स्नातक तह, स्नातकोत्तर तह, एमफिल/पिएचडी तहका विद्यार्थीलाई एकैसाथ दीक्षान्त समारोहमा सहभागी गराउँदै आएको छ । विद्यार्थी संख्या अत्यधिक हुने भएकाले हरेक वर्ष त्रिविले त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा दीक्षान्त समारोह आयोजना गर्दै आएको छ ।

यो वर्ष त्रिविमा ८० हजार विद्यार्थी उत्तीर्ण भएका थिए । तर, आगामी १० पुसमा हुने दीक्षान्त समारोहमा भाग लिन १८ हजार पाँच सयले मात्रै फाराम भरेका छन् । यस्तो हुनुको मुख्य कारण दीक्षान्त समारोह अव्यवस्थित हुनु हो । उपकुलपति प्रा.डा. दीपक अर्यालले दीक्षान्त समारोहमा भाग लिने विद्यार्थीको संख्या निकै कम रहेको जानकारी दिँदै यसतर्फ आकर्षण बढाउन समारोह व्यवस्थित बनाउनतर्फ लागिने बताए । 'धेरैले भाग नै नलिने गरेको पाइन्छ, दीक्षान्तको महत्त्व देखाउन नसकेर पनि हो, अव्यवस्थित भएर पनि होला, यसबारेमा हामी गम्भीर छौं । त्यसैले आगामी दिनमा ध्यान दिएर व्यवस्थित गर्नतिर लाग्छौं,' उनले भने ।

विद्यार्थीहरू दीक्षित हुन आउँदा आफन्तसमेत लिएर आउने चलन छ । समारोहमा तीनजनासम्म आफन्त ल्याउन पाइने नियम छ । सानो ठाउँमा ठुलो संख्यामा विद्यार्थी र अभिभावक उपस्थित हुने भएकाले पनि दशरथ रंगशाला क्षेत्र र आसपासका सडक अस्तव्यस्त बन्ने गरेका छन् । हजारौं विद्यार्थीहरूलाई एकैपटक दीक्षित गराउँदा कार्यक्रम नै भद्रगोल हुने गरेको गुनासो विद्यार्थीहरूको छ ।

'यसरी हरेक वर्ष एकै ठाउँमा विद्यार्थीलाई कोचेर दीक्षान्त समारोह गर्नु राम्रो भएन, कि त दुई चरणमा यस्तो समारोह हुनुपर्छ, कि त अझै ठुलो ठाउँमा गरिनुपर्छ,' त्रिविमा व्यवस्थापन संकायमा स्नातकोत्तर सकेर दीक्षान्त समारोहमा भाग लिने तयारी गरिरहेका सन्दीप बस्नेतले भने, 'एकै चरणमा दीक्षान्त समारोह गर्दा भिडभाड त हुने नै भयो ।'

शिक्षामन्त्री महावीर पुन भन्छन्- दीक्षान्त समारोह व्यवस्थित गर्न अनुरोध गर्छु



त्रिवि सहकुलपतिसमेत रहेको शिक्षामन्त्री महावीर पुनले दीक्षान्त समारोह नजिकिए पनि आफूलाई त्यसबारे थाहा नभएको बताए । उनले त्रिविले केही दिनपछि सिनेट बैठकसमेत राखेकाले त्यसवेला दीक्षान्त समारोह व्यवस्थित गर्न अनुरोध गर्ने बताए । 'त्रिविले दीक्षान्त समारोह गर्नेबारे अझै मलाई औपचारिक रूपमा जानकारी आएको छैन, उनीहरू कसरी दीक्षान्त समारोह गर्दै छन् थाहा छैन, यसबारेमा मलाई त्यहाँको टिमले जानकारी नै गराएको छैन । अब सिनेटमा यो कुरा पनि उठ्ला,' उनले भने, 'दीक्षान्त समारोह अलि व्यवस्थित गर्न भनी म त्रिविलाई भन्छु, विदेशतिर ६-६ महिनामा कन्भोकेसन हुन्छ, हामीकहाँ किन यस्तो हुन्छ सिनेटमा सोधौंला । दीक्षान्त समारोहको कार्यक्रम त्रिविले आयोजना गर्ने हो, त्यसैले कतिजना विद्यार्थी सहभागी हुँदै छन्, कहिले हुन्छ, कसरी हुन्छ भन्नेबारेमा सोध्छु र व्यवस्थित गर्न भन्छु ।

त्रिवि उपकुलपति अर्यालले गत वर्षको नीति तथा कार्यक्रममा दुई चरणमा दीक्षान्त समारोह कार्यक्रम गर्ने भनेर समेटिए पनि यो वर्ष त्यो विषय छुटेको जानकारी दिए । उनले दुई चरणमा दीक्षान्त समारोह गर्दा झन् अस्तव्यस्त हुने भन्दै एकै चरणमा गर्नुपर्ने बताए । 'त्रिविको दीक्षान्त समारोहमा धेरै विद्यार्थी हुन्छन्, तर त्यसो भन्दैमा पटक-पटक दीक्षान्त समारोह आयोजना गर्न सकिँदैन, बढी खर्च हुन्छ,' उनले भने, 'प्रदेश प्रदेशमा गर्ने हो भने पनि बढी खर्च हुन्छ, किनभने दीक्षान्त समारोहमा सिनेट टिम सहभागी हुनैपर्छ, अझ प्रधानमन्त्रीसहितको उपस्थिति हुनुपर्छ, त्यसैले दुई-तीन चरणमा गर्न सम्भव हुँदैन, आर्थिक भार पर्छ ।' अर्यालका अनुसार एकै चरणमा दीक्षान्त समारोह आयोजना गर्दा १० लाखभन्दा बढी खर्च हुने गरेको छ ।

यसपटकको दीक्षान्त भाषण गर्न नोबेल पुरस्कार पाउने वैज्ञानिकलाई बोलाउने तयारी गरिएको छ । जापानको टोकियो युनिभर्सिटीका प्रोफेसरलाई निमन्त्रणा गरिसकेको उपकुलपति अर्यालले जानकारी दिए । उनका अनुसार त्रिविको इतिहासमै नोबेल पुरस्कार पाउने प्रोफेसर बोलाउन लागिएको यो पहिलो रेकर्ड हो ।

जुलुसै-जुलुसले हैरान त्रिवि

त्रिविमा पछिल्लो समय नारा, जुलुस र धर्नाका कार्यक्रमले समेत पठनपाठनमा असर पारेको छ । त्रिवि पदाधिकारीहरूलाई कार्यालय आउजाउमा समेत अवरोध हुने गरेको छ । करिब एक हजार ६ सय प्राध्यापक र कर्मचारी स्थायित्वको माग राख्दै एक सातादेखि धर्ना दिइरहेका छन् । उनीहरूले उपकुलपति, रेक्टर, रजिस्ट्रारलगायतलाई कार्यालयमा समेत जान अवरोध गर्ने गरेका छन् । 'अहिले त्रिविमा जुलुसैजुलुस छ, ढुक्कले काम गर्न सकिने अवस्था छैन, करार सेवाका कर्मचारीहरूले आन्दोलन जारी राखेका छन्, उनीहरू कुर्दौलाझैं गरेर बाटो छेकेर आन्दोलन गरिरहेका छन्, तर हामीसँग समाधान छैन,' उपकुलपति प्रा.डा. अर्यालले भने, 'हिजो भर्खर चिकित्सा अध्ययन संस्थानको समस्या समाधान भयो । त्यहाँ विद्यार्थीहरू पनि धर्नामा थिए, अर्को मुख्य समस्या कराराका कर्मचारीको धर्ना र आन्दोलन हो । अझ यस क्षेत्रका बासिन्दाहरूले पुरानो सम्झौता कार्यान्वयन गर्नुपर्‍यो भनेर फेरि आन्दोलन गरिरहेका छन्, आन्दोलन हेर्ने कि प्राज्ञिक काम हेर्ने तनाव छ ।' धर्ना र जुलुसका कारण दीक्षान्त समारोहको तयारी गर्नसमेत बाधा पुगेको उनले जानकारी दिए ।

जसपामा फुट

राजेन्द्र श्रेष्ठसहित ६ नेता नेकपा प्रवेश गर्ने

नयाँ पत्रिका



अशोककुमार राई



राजेन्द्र श्रेष्ठ

गठन भएको डेढ वर्षमा जसपामा विभाजन आएको छ । ०८१ वैशाखमा उपेन्द्र यादव नेतृत्वको जसपा नेपालबाट विभाजित भएर तत्कालीन संघीय परिषद् अध्यक्ष अशोक राईको नेतृत्वमा जसपा गठन भएको हो । अहिले फेरि संघीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठसहित ६ जना केन्द्रीय कार्यकारिणी समिति सदस्यहरूले जसपा परित्याग गरी नेपाली कम्युनिस्ट पार्टीसँग एकीकरण र ध्रुवीकरणको दिशामा अघि बढ्ने घोषणा गरेका छन् ।

श्रेष्ठसहित केन्द्रीय समिति उपाध्यक्षहरू रणध्वज लिम्बू (कन्दङ्वा) र परशुराम बस्नेत, केन्द्रीय सल्लाहकार समिति अध्यक्ष दुर्गामणि देवान, केन्द्रीय विज्ञ परिषद् अध्यक्ष डा. पुष्पराज राजकर्णिकार र केन्द्रीय अनुशासन आयोग अध्यक्ष कृष्णबहादुर घजू नेकपामा समाहित हुँदै छन् ।

उनीहरूले पार्टीको जिम्मेवारीबाट अलग भएको घोषणा गर्दै पार्टी कार्यालयमा पत्र दर्ता गरेका छन् । 'अतः हामी तपसिलका केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरू जनता समाजवादी पार्टीका आ-आफ्ना पदीय जिम्मेवारीबाट अलग हुँदै विभिन्न पार्टीहरू एकताबद्ध भई बनेको नेपाली कम्युनिस्ट पार्टीसँग एकीकरण र ध्रुवीकरणको दिशामा अगाडि बढ्ने व्यहोरा जानकारीका लागि अनुरोध छ,' उनीहरूले भनेका छन् ।

केन्द्रीय समिति बैठकले देशको समग्र परिस्थिति र पार्टीको अवस्था विश्लेषण गरी नीति, सिद्धान्त तथा माग मुद्दा मिल्ने राजनीतिक दलसँग एकीकरण, मोर्चा र तालमेल गर्नेलगायतका विषयमा वार्ता गरेर निर्णय लिन केन्द्रीय कार्यकारिणी समितिलाई अधिकार प्रत्यायोजन गरेको थियो । उक्त कार्यका लागि यथाशीघ्र कार्यकारिणी समितिको बैठक बोलाउनुपर्नेमा २ मंसिरमा बसेको केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समितिबाट समेत सहमति गरी संघीय परिषद् अध्यक्ष श्रेष्ठ संयोजक रहेको वार्ता समितिलाई नेपाली कम्युनिस्ट पार्टीसँग एकता वार्ता गर्न जिम्मेवारी दिएको थियो ।

पार्टीले कार्यदल गठन गरेर वार्तामा पठाए पनि कार्यदलको तर्फबाट रिपोर्ट पेस गर्न बैठक नबोलाएको आरोप श्रेष्ठसहितका नेताहरूको छ ।

उपमहासचिव प्रदीप यादवले नेकपासँग मोर्चा बनाएर जान सकिने, तर तत्काल एकता नगर्ने निर्णय पार्टीको रहेको बताए । 'व्यक्ति जाने हो भने कसले रोक्न सक्छ र ? जसपाको निर्णय नेपाली कम्युनिस्ट पार्टीसँग अहिले एकता गर्ने वेला भइसकेको छैन, मोर्चा बनाएर जाऔं भन्ने हो । बरु एकल चुनाव चिह्न लिएर निर्वाचनमा जान सकिन्छ भन्ने हाम्रो निर्णय हो,' उनले भने ।

उनका अनुसार आइतबार पनि जसपाको सचिवालय बैठक बसेको छ । बैठकमा अध्यक्ष राईले जानेलाई रोक्न नसकिने बताए । 'साथीहरूले मान्नुहुन्न भने जान दिनुस्, अहिले एकता गरेर जान सकिन्नँ । मोर्चा बनाएर जाऔं भनेकै हो । एकल चुनाव चिह्नमा पनि जान सकिन्छ पनि भनेकै हो,' राईको भनाई उद्धृत गर्दै यादवले भने ।

नेकपा र राजेन्द्र श्रेष्ठ नेतृत्वको वार्ता टोलीबिच पार्टी एकताको सैद्धान्तिक सहमति भइसकेको छ । नेकपाको केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको कार्यदल बैठकमा एकताको सहमति भएको नेताहरूले बताएका छन् ।

● जसपा, उन्मुक्ति र राष्ट्रिय मुक्तिबिच चुनाव चिह्न 'जाँतो'मा सहमति

जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय मुक्ति पार्टीबिच आगामी निर्वाचनमा एकल चुनाव चिह्नमा चुनाव लड्ने सहमति भएको छ । एकल चुनाव चिह्नको रूपमा हाल नागरिक उन्मुक्ति पार्टीको कायम रहेको जाँतो (चकिया) चुनाव चिह्न प्रयोग गर्ने सहमति भएको राष्ट्रिय मुक्ति पार्टीका नेता केशव भण्डारी जानकारी दिए । सहमतिपत्रमा जसपा अध्यक्ष अशोक राई, राष्ट्रिय मुक्तिका अध्यक्ष राजेन्द्र महतो र नागरिक उन्मुक्तिका संरक्षक रेशम चौधरीले हस्ताक्षर गरेका छन् ।

संक्षेप

प्रधानमन्त्रीसँग लिखित जवाफ माग



काठमाडौं / अदालतको अवहेलना मुद्दामा सर्वोच्च अदालतले प्रधानमन्त्री सुशीला कार्कीसँग लिखित जवाफ माग गरेको छ । राजदूत फिर्तासम्बन्धी अदालतको आदेश कार्यान्वयन नगरेको भन्दै दायर भएको अवहेलना मुद्दामा न्यायाधीशद्वय हरिप्रसाद फुयाल र अब्दुलअजज मुसलमानको आइतबारको इजलासले लिखित जवाफ मागेको हो । अधिवक्ताद्वय डा. प्रेमराज सिलवाल र प्रतिमा उप्रेतीले दायर गरेको अवहेलनासम्बन्धी छुट्टाछुट्टै निवेदनमा सर्वोच्चले जवाफ माग गरेको हो । सरकारले गत ३० असोजमा ११ देशका राजदूतलाई पदमुक्त गर्ने निर्णय गरेको थियो । सो निर्णय कार्यान्वयन नगर्न १६ असोजमा सर्वोच्चले अन्तरिम आदेश दिएको थियो । सो आदेशपछि सरकारले उनीहरूलाई पदमुक्त नगरी मन्त्रालयमा फिर्ता बोलाएको थियो । राजदूतबाट नहटाउनू भन्ने सर्वोच्चको आदेश कार्यान्वयन नगरेर अदालतको अवहेलना भएको दाबी गरिएको थियो । यसरी फिर्ता गरिएका सबै राजदूत फर्किएका छन् । केहीले राजीनामा दिइसकेका छन् भने केहीले परराष्ट्र मन्त्रालयमा हाजिर गर्दै आएका छन् ।

६ दिनपछि प्रहरी हिरासतबाट छुटे प्रसाईं



काठमाडौं / सर्वोच्च अदालतको आदेशपछि नागरिक बचाउ महाअभियान नेपालका संयोजक दुर्गा प्रसाईं रिहा भएका छन् । सर्वोच्चका न्यायाधीश डा. नहकुल सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले आइतबार उनलाई थुनामुक्त गर्ने आदेश दिएको हो । प्रसाईंलाई प्रहरीले गत २ मंसिरमा भक्तपुरको मध्यपुरठिमी नगरपालिका- ६ स्थित निवासबाट पक्राउ गरेको थियो । उनीविरुद्ध शान्तिविरुद्धको कसुरअन्तर्गत अनुसन्धान अघि बढाइएको थियो । पक्राउलगत्तै उनको छोरा नस्राजन प्रसाईंले सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन हालेका थिए । सोही रिटमा सर्वोच्चका न्यायाधीश सुवेदी र पौडेलको संयुक्त इजलासले प्रसाईंलाई थुनामुक्त गर्न बन्दी प्रत्यक्षीकरणको आदेश दिएको हो । महाअभियान पक्षधर र सरकारबिच ६ मंसिरमै शान्तिपूर्ण आन्दोलन गर्ने सम्झौता भएकाले प्रसाईंलाई थुनामा राखिरहनुपर्ने औचित्य सकिएको सर्वोच्चको ठहर छ । 'परिवर्तित सन्दर्भमा निवेदकविरुद्धको दाबीको कसुरमा अनुसन्धान तहकिकात गर्नुपर्ने वा सो प्रयोजनका लागि निजलाई हिरासतमा राख्नुपर्ने औचित्यसमेत समाप्त भइसकेको देखिन आएकाले यी निवेदकविरुद्ध जारी पक्राउ पूर्जी तथा म्याद थपलगायतका अनुसन्धानसम्बन्धी सम्पूर्ण कामकारबाही उत्प्रेषणको आदेशले बदर भई निवेदक दुर्गा प्रसाईंलाई गैरकानुनी थुनाबाट तत्काल मुक्त गर्नू भनी विपक्षीहरूको नाउँमा बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ,' आदेशमा भनिएको छ ।

वडाध्यक्षसहित आठजनाविरुद्ध मुद्दा दर्ता

कास्की / पोखरा महानगरपालिका- १ पुरानो टुँडिखेलस्थित राष्ट्रिय माध्यमिक विद्यालयको जग्गा भाडा प्रकरणमा वडाध्यक्षसहित आठजनाविरुद्ध मुद्दा दर्ता गरेको छ । सरकारी/सामुदायिक विद्यालयको जग्गा र भवन कानुनविपरीत निजी बोर्डिङ स्कुललाई भाडामा दिई भ्रष्टाचार गरेको आरोपमा उनीहरूविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर भएको हो । आरोपपत्र दर्ता भएकाहरूमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामविक्रम राणा, पोखरा- १ का वडाध्यक्ष सहारा प्रधान, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू वरुणविक्रम राणा, सोवनाथ भट्टराई, विष्णुमाया लामिछाने र नारायणप्रसाद चापागाईसँगै अञ्जुली बोर्डिङ स्कुलका सञ्चालक राजु केसी, अञ्जुलीकी प्रिन्सिपल सुनिता कुँवर केसी र अञ्जुली बोर्डिङ स्कुल छन् ।

विद्यालयको नाममा पोखरा-१ स्थित कित्ता नं. ३४३ क्षेत्रफल ३७-८-०२ जग्गामा बनेका पूर्वाधार नै प्रयोग प्रचलन गर्ने गरी कानुनी व्यवस्थाविपरीत निजी विद्यालय अञ्जुली आवासीय माध्यमिक विद्यालय (संस्थागत विद्यालय)लाई भाडामा दिई भ्रष्टाचार गरेको आरोपमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, पोखरा- १ का वडाध्यक्षसहित आठजनाविरुद्ध विशेष अदालतमा आइतबार आरोपपत्र दायर गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए । उनीहरूमध्ये वरुणविक्रम, नारायण र विष्णुमायालाई गलत प्रतिवेदन दिएको आरोपमा थप सजाय माग गरिएको छ । तीनजनालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२)बमोजिमको कसुरमा थप कैद र जरिवाना सजाय मागदाबी गरिएको छ । विद्यालयको जग्गा भाडामा दिन २३ भदौ ०८० मा बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले स्थलगत निरीक्षण गरेर प्रतिवेदन पेस गर्न वरुणविक्रम राणाको संयोजकत्वमा विष्णुमाया लामिछाने र नारायणप्रसाद चापागाईं सदस्यहरू रहने गरी समिति गठन गरेको थियो ।

■ 'प्रगतिशील लोकतान्त्रिक पार्टी' गठन

बाबुराम र जनार्दन अभिभावकीय भूमिकामा

नयाँ पत्रिका



पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईको नेसपा (नयाँ शक्ति), जनार्दन शर्माको प्रगतिशील र रास्वपा परित्याग गरेका सन्तोष परियारले 'प्रगतिशील लोकतान्त्रिक पार्टी' गठन गरेका छन् । आइतबार राष्ट्रिय सभा गृहमा नयाँ पार्टी घोषणा गरिएको हो । भट्टराईले नयाँ पार्टीको नाम पढेर घोषणा गरे । पार्टीको चुनाव चिह्न आँखा प्रस्ताव गरिएको छ ।

नयाँ पार्टीमा पाँचजनाको अध्यक्ष परिषद् घोषणा गरिएको छ । जसमा सुदन किराँती, सन्तोष परियार, दुर्गा सोब, अशोक जैसवाल र ओजस्वी भट्टराई छन् । जेन-जीसहित विभिन्न क्षेत्र, समुदाय र वर्गको प्रतिनिधित्व हुने गरी अध्यक्ष परिषद् बनाइएको नेताहरूले बताएका छन् । बाबुराम भट्टराई, जनार्दन शर्मालगायतका नेताहरू भने अभिभावकीय भूमिकामा बस्ने भएका छन् । समावेशी नेतृत्व र सामूहिक भावनामा पार्टी चल्ने घोषणा गरिएको छ ।

एक व्यक्ति एउटा मात्रै कार्यकारी पदमा रहन सक्ने व्यवस्था गरिएको छ । पार्टी घोषणा कार्यक्रममा घोषणापत्र पढेर सुनाउँदै नेता शर्माले पार्टीभित्र एक व्यक्ति एउटा मात्रै कार्यकारी पदमा रहन सक्ने व्यवस्था गरिएको बताए । कार्यकारी पदमा एक व्यक्ति दुई कार्यकालसम्म मात्रै रहन पाउने व्यवस्था गरिएको पनि उनले जानकारी दिए । 'एक व्यक्ति एक कार्यकारी पद, एक व्यक्ति दुई कार्यकाल र फिर्ता बोलाउने व्यवस्थासमेत हुनेछ,' उनले भने । असफल दलहरूले गरेको खराब प्रयोगबाट शिक्षा लिँदै संगठनमा लोकतान्त्रिक अभ्यास गरिने उनले दाबी गरे ।

पार्टीका सबै कमिटी स्वायत्त हुने, आफ्नो नेता तथा प्रतिनिधि छान्ने उम्मेदवार छनोट गर्ने आदि सबै जिम्मेवारी सम्बन्धित कमिटीलाई नै दिइने भएको छ । कमिटीमा जनसंख्या र भूगोलका आधारमा प्रतिनिधित्व र सहभागी गराइने भएको छ । सामूहिक निर्णय र व्यक्तिगत जवाफदेहिता अनिवार्य हुने घोषणा गरिएको छ । पार्टीका सबै सदस्य अध्ययनशील हुनुपर्ने, तामझाम र रवाफिलो जीवनशैलीको खिलाफमा उभिनुपर्ने, प्रविधिको प्रयोगमा अब्बल र नागरिकको साथी बन्नुपर्ने, हरेक सदस्य इतिहासबारे जानकार, वर्तमानबारे जिम्मेवार र भावी पुस्ताप्रति उत्तरदायी बन्नुपर्ने घोषणा गरिएको छ । पार्टीमा संगठन स्वयंसेवक र अभियन्ता स्वयंसेवीसमेत हुनेछन् ।

घोषणासभामा भट्टराईले प्रलोपा जेन-जी आन्दोलनको उपज भएको बताए । 'यो पार्टी भनेको जेन-जी आन्दोलनको उपज हो । र, जेन-जी पुस्ताको पार्टी हो भनेर बुझ्न जरुरी छ,' उनले भने । कम्युनिस्ट पार्टी अघि बढ्न नसक्ने देखेरै आफूले नयाँ वैकल्पिक अभियान सुरु गरेको उनले दाबीसमेत गरे । उनले माओवादी छाडेको नभई माओवादीको कार्यभार पूरा गरेको जिकिर गरे ।

शर्माले नेपालको इतिहासमा योगदान गरेका पार्टीहरूले राज्यसत्तामा पुगेपछि क्रान्तिकारी छवि बचाउन नसक्दा असफल भएको दाबी गरे । पुराना दलले क्रान्तिकारी छवि बचाउन नसक्दा देश चरम भ्रष्टाचार, बेथिति र यथास्थितिमा फसेको बताए । परियारले राष्ट्रिय संकट समाधानका लागि सामूहिक पहल गर्न नयाँ पार्टी आवश्यक परेको बताए ।

कांग्रेसमा मध्यमार्गी सहमतिको प्रयास

काठमाडौं / कांग्रेस सभापति शेरबहादुर देउवानिकट २७ जना केन्द्रीय सदस्यहरूले २१ फागुनको निर्वाचनपछि पनि महाधिवेशन आयोजना गर्न सकिने विकल्प खुला राखेर मध्यमार्गी विकल्पमा सहमतिको प्रयास गरेका छन् । महाधिवेशन मितिमा सहमति नजुट्दा असमझदारी गहिरिँदै गएपछि नेता डा. शेखर कोइरालासँग आइतबार उनको विशालनगरस्थित सम्पर्क कार्यालयमा अलगै भेटेर उनीहरूले त्यस्तो मध्यमार्गी विकल्प प्रस्ताव गरेका हुन् । मंसिरबाटै वडा तहबाट महाधिवेशन सुरु गरी पुस मसान्तभित्र केन्द्रीय महाधिवेशन गर्ने निर्णय गर्ने, तर २१ फागुनमै चुनाव हुने अवस्था बनेमा चुनावपछि मात्र महाधिवेशन गर्ने निर्णय गर्ने विकल्प उनीहरूले कोइरालासमक्ष प्रस्तुत गरेका हुन् ।

कोइरालाले आफू सो प्रस्तावप्रति सकारात्मक रहेको भन्दै शीर्ष नेताहरू र पूर्वपदाधिकारीहरूसँग छलफल गरेर सहमति जुटाउन सक्रिय बन्ने बताएको भेटवार्तामा सहभागी नेताहरूले जानकारी दिए । 'विशेष अधिवेशन पक्षधर साथीहरूलाई विश्वासमा लिएर नियमित अधिवेशन गर्ने, पार्टी एकता बचाएर संगठनलाई मजबुत कसरी बनाउने विषयमा तपाईंले भूमिका खेल्नुस् भनेर हामीले उहाँलाई ध्यानाकर्षण गरायौं,' भेटमा सहभागी केन्द्रीय सदस्य डा. पुष्पा भुसालले नयाँ पत्रिकासँग भनिन्, 'मंसिरमै सुरु गरेर पुस मसान्तभित्र राष्ट्रिय महाधिवेशन गर्ने, तर चुनाव फागुनमै हुने भयो भने पार्टी चुनावमै केन्द्रित हुने समझदारीसहित महाधिवेशनको मिति पछि सार्ने प्रस्तावमा निर्णय गर्दा उपयुक्त हुने सुझाव दियौं, उहाँले पनि म सकारात्मक छु, कोसिस गर्छु भन्ने जवाफ दिनुभएको छ ।' उनले अन्य नेताहरूसँग पनि यही मध्यमार्गी प्रस्ताव लिएर निरन्तर कुराकानी भइरहेको जानकारी दिइन् ।

१९ करोड लागतमा भवन बन्यो तर बजेट नहुँदा अस्पताल सञ्चालनमा अन्योल

धनगढीमा **तेजराज भट्ट**

कैलालीको कैलारी गाउँपालिका-५, बैजपुरमा विशेषज्ञ सेवासहित १५ शय्याको आधारभूत अस्पताल सञ्चालन गर्न नौ महिनाअघि भवन निर्माण गरिएको थियो । तर, अहिलेसम्म पनि अस्पताल सञ्चालन हुन सकेको छैन । संघीय सरकारको १९ करोड पाँच लाख ७० हजार रुपैयाँको लागतमा गत फागुनमा भवन निर्माणको काम सकिएको थियो ।

भवन बने पनि अस्पताल सञ्चालनका लागि अहिलेसम्म कुनै तयारी छैन । भवनमा ताला लगाइएको छ । बजेट नहुँदा अस्पताल सञ्चालनको प्रक्रिया अगाडि बढाउन नसकिएको गाउँपालिका कार्यालयले जनाएको छ । कैलारी गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख नरेशकुमार चौधरीले गाउँपालिकाले आफ्नो स्रोतबाट अस्पताल सञ्चालन गर्न सक्ने अवस्था नरहेको बताए । 'शून्यबाट सुरु गर्नुपर्ने भएकाले उपकरण खरिद गर्न सुरुमै पाँच करोड चाहिन्छ । कर्मचारीको तलबमा वर्षमा तीन करोड खर्च हुन्छ,' उनले भने, 'त्यति बजेट खर्च गर्न गाउँपालिकाले धान्दैन । अस्पताल सञ्चालनका लागि बजेट दिन संघीय सरकारलाई दुईपटक पत्राचार गरेका छौं, अहिलेसम्म बजेट भने आइसकेको छैन ।'



कैलारी गाउँपालिका-५, बैजपुरमा निर्माण भएको विशेषज्ञ सेवासहित १५ शय्याको आधारभूत अस्पताल भवन ।

चालू आर्थिक वर्षको बजेट निर्माणकै क्रममा प्रदेश सरकारसँग पनि उपकरण खरिदका लागि बजेट विनियोजनको माग गरेको उनले बताए । निर्माण कम्पनी राजेन्द्र जेभीले दुई वर्ष लगाएर गत फागुनमा भवन निर्माणको काम सम्पन्न गरे पनि भुक्तानीमा ढिलाइ हुँदा गाउँपालिकालाई असारमा हस्तान्तरण गरेको थियो । करिब चार वर्षअघि अर्को विद्यालयमा गाभिएको स्थानीय सर्वोदय आधारभूत विद्यालयको नाममा रहेको १६ कट्ठा जमिनमा अस्पताल भवन निर्माण गरिएको छ ।

पालिकाभरि आधारभूत तहको अस्पताल नरहेको कैलारीमा यो अस्पताल सञ्चालनमा आए उपचार सेवामा केही सहज हुने स्थानीयले आशा गरेका छन् । स्वास्थ्य शाखा प्रमुख चौधरीका अनुसार आधारभूत अस्पतालमा नर्वौं तहका डाक्टर अस्पताल प्रमुख, दुईजना मेडिकल अधिकृतसहित २९ जनाको दरबन्दी रहने भनिएको छ ।

गाउँपालिकामा एउटा प्राथमिक स्वास्थ्य केन्द्र छ, तर त्यहाँ पाँच महिनादेखि डाक्टर छैनन् । वडामा रहेका हेल्थपोस्टमा अहेबले सेवा दिन्छन् । पालिकाभरि अस्पताल नभएपछि बिरामीले सामान्य उपचारका लागि पनि प्रदेशको अस्थायी राजधानी धनगढी जानुपर्ने बाध्यता रहेको स्थानीयको भनाइ छ ।

वडा नम्बर ५ का स्थानीय मानबहादुर चौधरीले अस्पताल सञ्चालनमा आए आफूहरूलाई निकै सुविधा हुने बताए । आकस्मिक रूपमा बिरामी पर्दा पनि उपचार गर्न नजिक अस्पताल नहुँदा समस्या हुने गरेको उनले बताए । 'रातबिरात बिरामी हुँदा चेकजाँच गर्न गाउँपालिकामा अस्पताल छैन, धनगढीका अस्पताल जानुपर्छ,' चौधरीले भने, 'गाउँमै अस्पताल सञ्चालन भए उपचार गर्न सजिलो हुने थियो ।' धनगढी उपमहानगरसँग जोडिएको र हुलाकी राजमार्ग निर्माण भए पनि कैलारीका बस्तीहरूबाट धनगढी पुग्न सहज छैन । वडा सदस्यसमेत रहेका चौधरीले अस्पताल सञ्चालनका लागि पहल गर्न गाउँपालिकालाई आग्रह गरिएको बताए ।

वडाध्यक्ष विष्णु चौधरीले आवश्यक स्रोत र जनशक्तिको व्यवस्थापन नभएकाले अस्पताल सञ्चालनमा अहिलेसम्म अन्योल रहेको बताए । थोरै जनशक्ति र बजेटबाट सामान्य सेवा भए पनि सरकारले सुरु गरिदिनुपर्ने उनको भनाइ छ । गाउँपालिकाभरि एउटा पनि अस्पताल नभएको अवस्थामा आधारभूत अस्पताल सञ्चालनमा आए स्थानीयलाई ठुलो राहत पुग्ने चौधरीले बताए ।

नेपालमा सामाजिक न्याय र परिवर्तनको अपरिहार्यता

नागरिकले तथ्य, तर्क र उत्तरदायित्वमा आधारित निर्णय गर्न थालेपछि समाज स्वाभाविक रूपमा परिवर्तन हुन्छ



● विजय पौडेल 'क्षितिज'

अग्रलेख



नेपाल फरक-फरक राजनीतिक तथा सामाजिक क्रान्ति र आन्दोलनबाट आजको यो दशकसम्म आइपुगेको छ। यसरी हेर्दा नेपालमा राजनीतिक रूपान्तरण धेरैपटक भएको देख्न सकिन्छ। जसमा मूलतः २००७ सालको प्रजातान्त्रिक आन्दोलन, २०४६ सालको जनआन्दोलन, १० वर्षे जनयुद्, २०६२-०६३ को जनआन्दोलन हुँदै हाल देशमा विद्यमान गणतन्त्र, संघीयता र संविधानसम्म आइपुगेको छ। तर, हामीले अझै महसुस हुने गरी सामाजिक न्यायको अनुभूति गर्न भने पाएका छैनौं। यद्यपि, देशमा केही पनि भएको छैन भन्ने नकारात्मक भाष्यमा समेत पूर्ण सत्यता भने छैन। २३ र २४ भदौको घटनासमेत यिनै असन्तुष्टिको आक्रोशित रूपको एक झल्को मात्र हो। सामाजिक सिद्धान्तलाई केन्द्रमा राखेर सोच्दा बाहिरी रूपमा यसको प्रमुख कारण राजनीतिक अस्थिरता देखिए पनि मूलतः सामाजिक चेतना र व्यवस्थागत सोचको कमी प्रमुख विषय बन्न पुगेको देखिन्छ। फलतः यसको प्रभाव देशका विभिन्न क्षेत्र, सेवामा देखापर्न थालेका छन्।

व्यवस्थामय देश र व्यक्तिप्रधान अवस्थाको अन्त्य : हाम्रो देशमा मौलाएको व्यक्तिकेन्द्रित सोच र व्यक्तिमा भगवान् खोज्ने संस्कारले देशलाई उँभो लाग्न दिँदैन। यसरी व्यक्तिलाई गुण र दोषका आधारभन्दा पर राखी सर्वेसर्वा बनाउँदा राज्य र जनताबिच जोडिएको विधि र कानुनको ढाल भत्किने अनि ठुलो खाडल पर्न सक्छ। हाम्रो समाजको संरचना र संस्था दिनानुदिन कमजोर देखिने प्रमुख कारणसमेत यही हो। यसरी हाम्रो देशको विद्यमान परिस्थितिको एउटा प्रमुख कारण देश व्यवस्थामा चल्न नसक्नु हो। देशका राजनीतिक शक्तिप्रतिको विश्वसनीयताको कमीसमेत येही व्यक्तिप्रधानताका कारण उदाएको छ।

केही दशकयता हाम्रो देश 'पपुलिज्म, प्रोपोगन्डा र इमोसनल पोलिटिक्स' वरिपरि घुमिरहेको देखिन्छ। देशले तर्क र वैचारिक विमर्शलाई सहर्ष स्वीकार गर्न नसकिरहेको परिप्रेक्ष्यमा नेपथ्यमा मौलाउने भनेकै यिनै सामाजिक अवशेष हुन्। सामान्यतः सामाजिक संरचनाले जब विवेकशीलतालाई लत्याउँदै अगाडि बढ्न प्रेरित गर्छ तब सारा समाज नै मिथ्या भावनामा रुमल्लिन पुग्छ। भावनात्मक उत्तेजनाले तर्कशील विचारलाई विस्थापित गर्दै अगाडि बढ्ने हो भने यस प्रवृत्तिले समाजलाई सतही मात्र बनाउँछ। प्रचारात्मक समाज बालुवाको घरसरह कमजोर हुन्छ। अर्कातर्फ, 'पपुलिज्म'ले हाम्रो चेतनालाई निष्क्रिय बनाइरहेको छ। 'जनताको आवाज' भन्ने आवरण दिएर कमजोर चेतनास्तरमाथि अरू कसैको रजाइँ चलिरहेको हुन्छ। त्यस किसिमको शक्तिले कहिल्यै चेतना अभिवृद्धिमा भूमिका खेल्न सक्दैन र चाहँदैन पनि। त्यसरी नै प्रोपोगन्डाले यस्ता प्रवृत्तिलाई थप सबल बनाउँछ जसले सूचना, तथ्य होइन केवल धारणा र भ्रम फैलाउँछ। 'इमोसनल पोलिटिक्स'ले भने राजनीतिक विमर्शलाई भावनात्मक नारा र सहानुभूतिको प्रदर्शनमा सीमित गर्दै अगाडि बढ्छ तब तर्क, नीति र दीर्घदृष्टि सबै गौण बन्न पुग्छन्।

देशको विकास र लोकतन्त्रको स्थायित्वका लागि विचार, आलोचना, र आत्मसमीक्षाको संस्कृति अपरिहार्य हुन्छ। जब समाजले विवेकशीलताको सट्टा अन्धअनुसरणलाई प्राथमिकता दिन थाल्छ, तब मिथ्याको शासन सुरु हुन्छ। हामी आफूलाई 'सजग नागरिक'को आवरण ओडाउन प्रयत्नशील रहिरहँदा धेरैपटक भावनात्मक लहरमा बग्ने अनुयायी मात्र बनिरहेका हुन्छौं। देशलाई समुन्नत बनाउन यस किसिमका मिथ्यालाई तिलाञ्जली दिनु निर्विकल्पित उपाय हो।

यसर्थ, विवेकशील चेतना विकास गर्नु आजको सबैभन्दा ठुलो सामाजिक आवश्यकता हो। अर्थात्, केवल शिक्षा मात्र आर्जन गर्नु होइन, बरु प्रश्न गर्ने क्षमता अभिवृद्धि गर्नु हो, केवल ज्ञान हासिल गर्नु प्राथमिकता होइन, बरु सत्य पहिचान गर्ने सक्ने आँटसाहितको आवाज बन्नु प्राथमिकता हो। विवेकशील नागरिक नै गणतान्त्रिक मूल्यको वास्तविक आधार हो, जसले भावनामा होइन विचारमा देशको भविष्य खोज्छ अनि समयको आवश्यकतासँगै मूल्य पहिचान गर्छ। विद्यालयमा नागरिक, राजनीतिक एवं मिडिया साक्षरता बढाउन सक्ने हो भने आउने हरेक पुस्ता तथ्यमा आधारित संवादको प्रतीकात्मक उपस्थिति अवश्य बन्न सक्नेछन्। हाम्रो देशको वर्तमान नाजुक अवस्थामा समेत विभिन्न समूह, राजनीतिक घटक र स्वार्थ समूहले फरक-फरक बहाना बनाई समाज बिथोल्न प्रोपोगन्डा चलाइरहेको तथ्यले हाम्रो चेतनास्तर र भावनामाथि खेली उत्तेजित पार्ने कार्य कसरी सञ्चालन हुन्छ भन्ने बुझ्न टाढा जानुपर्दैन।

विचारप्रधानता र विवेकशील नेतृत्व : हाल नेपालका राजनीतिक दलमा विचार र सिद्धान्तभन्दा व्यक्तिको प्रभाव बढी हाबी हुँदै गएको जगजाहेर नै छ। यस प्रवृत्तिले दलभित्रको आन्तरिक लोकतन्त्र कमजोर बनाउँदै निर्णय प्रक्रियालाई अपारदर्शी र असमावेशी बनाइरहेको छ। हरेक निर्णय केही व्यक्ति वा स्वार्थ समूहको नियन्त्रणमा सीमित रहँदा लोकतान्त्रिक अभ्यास कमजोर भएको देखिन्छ। यस्तो अवस्थाले नै नागरिकको विश्वास घटेको साथै दलको दीर्घकालीन विचार र दृष्टिकोण पनि कमजोर हुँदै गएको तथ्य नकार्न सकिन्न। फलतः पछिल्लो समय देशमा भएको घटना पनि यसै किसिमबाट सिर्जित आवेश, असन्तुष्टिको स्वरूप हुन् भन्दा अतिशयोक्ति नहोला। त्यसैले दलहरूले आफ्नो कार्यशैलीमा आमूल परिवर्तन गर्दै आन्तरिक लोकतन्त्र सुदृढ गर्न, नेतृत्वलाई जवाफदेही र जिम्मेवार बनाउन, नीति-निर्माणका लागि अनुसन्धान र तथ्यमा आधारित 'थिंक ट्याक' प्रणाली विकास गर्न अत्यावश्यक बनेको छ। राजनीतिक दलका लागि जेन-जी आन्दोलनले प्रमुख रूपमा खोजेको भ्रष्टाचारशून्य देश र पारदर्शीतासहितको सुशासन अँगाल्नुको विकल्प छैन। अहिलेकै परिस्थितिमा समेत अस्तिको घटनाक्रमपछि जुन नैतिक जिम्मेवारी वहन गर्न सक्नुपर्ने थियो, त्यसलाई नजरअन्दाज गर्दै पुरानै कार्यशैली देखाउने होड नेतृत्वमा देखिनु निकै घातक साबित हुन सक्छ। कार्यशैली परिवर्तन केवल नेता र राजनीतिक घटकमा होइन, हामी अन्य कर्मचारी, प्रशासनदेखि हरेक नागरिकमा समेत अत्यावश्यक छ।

> दलहरूले आफ्नो कार्यशैलीमा आमूल परिवर्तन गर्दै आन्तरिक लोकतन्त्र सुदृढ गर्न, नेतृत्वलाई जवाफदेही र जिम्मेवार बनाउन, नीति-निर्माणका लागि अनुसन्धान र तथ्यमा आधारित 'थिंक ट्यांक' प्रणाली विकास गर्न अत्यावश्यक छ

नागरिक चेतना र भावनात्मक विवेकशीलता : नागरिक चेतना र भावनात्मक विवेकशीलता कुनै पनि आधुनिक समाजका मेरुदण्ड हुन्। यी दुई गुणको विकासविना कुनै पनि समाजमा उत्तरदायित्व, अनुशासन, सहानुभूति र सहअस्तित्वको संस्कार मजबुत बन्न सक्दैन। हाम्रो समाजको तितो यथार्थ यिनै सामाजिक स्वरूप हुन् (जस्तैः चेतना अभाव, न सार्वजनिक सम्पत्तिप्रति अपनत्व, न कुनै सामाजिक सहानुभूति)। देश र समाज पछि पर्नुमा जति नेतृत्व र सरोकारवाला जिम्मेवार छन्, हामीहरू पनि बारम्बार सो पद, ओहोदा दिनेमा उत्तिकै जिम्मेवार छौं। भावनात्मक बुद्धिमत्ताको कमीका कारण हामी सारभुत कुरामा नगई होहल्लामा रमाउन थाल्ने परिपाटि विकास गरिरहेको छौं जसले समाजको पारस्परिकतासँगै विभाजन र अविश्वासलाई बढावा दिएको देख्न सकिन्छ। अस्तिकै आन्दोलनमा भएको भौतिक क्षति वास्तविक मुद्दाकेन्द्रित थियो या थिएन ठुलो प्रश्न रहेको छ। यस समस्याको दीर्घकालीन समाधानका लागि विद्यालय तहदेखि नै नागरिक शिक्षालाई अनिवार्य विषयका रूपमा समावेश गर्न आवश्यक छ। यसले विद्यार्थीलाई नागरिक कर्तव्य, अनुशासन, सहिष्णुता, र समुदायप्रतिको उत्तरदायित्व सिकाउन मद्दत गर्छ। विद्यालयहरूमा सेवा शिक्षण लागू गरिनुपर्छ, जसअन्तर्गत विद्यार्थीले समुदायमा स्वयंसेवकका रूपमा काम गरी समाजप्रतिको संवेदनशीलता र सहानुभूति सिक्न सक्छन्। समुदायस्तरमा नागरिक चेतना अभियान र सामाजिक सहकार्य कार्यक्रम सञ्चालन गरी नागरिकमा साझा उत्तरदायित्वको भावना जगाउन सक्नुपर्छ। साथै, स्थानीय तहले नागरिक बोध कार्यक्रम सञ्चालन गरी स्थानीय समस्या समाधानमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नुपर्छ। यसरी सचेत, संवेदनशील र अनुशासित नागरिकले नै समाजलाई रूपान्तरणको बाटोतर्फ डोऱ्याउँछ भन्नेमा दुईमत छैन। तैपनि विषयप्रतिको गाम्भीर्य विकासका निम्ति जति नागरिक सचेतना आवश्यक रहन्छ, त्यति नै भावानात्मक विवेकशीलता आवश्यक छ। यसर्थ, यी दुवै एकअर्काका परिपूरक हुन्, जुन हाम्रो समाजलाई निकै अपरिहार्य बनिसकेको देखिन्छ।

सामाजिक न्याय र विकासको समाजशास्त्रीय दृष्टिकोण : सामान्यतः सामाजिक न्याय कुनै पनि समाजको नैतिक एवं संरचनात्मक बल हो। विश्व प्रख्यात समाजशास्त्री अमर्त्य सेनले सामाजिक न्याय भनेको प्रत्येक व्यक्तिलाई आफ्नो क्षमता र अवसर प्रयोग गर्ने स्वतन्त्रता प्रदान गर्नु हो भनेका छन्। नेपालमा अझै पनि जातीय, वर्गीय, लैंगिक, भाषिक र क्षेत्रीय असमानता गहिरो रूपमा विद्यमान छ। ग्रामीण र सहरी क्षेत्रबिचको असमानता, महिला र दलित समुदायको आर्थिक-सामाजिक पहुँचमा कमी र शिक्षामा अवसरको अभावले समावेशी विकासलाई कमजोर बनाएको छ भने अर्कातर्फ अस्थिरताको बाछिटाले झन् विकराल बनाउने यत्न गरिरहेको देखिन्छ। समाजशास्त्रीय दृष्टिले हेर्दा सामाजिक न्याय विकासको प्रमुख पूर्वसर्त हो भनेर बुझ्ने गरिन्छ। समान अवसर र पहुँचविना कुनै पनि देशमा वास्तविक रूपान्तरण सम्भव हुँदैन। यसर्थ पनि समावेशी विकासनीति अवलम्बन गर्नुको विकल्प छैन। नेपालमा सामाजिक न्यायलाई व्यवहारमा रूपान्तरण गर्न सार्वजनिक संस्थामा पारदर्शिता, पहुँच र जवाफदेहिताको संस्कार विकास गर्दै सबै वर्ग, लिंग र समुदायले आफ्नो आवाज सुन्ने अधिकार सुनिश्चित गर्नुपर्छ तब मात्रै समाज न्यायपूर्ण, समान र दिगो बन्न पुग्छ।

नेपाल रूपान्तरणका सम्भावित मौलिक उपाय : राष्ट्रिय रूपान्तरणको पहिलो आधार विवेकशील नागरिक चेतनामा निहित छ। जब नागरिक तथ्य, तर्क र उत्तरदायित्वमा आधारित निर्णय गर्छन्, तब समाज स्वाभाविक रूपमा परिवर्तन हुन्छ। नेपालमा विवेकशील नागरिक आन्दोलनले अन्धानुकरण, राजनीतिक निष्ठा, र जातीय विभाजनभन्दा माथि उठेर साझा राष्ट्रिय हितमा केन्द्रित सोचलाई बलियो बनाउनुपर्छ। नागरिकले प्रश्न गर्न, आलोचना गर्न र नीतिगत प्रक्रियामा संलग्न हुन सक्ने वातावरण विकास गर्दै लैजानुपर्छ। नागरिक सहभागी योजना निर्माण र सामाजिक लेखापरीक्षणलाई अनिवार्य बनाउँदा स्थानीय र प्रदेश तह थप पारदर्शी र उत्तरदायी हुन प्रोत्साहित हुने देखिन्छ।

अतः समाजको वास्तविक रूपान्तरण नैतिक मूल्य र सामूहिक आचारसंहिता पुनर्स्थापनाबाट सुरु हुन्छ। यसरी हेर्दा नेपालमा बढ्दो भ्रष्टाचार, अविश्वास, र सामाजिक पतनको प्रमुख कारण नै नैतिक संकट हो भन्दा फरक नपर्ला। त्यसैले विद्यालयदेखि प्रशासनसम्म नैतिकता, पारदर्शिता र सत्यनिष्ठाको शिक्षालाई अनिवार्य बनाइँदै सामाजिक उत्तरदायित्वको संस्कृति निर्माण गर्नुपर्छ। यसका लागि युवाको भूमिकासमेत अपरिहार्य रहन पुग्छ। यदि राज्यले युवाको सिर्जनशीलता, प्रविधि-नवप्रवर्तन र सामाजिक उद्यमशीलतालाई प्रोत्साहन गर्न मात्र सक्ने हो भने पनि देशको आर्थिक र सामाजिक रूपान्तरण तीव्र हुनेमा द्विविधा रहँदैन। सँगै नेपालको दीर्घकालीन रूपान्तरणका लागि शिक्षा प्रणालीलाई कौशलमुखी र मूल्य-आधारित बनाउनु अत्यावश्यक छ। अर्कातर्फ भ्रष्टाचार नियन्त्रणमा शून्यसहनशीलता नीति लागू गर्नुको विकल्प छैन। दण्डहीनता अन्त्यका लागि स्वतन्त्र अनुसन्धान निकायलाई राजनीतिक प्रभावबाट मुक्त गर्नुपर्छ।

नेपालमा रूपान्तरणका यी उपाय कार्यान्वयनमा ल्याउन सके नागरिक चेतना, सामाजिक न्याय, दिगो विकास र नैतिक पुनर्जागरणको एकीकृत यात्रा सुरु हुनेछ। यस्ता प्रयासले मात्र नेपाललाई विवेकशील, संवेदनशील र आत्मनिर्भर राष्ट्रका रूपमा अघि बढाउन सक्नेछ। देशमा देखापरेका विभिन्न आक्रोशका झिल्का यसरी नै सम्बोधन गर्न सके मात्र देशले वास्तविक परिवर्तनको काँचुली फेर्न सक्नेछ।

---

३ प्रश्न

स्वास्थ्यमन्त्री **डा. सुधा शर्मा**लाई



■ वीर अस्पतालमा सिटी स्क्यान मेसिन बिग्रिँदा सेवाग्राहीले सास्ती खेपिरहेका छन्, तिनको मर्मत गर्न मन्त्रालयले किन चासो नदेखाएको हो ?

मैले त्यहाँको सिटी स्क्यान बिग्रिएको बारे जानकारी पाइसकेकी छु। सेवाग्राही मर्कामा पनि हुनुहुन्छ। हाललाई नरदेवी अस्पतालमा खासै प्रयोग नभएको सिटी स्क्यान मेसिन वीरमा लैजाने तयारी भइरहेको छ। त्यहाँ बिग्रिएको उपकरण बन्न केही समय लाग्छ। नरदेवीमा कम प्रयोग भएकाले एकदुई दिनमै वीरमा सो उपकरण लैजान्छौं। यसो गर्दा तत्काल सेवाग्राहीलाई राहत मिल्नेछ।

■ वीरमै क्यान्सरको उपचार हुने अत्याधुनिक टोमोथेरापी मेसिनसमेत बिग्रिएको छ, यसको मर्मतसम्भारमा चाहिँ किन ढिलाइ भइरहेको छ ?

टोमोथेरापी पनि बिग्रिएको भनेर जानकारी आएको छ। तर ठ्याक्कै के भएको हो, मैले बुझ्न बाँकी नै छ। उपकरण बन्यो र सही रूपमा सञ्चालन भयो भने पो बिरामीलाई सहज हुन्छ। त्यसकारण कसरी हुन्छ, बिग्रिएको उपकरण छिट्टै मर्मत गराउँछौं। अहिले म काठमाडौंबाहिर रहेकाले काठमाडौं आएपछि त्यसबारे थप चासो दिएर समाधान खोज्छु।


■ पाँच दिनअघि अनुगमनमा जाँदा उपकरण बिग्रिएको तपाईंलाई वीर अस्पताल प्रशासनले जानकारी नै नगराएको हो ?

मैले नयाँ सर्जिकल भवन अनुगमन गर्दै। पछि उपकरण पनि बिग्रिएको भनेर जानकारी आएको छ। त्यहाँ बिग्रिएका उपकरण मर्मत गर्न हाम्रो बायोमेडिकल इन्जिनियर पनि छन्। उनीहरूलाई लगाउँछौं। अर्को कुरा सरकारी अस्पतालका उपकरण राष्ट्रिय आविष्कार केन्द्रले पनि मर्मतसम्भार गर्दै आइरहेकाले उहाँहरूसँग पनि समन्वय गरेर छिट्टै मर्मतसम्भार गराउँछौं। तर, कतिपय उपकरण चाहिँ उहाँहरूको टिमले पनि नभ्याउने अवस्था रहेकाले हामी विकल्प पनि खोज्दै छौं।

प्रेरक प्रसंग

युवालाई बर्नार्ड साको सन्देश

जर्ज बर्नार्ड सा अंग्रेजी कविता तथा नाटकका क्षेत्रमा अलग्गै परिचय स्थापित गर्न सक्षम व्यक्तित्व हुन्। उनीसित भेटघाट गरी संवाद गर्न, उनलाई घरमा बोलाएर भोजन गराउन तथा उनको सन्देशसहितको अटोग्राफ आफ्ना नोटबुकमा सुरक्षित राख्न चाहने मानिस निकै थिए।



लन्डनका एक युवक पनि जर्ज बर्नार्ड साका निकै ठुला प्रशंसक थिए। उनी जसरी भए पनि सालाई भेटेर उनको सन्देशसहितको अटोग्राफ लिन चाहन्थे। यसका लागि उनी साका हरेक कार्यक्रमबारे जानकारी राखिरहेका हुन्थे। एकपटक ती युवकको गाउँनजिकै आयोजना गरिने एक साहित्यिक कार्यक्रममा सा पनि सहभागी हुने उनले जानकारी पाए। कार्यक्रमबारे थाहा पाएदेखि नै उनी सो दिनको व्यग्र प्रतीक्षामा रहे। अन्ततः कार्यक्रमको दिन पनि आइपुग्यो। उनी निर्धारित समयभन्दा दुई घन्टाअघि नै गएर कार्यक्रम आयोजना हुने हलमा पुगेर दर्शकदीर्घाको अघिल्लो पंक्तिमा बसे।

तोकिएकै समयमा बर्नार्ड सा पनि कार्यक्रम स्थलमा पुगे। मौका पाउनासाथ ती युवकले आफ्नो डायरी बर्नार्ड साको हातमा दिँदै भने- मेरा प्रिय कविज्यू, कृपया यस डायरीमा संसारभरका युवाका लागि विशेष सन्देश लेखेर आफ्नो अमूल्य हस्ताक्षर गरिदिनुभएमा म कृतकृत्य हुने थिएँ।

मुसुक्क हाँस्दै बर्नार्डले युवकको हातबाट डायरी लिए र आफ्नो सुन्दर लिपिमा लेखे- हे संसारभरका नवयुवकहरू हो, यसरी अर्काको बेकारका अटोग्राफ एकत्रित गर्ने कार्यमा आफ्नो अमूल्य समय बर्बाद नगर। बरु आफैं यति योग्य बन कि तिम्रो अटोग्राफ लिन अन्य मानिसले तँछाडमछाड गरून्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एमालेको दहीचिउरे नीति

एमालेले संसद् पुनर्स्थापनाको मुद्दा बोकेर चुनावी तयारीमा लाग्ने निर्णय गरेको समाचार पढियो। तर, अहिलेको संक्रमणकालीन अवस्थामा विनासर्त निर्वाचनमा होमिनुपर्ने एमालेजस्तो राष्ट्रिय राजनीतिको अग्रणी दलले यसरी एकातिर संसद् पुनर्स्थापनाको मुद्दा पनि बोक्ने र अर्कातिर निर्वाचनको तयारी पनि गर्ने भन्नु दहीचिउरे नीति भएन र ?

● **मालविका काफ्ले**, सतुंगल, काठमाडौं

एमाले अर्थात् उसका अध्यक्ष केपी शर्मा ओलीलाई कस्तो लाग्दो रहेछ भने उनले गरेका हरेक कानुन र संविधानविपरीत काम सबै वैध र ठिक अनि अरूले गर्दा अवैध र बेठिक ! वास्तवमा यस्ता नेतृत्व पार्टी सत्तामा रहुन्जेल पार्टी झन्झन् कमजोर हुँदै जाने निश्चित छ।

● **डिल्ली फेजोङ**

जसले दुई-दुईपटक संसद् विघटन गऱ्यो, यतिखेर उसैले पुनर्स्थापनाको मुद्दा उठाउँछ। जसले भ्रष्टाचार गरेर देश कंगाल बनायो, उसैले भ्रष्टाचारको विरोध गरेझैं गर्छ। लाजसरम भन्ने केही हुन्छ कि हुँदैन हो नेताहरूमा ?

● **आशिष दाइ**

'लागे लाग्छ मोहनी, नलागे घरमा बुढी छँदै छे !' एमाले यही उखानको जगमा उभिएको देखिन्छ। निश्चित कार्यदिशा र गन्तव्य नभएपछि अहंकारी नेतृत्वले पार्टीलाई घरको न घाटको बनाउने, कार्यकर्ता टुलुटुलु हेरेर बस्ने अवस्था आयो। जसका कारण पार्टीको मूलभूत सिद्धान्त र लाखौं समर्थक तथा कार्यकर्ताको अभिमतलाई कुल्चिएर एकल, अधिनायकवादी व्यक्तिको बलमा पार्टीलाई जबर्जस्ती घिसारिँदै छ। व्यक्तिगत अस्वाभाविक महत्त्वाकांक्षी नेता, जसले अन्ततः पार्टीलाई डुबाएरै छोड्छ। पार्टी डुबे पनि देश नडुबोस् भन्ने कामनाबाहेक के नै गर्न सकिन्छ र ?

● **विष्णु दाहाल**

संसद् र चुनाव दुइटै चाहिने ? तिमीहरूले जति चटक देखाउन खोजे पनि देश कंगाल बनाउनेबाहेक केही उपलब्धि हुन्न।

● **प्रास्ना खालिङ**

एमालेले चुनावको अघिल्लो दिन पनि संसद् पुनर्स्थापनाको माग गर्न सक्छ। नैतिकता, इमान, इज्जत र लाज नभएका नेतृत्वले जसोजसो भन्छन्, त्यसै नगर है एमालेजन ... ! फेरि पछि पछुताउनुपर्ला नि !

● **रामकृष्ण शर्मा**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

पूर्ण समानुपातिक निर्वाचन गरौं

नेपालजस्तो प्राकृतिक सुन्दरताले भरिपूर्ण देशको कमजोर आर्थिक अवस्थालाई मध्यनजर गर्दा यहाँको निर्वाचन प्रणाली सकभर कम खर्चिलो बनाउनु आवश्यक छ। यसका लागि पूर्ण समानुपातिक निर्वाचनमा जाँदा खर्च पनि कम हुने र उम्मेदवारबिचको अस्वस्थ आर्थिक प्रतिस्पर्धा पनि कम हुने भएकाले यो प्रणाली हामी सबैका लागि एकदम उपयुक्त साबित हुन सक्छ। यसका साथै, निर्वाचनमा अनावश्यक खर्च रोकिनासाथ निर्वाचन जितेर जानेहरूले गर्ने भ्रष्टाचारमा पनि कमी आउने निश्चित छ। त्यसैले, यस विषयमा सम्बन्धित विज्ञ र सरोकारवालाबिच घनीभूत बहसको खाँचो छ। नेपालजस्तो देशमा पूर्ण समानुपातिक निर्वाचनमा जानु सबैको हितमा हुन सक्छ। के यस्तो कम खर्चिलो निर्वाचन प्रणाली तयार पार्न सकिन्न र ? यसतर्फ सरकारदेखि सम्पूर्ण राजनीतिक दल, जेन-जी समूहलगायत सबैको ध्यान अविलम्ब जानु जरुरी छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

युवराज सलमानको स्वागतमार्फत इजरायललाई ट्रम्पको सन्देश

युवराज सलमानको भ्रमणका क्रममा ट्रम्पले साउदी अरबसँगको अमेरिकी सम्बन्धलाई इजरायलकै हाराहारीमा राखे



देश/विदेश

● जुलियन बोर्गर

गत मंगलबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले साउदी युवराज मोहम्मद बिन सलमानलाई ह्वाइट हाउसमा स्वागत गरे। सलमानको स्वागतमा आयोजित कार्यक्रम ट्रम्पको राष्ट्रपति कार्यकालकै सबैभन्दा भव्य मानिएको छ। सलमानको सम्मानमा ह्वाइट हाउसमाथि आकाशमा लडाकु विमानसमेत उडाइएको थियो। भेटका क्रममा ट्रम्पले साउदी अरबलाई अत्याधुनिक एफ-३५ लडाकु विमान बेच्न लागेको पुष्टि गरे। र, साउदीलाई एफ-३५ बेच्दा अन्य देशलाई जस्तो सर्त नहुने पनि ट्रम्पले बताए। यस्तो छुट पाउने अर्को एक मात्र देश इजरायल हो।

सम्झौताअनुरूप साउदीलाई एफ-३५ लडाकु विमान बेचियो भने अमेरिका-इजरायल सम्बन्धको एक महत्त्वपूर्ण पक्षको उल्लंघन हुनेछ। अमेरिका-इजरायल सम्बन्धलाई मार्गनिर्देशन गर्ने एक नियमअनुसार अमेरिकाले इजरायललाई मध्यपूर्वका अन्य सहयोगीभन्दा उत्तम सैन्य सामग्रीमाथि पहुँच दिनुपर्छ। लामो समयदेखि लागू यो व्यवस्था इजरायललाई 'क्वालिटेटिभ एड्ज (गुणात्मक क्षमता)' प्रदान गर्न आवश्यक भएको अमेरिकाले बताउँदै आएको छ।

इजरायलप्रतिको 'क्वालिटेटिभ एड्ज' सिद्धान्त परित्याग गर्न लागेको हो भन्ने पत्रकारको प्रश्नमा ट्रम्पले अमेरिकाका लागि साउदी अरब र इजरायल दुवै समान रूपमा नजिक भएको बताए। यसैले दुवै मुलुक समान रूपमा अत्याधुनिक सैन्य सामग्री पाउन योग्य रहेको दाबी गरे। ट्रम्पको भनाइबाट इजरायल पक्कै खुसी हुनेछैन। तर, यो कदम इजरायल-वासिंगटन सम्बन्धमा आएका धेरै अवरोधमध्ये एक हो। ट्रम्प प्रशासनले यसअघि साउदी अरब र संयुक्त अरब इमिरेट्स (युएई)लाई उन्नत 'एआई' चिप्स बिक्रीमा लगाएको प्रतिबन्ध हटाएको थियो, जुन कदम साउदी अरबलाई एफ-३५ बिक्री गर्ने निर्णयजत्तिकै महत्त्वपूर्ण भएको बताइँदै छ। यस निर्णयले ठुलो परिमाणमा विश्वव्यापी प्रविधि 'हब' बन्ने रियादको महत्त्वाकांक्षालाई उल्लेखनीय रूपमा सहयोग गर्छ। साउदी अरब अमेरिकाको सहयोगले एआई अर्थतन्त्रमा अगाडि बढ्न चाहन्छ।

यीलगायत ट्रम्प प्रशासनका विभिन्न निर्णयले मध्यपूर्वमा अमेरिका इजरायललाई प्रधानता दिने आफ्नो नीतिबाट टाढिएको संकेत दिन्छ, कम्तीमा अस्थायी रूपमै सही। १७ नोभेम्बरमा अमेरिकाले मस्यौदा गरेको संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्को प्रस्तावमा स्वतन्त्र प्यालेस्टाइनको सम्भावित मार्गको विषय पनि समेटिएको छ। जबकि, इजरायलले सो प्रावधान पर्न नदिन अन्तिम समयसम्म प्रयास गरेको थियो, जसमा ऊ असफल भयो।

जुनको अन्त्यमा, ट्रम्पले सिरियामाथिका केही प्रतिबन्ध हटाउँदा पनि उनले इजरायली चाहनालाई बेवास्ता गरेका थिए। त्यस्तै, मेमा ट्रम्प मध्यपूर्वको राजकीय भ्रमणका क्रममा साउदी अरब, कतार र संयुक्त अरब इमिरेट्स (युएई) जाँदा इजरायल गएनन्। यी सबै घटनाक्रमले अमेरिका-इजरायल सम्बन्ध उच्चतम विन्दु खस्केको देखाउँछ। जबकि, जुनमा मात्र ट्रम्पले बेन्जामिन नेतन्याहुको लामो समयदेखिको चाहनाअनुरूप इरानको आणविक संयन्त्रमाथि हवाई आक्रमणमा इजरायललाई सघाएका थिए। इरानी आणविक संयन्त्रमाथिको आक्रमणमा अमेरिकाको संलग्नतापछि, नेतन्याहु हौसिए। उनले वासिंगटनको समर्थनलाई हल्का रूपमा लिए। त्यसैले उनी हमासका



नेतालाई मार्ने प्रयासमा अमेरिकाकै मित्र कतारको राजधानी दोहामा आक्रमण गर्ने हदसम्म अघि बढे। अमेरिकाको नजिकको सहयोगी देश कतारी भूमिमाथि आक्रमण गर्नुअघि ट्रम्पलाई उल्लेख्य जानकारी नदिएको बताइन्छ। यसैको साटो फेर्दै ट्रम्पले सेप्टेम्बर अन्त्यमा ह्वाइट हाउस पुगेका नेतान्याहुलाई अपमानित गर्ने गरी कतारी समकक्षीलाई फोन गरेर माफी माग्न बाध्य पारे।

ट्रम्पको आगमनपछि अमेरिकी विदेश नीति लेनदेनका आधारमा चल्न थालेको छ। लेनदेनको मामिलामा इजरायल आफ्ना धनाढ्य खाडी छिमेकीसँग प्रतिस्पर्धा गर्न सक्दैन। जस्तो युवराज मोहम्मदले अमेरिकी अर्थतन्त्रमा हजार अर्ब (१ ट्रिलियन) डलर लगानी गर्ने वाचा गरेका छन्। त्यस्तै, कतारले अमेरिकी राष्ट्रपतिले चढ्ने प्रयोजनका लागि ४० करोड डलरको विलासी विमान उपहार दिएको छ।

उसो त हजार अर्ब डलरको लगानीको समयसीमा भने उल्लेख गरिएको छैन। अमेरिकाले पनि रियादलाई कतिवटा एफ-३५ बेच्नेछ भन्ने स्पष्ट गरेको छैन। ट्रम्प सलमानबिचको वार्ताका अन्य केही एजेन्डा पनि सफल कार्यान्वयन हुन कठिन छ। विशेषतः द्विपक्षीय रक्षा सम्झौता र नागरिक प्रयोजनका लागि आणविक ऊर्जा सम्झौतालाई अमेरिकी कंग्रेस (संसद्)ले रोक्न सक्छ। त्यस्तै, अमेरिकाले अझै पनि इजरायल-अरबबिचको सम्बन्ध सामान्यीकरण गर्ने लक्ष्य लिएको 'अब्राहम सम्झौता' कार्यान्वयनलाई जोड दिँदै आएको छ। ह्वाइट हाउसमा इजरायलसँगको सम्बन्ध सामान्यीकरणबारे सोधिएको प्रश्नमा युवराज सलमानले त्यो कुरा प्यालेस्टिनी राज्य स्थापनाप्रतिको ठोस इजरायली प्रतिबद्धतामा भर पर्ने बताए।

गाजा र समग्रमा प्यालेस्टाइन सम्बन्धमा भने पछिल्लो परिवर्तनले केही असर पर्नेछैन। अमेरिका/मध्यपूर्व परियोजनाका अध्यक्ष र मध्यपूर्वी राजनीतिका विश्लेषक डेनियल लेभी पनि यस विषयमा परिवर्तनको सम्भावना देख्दैनन्। 'गाजा वा प्यालेस्टाइनबारे निर्णय गर्ने सम्बन्धमा अमेरिकाले इजरायललाई पूर्ण छुट दिएको छ। अहिलेको सन्दर्भमा इजरायलले आफ्ना सबै जीवित बन्धक रिहा गरिसकेको छ। र, तिनले प्रतिबद्धताअनुरूप गाजामा पूर्ण रूपमा बमबारी पनि रोकेका छैनन्,' लेभीले भने।

(गार्जियनका शीर्ष अन्तर्राष्ट्रिय संवाददाता बोर्गर विगतमा अमेरिका, मध्यपूर्व, पूर्वी युरोप र बाल्कन क्षेत्रका संवाददाता रहिसकेका छन्)
द गार्जियनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पश्चिमबाट आयात गरिएको 'विचार' होइन लोकतन्त्र

विगतका प्रणालीले प्रायः महिला र सीमान्तकृत समूहहरूलाई बहिष्कृत गर्थे, तर आधुनिक लोकतन्त्रले यी सबैको सम्मान गर्छ



● अवाले कुल्लेन

कुल्लेन चीन र स्विडेनका लागि सोमालियाका पूर्वराजदूत हुन्

धेरै लामो समयदेखि अफ्रिकी युवालाई भनिएको छ कि लोकतन्त्र भनेको आयात गरिएको, उधारो लिइएको, उनीहरूको पहिचानका लागि विदेशी मामिला हो। तर, इतिहासले हामीलाई एकदमै फरक सत्य दिन्छ। लोकतन्त्र पश्चिमबाट आएको विचार होइन। यो मानव विचार हो। र अफ्रिकाले आधुनिक राज्यहरू अस्तित्वमा आउनुभन्दा धेरै अघिदेखि नै यसको अभ्यास गर्थ्यो।

अफ्रिकाको लोकतान्त्रिक विरासत महादेशलाई टुक्रा-टुक्रा पार्ने औपनिवेशिक सिमानाभन्दा पुरानो छ। सोमाली भेलामा प्रत्येक मानिस सामूहिक मामिलाबारे निर्णय गर्ने खुला परिषद्मा उभिन, बहस गर्न र मतदान गर्न सक्थ्यो। ओरोमो गाडा प्रणाली (इथियोपियाका ओरोमो जनताले प्रयोग गर्ने आदिवासी लोकतान्त्रिक, सामाजिक-राजनीतिक, आर्थिक र धार्मिक शासन प्रणाली) अन्यत्र प्रचलनमा आउनुभन्दा शताब्दीयौँअघि घुमाउरो नेतृत्व र निश्चित सीमाअवधि विकास गर्‍यो। इग्बो समुदायहरूले राजाहरूलाई अस्वीकार गर्ने र सहमतिमा जोड दिने गाउँ सभामार्फत शासन गर्थे। आशान्ति (मध्यघानाको एक प्रशासनिक क्षेत्र)ले त्यहाँका प्रमुखको शक्ति जाँच गर्न र उनीहरूमाथि विश्वास गुमेको खण्डमा उनीहरूलाई हटाउन प्रमुखहरूको परिषद् प्रयोग गर्थ्यो। बोत्सवानामा स्वाना कगोटला (सार्वजनिक बैठक)ले सार्वजनिक बहस मञ्च प्रदान गर्थे जहाँ नेताहरूले बोल्नुभन्दा बढी सुने। यी प्रणाली आधुनिक लोकतन्त्रसँग मिल्दोजुल्दो देखिँदैनथे, तर सिद्धान्त प्रस्ट थियो। शक्तिले समुदायको सेवा गर्नुपर्छ र समुदायले शक्तिलाई जवाफदेही बनाउनुपर्छ।

लोकतान्त्रिक विचार कुनै एक सभ्यतामा सीमित छैन। प्राचीन एथेन्सले नागरिक शासनको आफ्नै रूप विकास गर्‍यो। इस्लामिक शासनले परामर्शलाई जोड दियो। पूर्वी एसियामा कन्फ्युसियन मोडेलले युरोपले भन्दा धेरैअघि नै योग्य निजामती सेवा निर्माण गर्‍यो। र, जब १८औँ शताब्दीमा आधुनिक लोकतन्त्रले गति लिनथाल्यो, अमेरिकाले यसलाई स्थापना गरेर मात्र होइन बरु युद्ध, संकट र राजनीतिक विभाजनबाट बच्न सक्ने संस्थामार्फत ऐतिहासिक योगदान पुर्‍यायो। त्यो विरासत वास्तविक छ र यसलाई कहिल्यै खारेज गर्नुहुँदैन। तर, लोकतन्त्रको कथा पश्चिमी होइन।



> लोकतान्त्रिक विचार कुनै एक सभ्यतामा सीमित छैन। प्राचीन एथेन्सले नागरिक शासनको आफ्नै रूप विकास गर्‍यो। इस्लामिक शासनले परामर्शलाई जोड दियो। पूर्वी एसियामा कन्फ्युसियन मोडेलले युरोपले भन्दा धेरै अघि नै योग्य निजामती सेवा निर्माण गर्‍यो।

यो मानव हो। र यसमा अफ्रिकाको योगदान निर्विवाद छ।

आज, अफ्रिकी युवाले नयाँ चुनौतीको सामना गरिरहेका छन्। तिनीहरू ध्यान केन्द्रित गर्ने अर्थतन्त्रमा बाँचिरहेका छन्, जहाँ तर्कभन्दा आक्रोश र गलत सूचना छिटो फैलिन्छ। यो वातावरणले नेताहरूलाई प्रतिबिम्बित गर्नुको सट्टा प्रतिक्रिया दिन ठुलो दबाब सिर्जना गर्दछ। अधिनायकवादी अपिल कहिल्यै जवाफदेही संस्थाको दीर्घकालीन स्थिरतासँग मेल खाँदैन। अफ्रिकाले छोटो अवधिको निराशाका लागि दीर्घकालीन स्वतन्त्र व्यापार गर्न सक्दैन।

आधुनिक अफ्रिकी समाज शून्यबाट अगाडि बढिरहेका छैनन्। बोत्सवानाको लोकतान्त्रिक लचिलोपन, सेनेगलको शान्तिपूर्ण शक्ति हस्तान्तरण, घानाको सुदृढीकरण संस्थाहरू, र केन्याको न्यायिक स्वतन्त्रताले अफ्रिकी लोकतन्त्रले आफूलाई अनुकूलन गर्न, विकसित गर्न र सच्याउन सक्छ भन्ने देखाउँछ। साथै, अन्य देशले वास्तविक चुनौती सामना गर्छन् : प्रतिस्पर्धात्मक चुनाव, भ्रष्टाचार, राजनीतिक बहिष्कार, र पहिचानको हतियारीकरण। यी समस्यालाई इमानदारीपूर्वक नाम दिनु कमजोरी होइन। लोकतन्त्र कसरी बढ्छ भन्ने कुरा यही हो।

आज लोकतन्त्र पुनः प्राप्त गर्नु भनेको यसलाई विस्तार गर्नु पनि हो। विगतका प्रणालीले प्रायः महिला र सीमान्तकृत समूहहरूलाई बहिष्कृत गर्थे। आधुनिक अफ्रिकी लोकतन्त्र महिला, युवा, अल्पसंख्यक र ती सबैको समान रूपमा हुनुपर्छ जसको आवाज ऐतिहासिक रूपमा दबाइएको थियो। विरासत पुनः प्राप्त गर्नु भनेको विगतमा फर्कनु होइन। यसको अर्थ यसलाई अझ बढी न्यायका साथ अगाडि बढाउनु हो।

प्रविधि अफ्रिकाको नयाँ गुणक हो। कृत्रिम बुद्धिमत्ता, डिजिटल प्लाटफर्म र खुला सिकाइ स्रोतहरूले युवा अफ्रिकीलाई त्यस्तो कुरा दिन सक्छन् जुन अघिल्लो पुस्ताले कहिल्यै पाएको थिएन : कुनै पनि द्वारपालको अनुमति नलिई विश्वव्यापी रूपमा सिक्ने र विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्ने क्षमता। कनेक्टिभिटी अझै पनि असमान छ। पूर्वाधार अझै महँगो छ। नीतिहरू नवप्रवर्तनभन्दा पछाडि छन्। तर, सम्भावना अचम्मलाग्दो छ। मानव इतिहासको हरेक ठुलो छलाङले नयाँ प्रविधि अंगीकार गर्नेहरूलाई पुरस्कृत गर्‍यो : छापाखाना, स्टिम पावर, बिजुली, हरित क्रान्ति, इन्टरनेट, र अब एआई। अफ्रिकामा युवा जनसंख्या छ। यदि यसले एआईलाई चाँडै अँगालेको छ भने बलियो नागरिक मूल्य र स्पष्ट सुरक्षाका साथ महादेशले कुनै पनि क्षेत्रले कहिल्यै हासिल नगरेको छलाङ मार्न सक्छ।

लोकतन्त्र नाराले सुरक्षित हुँदैन। यो प्रस्ट व्यवहारले सुरक्षित हुन्छ। अफ्रिकी युवाले चुनावमा मात्र नभई दैनिक व्यवहारमा पनि लोकतन्त्रलाई बलियो बनाउन सक्छन्। उनीहरूले स्थानीय परामर्श मञ्चहरूलाई पुनर्जीवित गर्नुपर्छ, विद्यार्थी संसद् स्थापित गर्नुपर्छ। सामुदायिक बहस सञ्चालन गर्ने, गलत सूचनालाई चुनौती दिने, स्वतन्त्र पत्रकारिताको रक्षा गर्ने, डिजिटल साक्षरता अभियान निर्माण गर्नेजस्ता साना प्रयासले ठुला संस्कृति सिर्जना गर्छन्। र, सायद सबैभन्दा महत्त्वपूर्ण कुरा अफ्रिकीहरूले लोकतन्त्र अरू कसैको हो भन्ने कथालाई अस्वीकार गर्नुपर्छ। अधिनायकवाद अफ्रिकी होइन। मौन अफ्रिकी होइन। महादेशको सम्पदा बहस, संवाद, सहमति, जवाफदेहिता र सामुदायिक निर्णय लिने पद्धिया हो। लोकतन्त्र पुनः प्राप्त गर्नु भनेको अफ्रिकाले सधैँ जानेको कुरा पुनः प्राप्त गर्नु हो। त्यो शक्ति विश्वासमा राख्नुपर्छ, बल प्रयोग गरेर लिइँदैन।

भविष्य युवाहरूको हो। यदि अफ्रिकी युवाहरूले आफ्नो आवाज, आफ्नो स्वतन्त्रता, आफ्नो विविधता, आफ्नो सत्य र आफ्नो मर्यादाको रक्षा गर्छन् भने तिनीहरूले कुनै पनि व्यक्तिभन्दा बलियो संस्थाहरू निर्माण गर्नेछन्। तिनीहरूले एउटा महादेश निर्माण गर्नेछन् जहाँ एकताले राष्ट्रहरूलाई मेटाउँदैन र सार्वभौमिकताले नागरिकहरूलाई मौन राख्दैन। एउटा महादेश जहाँ अफ्रिका अर्को मोडेलको प्रतिलिपिको रूपमा होइन, बरु आफैँको रूपमा उदय हुन्छ। लोकतन्त्र अफ्रिकाले उधारो लिनुपर्ने कुरा होइन। यो त्यस्तो चिज हो, जुन अफ्रिका नेतृत्व गर्न तयार छ।

इतिहासमा आज

नोभेम्बर २४



सन् १९५४ : अमेरिकी राष्ट्रपतिको प्रयोगका लागि बनाइएको पहिलो विमानलाई 'एअर फोर्स वान' नामाकरण गरियो।

सन् १६४२ : डच अन्वेषक अबेल तासमान अस्ट्रेलियाको छेउमा अवस्थित तास्मानिया (उनकै नामबाट नामाकरण गरिएको) पुग्ने पहिलो युरोपेली बने।

सन् १८५९ : चार्ल्स डार्विनले आजकै दिन उनको युगान्तकारी पुस्तक 'अन द अरिजिन अफ द स्पेसिस' प्रकाशित गरेका थिए। जीव उद्विकासबारे चर्चा रहेको सो पुस्तकले विज्ञान क्षेत्रमा ठुलो उथलपुथल ल्याउन सघाएको थियो।

सन् १९२४ : उत्तरी चीनका युद्ध-सरदार जनरल फेङ यु-सियाङले आफ्नै मित्र सेनाविरुद्ध लड्दै पेकिङ कब्जा गरे।

सन् १९६५ : प्रजातान्त्रिक रूपमा चुनिएका वामपन्थी नेता प्याट्रिस लुमुम्बालाई अपदस्थ गर्दै मार्सल मोबुतु सेस सेकु अफ्रिकी मुलुक जायरका (हालको प्रजातान्त्रिक गणतन्त्र कंगो) राष्ट्रपति बने। उनले ३२ वर्षसम्म अधिनायकवादी शासन चलाए।

सन् १९६६ : न्युयोर्क सहरको इतिहासको सबैभन्दा प्रदूषित यस दिनमा झन्डै ४०० जनाको श्वासप्रश्वास प्रणाली र हृदयाघातका कारण मृत्यु भयो।

सन् २०१५ : टर्कीले उसको आकाशमा उडेको दाबी गर्दै एक रुसी लडाकु विमान खसालिदियो।

सन् २०१७ : १८ जना महिलाले एक पत्रिकामा लेख लेख्दै नोबेल पुरस्कार समितिसँग जोडिएका ज-क्लाउड आर्नोल्टमाथि यौनशोषणको आरोप लगाए। त्यसपछि उत्पन्न विवादले सन् २०१८ को साहित्य विधाको पुरस्कार रद्दसम्म हुने स्थिति आएको थियो।

सन् २०१७ : जिम्बाबेका पूर्वउपराष्ट्रपति इमरसन मनाङ्गवा ३० वर्षदेखि शासन गरिरहेका रोबर्ट मुगावेलाई विस्थापित गर्दै देशका राष्ट्रपति बने।

सन् २०२१ : स्विडेनको इतिहासमा पहिलो महिला प्रधानमन्त्री मग्दालेना एन्डरसन सत्तारूढ गठबन्धन १२ घण्टामै टुटेपछि सोही अवधिभित्रै राजीनामा दिन बाध्य भइन्।

विश्व संक्षेप

तीन सय विद्यार्थी अपहरित

कानो/ मध्य-नाइजेरियाको एक क्याथोलिक विद्यालयबाट बन्दुकधारीले तीन सयभन्दा बढी बालबालिका र कर्मचारीलाई अपहरण गरेको अनुमान गरिएको छ। यो अहिलेसम्मकै सबैभन्दा खराब सामूहिक अपहरण हो। प्रहरीका अनुसार शनिबार स्थानीय समयअनुसार दिउँसो दुई बजे छिमेकी केब्बी राज्यको एक बोर्डिङ स्कुलमा हतियारधारी विद्यालय प्रवेश गरेर विद्यार्थीलाई अपहरण गरेका थिए। नाइजेरियाको क्रिस्चियन एसोसिएसनले नाइजर राज्यको पापिरीमा रहेको सेन्ट मेरी स्कुलबाट ३०३ विद्यार्थी र १२ शिक्षकलाई अपहरण गरिएको बताएको छ, जुन पहिले अनुमान गरिएकोभन्दा धेरै बढी हो। सशस्त्र समूहद्वारा आक्रमणको वृद्धिबिच अपहरण भएको हो। सन् २०१४ मा चिबोकमा बन्दुकधारीले २७६ जनालाई अपहरण गरेको थियो।

सुरुमा २१५ जना विद्यार्थी अपहरणमा परेको रिपोर्ट गरिएको थियो। पछि अपहरणमा पर्नेको संख्या तीन सय नाघेको बताइएको छ। अपहरणमा परेका विद्यार्थीको संख्या कुल विद्यार्थी संख्याको आधा रहेको प्राप्त विवरणमा जनाइएको छ। नाइजर राज्यका अधिकारीले आक्रमणको बढ्दो जोखिमको गुप्तचर चेतावनीलाई उक्त विद्यालयले बेवास्ता गरेको बताएका छन्। यसबारे विद्यालयले कुनै टिप्पणी गरेको छैन।

आपराधिक गिरोहद्वारा फिरौतीका लागि मानिसको अपहरण नाइजेरियाका धेरै भागमा एक प्रमुख समस्या बनेको छ। आपराधिक गिरोहलाई पैसाको आपूर्ति कटौती गर्ने प्रयासमा फिरौतीको भुक्तानीलाई गैरकानुनी घोषित गरिएको छ। शुक्रबारको सामूहिक अपहरण पछिल्लो एक सातामा तेस्रो घटना हो। सोमबार पनि बन्दुकधारीले दक्षिणमा रहेको एक विद्यालयका ३८ विद्यार्थी अपहरण गरेका थिए।

द्वन्द्वले कंगोमा चार लाख विस्थापित

किंसासा/ पूर्वी प्रजातान्त्रिक गणतन्त्र कंगो (डिआरसी)मा सन् २०२५ को सुरुदेखि चार लाखभन्दा बढी मानिस विस्थापित भएका छन्। द्वन्द्व बढ्दै गएपछि देशमा विस्थापित बढेको संयुक्त राष्ट्र संघको शरणार्थी निकायले जानकारी दिएको हो। शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त (युएनएचसिआर)ले पूर्वी डिआरसीमा नागरिक र आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू (आइडिपी)को संरक्षणबारे गम्भीर रहेको जनाएको छ। यी क्षेत्रमा लडाकुबिचको लगातार झडपले दक्षिण किभु र उत्तर किभु प्रान्तमा नागरिक सुरक्षाको वातावरण बिग्रिँदै गएको छ।



उत्तरी किभु प्रान्तको साके सहर र यसवरपरका क्षेत्रमा सरकारी सेना र विद्रोहीबिच हिंसात्मक झडप जारी छ। उत्तरी किभु प्रान्तको राजधानी गोमावरिपरि ठुला विस्फोट भएका छन्। तीव्र हिंसाको सामना गरिरहेका तीन क्षेत्र गोमा, साके र कालेबिचका सबै मानवीय मार्ग जारी युद्धका कारण अवरुद्ध भएका युएनएचसिआरले जनाएको छ। घाइतेको आगमनले अस्पतालको आपतकालीन क्षमतालाई तनावपूर्ण बनाएको प्रतिवेदनमा जनाएको छ। दुवै पक्षको गोलाबारीले गोमा र वरपरका क्षेत्रमा विस्थापित बासिन्दामा त्रास फैलाएको छ। धेरै विदेशी दूतावासले अलर्ट जारी गरेका छन्। उत्तरी किभुमा डिआरसी सेनाका प्रवक्ता गुइलाउम एनजिके काइकोले शुक्रबार विद्रोहीले कब्जा गरेको साकेलाई मुक्त गर्ने प्रयास अझै जारी राखेको जनाएको छ। संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसले यस वर्षको सुरुदेखि नै एम २३ ले गरेको आक्रमणको निन्दा गरेका छन्।

अमेरिका र चीनको प्रतिद्वन्द्वितको चपेटामा नाइजेरिया

नाइजेरियामा अमेरिका र चीनको गहिरो चासो छ। तथापि, दुवै शक्तिले नाइजेरियाको भन्दा आफ्नै हितलाई सर्वोत्तम प्राथमिकता दिन्छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केही दिनअघि इस्लामिक विद्रोहीहरूबाट क्रिस्चियनमाथि उत्पीडन भइरहेको भन्दै नाइजेरियाविरुद्ध सैन्य कारबाहीको धम्की दिए। लगत्तै चीनले ट्रम्पको धम्कीको विरोध जनायो। चीनको विदेश मन्त्रालयका प्रवक्ता माओ निङले तीन साताअघि बोल्ने क्रममा नाइजेरियालाई चीनको बृहत्तर रणनीतिक साझेदार बताइन्। 'बृहत्तर रणनीतिक साझेदारको रूपमा चीन धर्म र मानव अधिकारलाई अन्य देशहरूको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने बहाना बनाउने कुराको विरोध गर्दछ। साथै, अन्य देशमाथि प्रतिबन्ध र बल प्रयोग गर्ने धम्कीको समेत हामी दृढतापूर्वक विरोध गर्दछौँ,' निङले भनिन्। त्यही समयतिर नाइजेरियाका लागि चिनियाँ राजदूत यु दुनहाईले सामाजिक सञ्जाल एक्समा लेख्दै भने,' आतंकवादविरुद्धको संघर्षमा र घरेलु स्थिरता कायम राख्न चीन नाइजेरियालाई निरन्तर समर्थन गर्न इच्छुक छ।'

यस घटनामा अफ्रिकाको सबैभन्दा धेरै जनसंख्या भएको देश नाइजेरियालाई लिएर वासिंगटन र बेइजिङबिचको प्रतिस्पर्धा गहिरिँदै गएको उदांगियो। जनवरीमा राष्ट्रपतिको रूपमा ट्रम्प सत्तामा फर्किएदेखि वासिंगटन र बेइजिङबिच धेरै विषयमा तनाव बढेको छ। चिनियाँ राष्ट्रपति सी जिनपिङ र ट्रम्पबिच हालै भएको भेटघाटका बाबजुद दुई देशबिच विभिन्न मोर्चामा चलिरहेको तनाव अन्त्य हुने छाँटकाँट छैन। अहिले नाइजेरियाली कतै दुई महाशक्तिको संघर्षको गोटी हुने हो कि भनेर चिन्तित छन्।



चिनियाँ राष्ट्रपति जिनपिङ र अमेरिकी राष्ट्रपति ट्रम्पबिच हालै भएको भेटघाटका बाबजुद दुई देशबिच विभिन्न मोर्चामा चलिरहेको तनाव अन्त्य हुने छाँटकाँट छैन। अहिले नाइजेरियाली कतै दुई महाशक्तिको संघर्षको गोटी भइने हो कि भनेर चिन्तित छन्।



● प्याट्रिक एग्बु

नाइजेरियामा जन्मेका स्वतन्त्र पत्रकार प्याट्रिक हाल टोरोन्टोमा मिडिया अनुसन्धानकर्ता छन्।

'जारी विवादलाई चीनले आफूलाई गैरहस्तक्षेपकारी शक्ति देखाउने अवसरको रूपमा प्रयोग गर्दै छ। साथै, उसले अमेरिकालाई अरू देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्न चाहने हेपाया देश देखाउन खोज्दै छ। अमेरिकी चरित्रको विपरीत आफूले अफ्रिकी देशको सार्वभौमिकताको सम्मान गर्ने र व्यापारमा केन्द्रित रहेको बेइजिङले दाबी गर्छ,' नाइजेरियाभित्रको द्वन्द्वको अध्ययन गरिरहेका वासिंगटनस्थित हडसन इन्स्टिच्युटका गैरआवासीय फेलो जेम्स बार्नेटले भने।

बार्नेटका अनुसार चीनको नीतिले काम गरेको छ। अहिले नाइजेरियाली सरकारले मात्र नभएर अन्य अफ्रिकी सरकारले समेत बेइजिङलाई उत्तम विकल्पको रूपमा हेर्न थालेको बार्नेटको ठम्याइ छ। खासमा अफ्रिकी देशहरूले वासिंगटनबाट हेपाहा व्यवहार महसुस गर्न थालेको ट्रम्पको आगमनपछि होइन, पहिलेदेखि नै हो। तर ट्रम्प विगतको भन्दा अगाडि गएको तिनको ठम्याइ छ। जुन कुरा एउटा समुदायमाथिको दमनलाई देखाएर नाइजेरियामाथि सैन्य कारबाहीको धम्कीमै देखिएको बार्नेटले बताए। अहिले नै अमेरिकी सेना नाइजेरियामा नउत्रिएलान्, तर ड्रोन आक्रमण वा अमेरिकी सेनाको विशेष अपरेसनको 'जोखिममुक्त परिदृश्य' कायम रहेको बार्नेटले बताए।

जोहान्सबर्ग विश्वविद्यालयका वरिष्ठ अनुसन्धान सहयोगी इमेका उमेजईका ठम्याइमा नाइजेरियामा अमेरिका र चीनको गहिरो चासो छ। तथापि, दुवै शक्तिले नाइजेरियाको भन्दा आफ्नै हितलाई सर्वोत्तम प्राथमिकता दिन्छन्। 'यो केवल भूराजनीतिक प्रतिद्वन्द्विता हो। चीन आफ्नो आर्थिक हित सुरक्षित गर्न लडिरहेको छ। त्यसैले उसले सरकारअनुकूलको अडान लिइरहेको हुन सक्छ। तथ्यांक हेर्ने हो भने चीनले अमेरिकाले भन्दा बढी नाइजेरियाबाट रकम लगिरहेको छ,' इमेकाले भने। नाइजेरियाको राष्ट्रिय तथ्यांक ब्युरोको तथ्यांकअनुसार चीन नाइजेरियाको सबैभन्दा ठुलो व्यापारिक साझेदार हो। दुई देशबिचको व्यापार अहिले २१.९ अर्ब डलर पुगेको छ, जुन सम्पूर्ण अफ्रिकासँग चीनको कुल व्यापारको झन्डै ८ प्रतिशत हो। चीनले नाइजेरियासँग सुन, तामा र लिथियमको अन्वेषण र खानी सम्झौता गरेको छ। त्यस्तै, बेइजिङ नाइजेरियाभित्र काठको व्यापारमा पनि व्यापक संलग्न छ। नाइजेरियाली स्रोतमाथि बेइजिङको उच्च चासोबारे जानकार नाइजेरियाली अधिकारी अमेरिका यसमा ठुलो हिस्सा खोज्न प्रतिस्पर्धामा उत्रेला भनेर चिन्तित छन्।

'चिनिया खानी सञ्चालकप्रति नाइजेरियालीको निराशा बढ्दै गएको देखिन्छ। चिनियाँहरूले खराब अवस्थामा खानी सञ्चालन गरिरहेको र स्थानीय श्रमिकको शोषण गरेको तिनको गुनासो हुन्छ। अझ, असन्तोष दबाउन उनीहरू भ्रष्ट राजनीतिज्ञ र सशस्त्र समूहहरूसँग समेत मिलेर काम गर्ने गरेको देखिन्छन्। यसले गर्दा असुरक्षा बढ्दै गएको छ,' बार्नेटले भने।

नाइजेरियाको एक तप्कामा इसाईहरूको दमन भएको ट्रम्पको टिप्पणीप्रति सहमति देखिन्छ। नाइजेरियामा कैयौँ सशस्त्र समूह सक्रिय छन्। आमनागरिक बोकोहरामदेखि स्थानीय रूपमा सक्रिय आपराधिक गिरोहसम्मको आक्रमणमा परिरहन्छन्। त्यसबाहेक फुलानी जातिका सशस्त्र गोठालादेखि मुख्यतः मुस्लिम घुमन्ते समूहको पनि आक्रमण बढिरहेको छ। नाइजेरियामा क्रिस्चियन मुख्यतः दक्षिणी भेगमा र मुस्लिम उत्तरी भेगमा बसोवास गर्छन्। क्रिस्चियनहरू धेरैजसो सशस्त्र समूहको निसाना पर्ने गरेको तथ्यांकले देखाउँछ। एक रिपोर्टअनुसार सन् २०२५ मा मात्र ३,१०० जना क्रिस्चियनहरूलाई मारिएको र २,८३० अपहरण परेको तथ्यांकले देखाउँछ। तथापि, मुस्लिम लडाकुहरूको निसानामा सधर्मी मुस्लिम पनि परेका छन्।

सेप्टेम्बरमा, अमेरिकी सिनेटर टेड क्रुजले सिनेटमा 'नाइजेरिया रिलिजस फ्रिडम एकाउन्टिब्ली एक्ट' नामक विधेयक पेस गरेका थिए। विधेयकले इसाईहरूको हत्याका लागि जिम्मेवार अधिकारीमाथि गम्भीर प्रतिबन्ध लगाउने प्रस्ताव गरेको छ। अक्टोबरमा, अमेरिकी विदेश मन्त्रालयले नाइजेरियालाई 'कन्ट्री अफ पार्टिकुलर कन्सर्न (विशेष चिन्ताजनक देश)' तोकेको थियो। यसअघि ट्रम्पको पहिलो कार्यकालमा पनि सन् २०२० मा अमेरिकाले नाइजेरियालाई यस वर्गीकरणमा राखेको थियो। अमेरिकी सरकारले 'धार्मिक स्वतन्त्रताको गम्भीर उल्लंघन' मा संलग्न ठानेका देशहरूलाई यस वर्गीकरणमा राख्छ। यसमा नाइजेरियासँगै चीन, उत्तर कोरिया र रुस छन्।

युनिभर्सिटी अफ नोट्रे डेम-इन्डियानाकामा राजनीतिक-धर्मशास्त्रमा पिएचडी गरिरहेका नाइजेरियाली क्याथोलिक पादरी इमानुएल ओजेइफो ठम्याइमा पनि विश्वमा नाइजेरियाको स्तरमा कमै देशमा क्रिस्चियन मारिइरहेका छन्। 'यदि ट्रम्पकै कारणले नाइजेरियाको अवस्थामाथि प्रकाश परेको भए पनि जायज नै मान्न सकिन्छ,' ओजेइफोले भने। ट्रम्पले खासमा नाइजेरियाली सरकारलाई आफ्ना नागरिकको धार्मिक स्वतन्त्रताको संरक्षण गर्नुपर्ने संवैधानिक जिम्मेवारीबारे जगाउन खोजेको ओजेइफोको बुझाइ छ।

अमेरिका-चीन प्रतिद्वन्द्वितामा नाइजेरियाले आफ्नो हितलाई पहिलो प्राथमिकता दिनुपर्ने, जोहानेसबर्ग विश्वविद्यालयका अनुसन्धानकर्ता इमेजईले बताउँछन्। 'जबसम्म नाइजेरियाले आफ्नो प्राथमिकता ख्याल गर्दैन, ऊ विश्वव्यापी शक्ति प्रतिस्पर्धाको गोटी बन्ने सम्भावना रहन्छ,' उनले भने।

फरेन पोलिसीबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ८ मंसिर ०८२

सात खर्बको वैदेशिक व्यापारमा पाँच खर्ब घाटा, निर्यात खर्बनजिक

करिब ७९ अर्बको डिजेल, पेट्रोल, ग्यास र हवाई इन्धन आयात, पैठारीकै भरमा सोयाबिन तेलको उच्च निर्यात

पवन तिमिल्सिना / नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को कात्तिक मसान्तसम्म सात खर्बको वैदेशिक व्यापार हुँदा नेपालले पाँच खर्ब घाटा व्यहोरेको छ। भन्सार विभागले आइतबार सार्वजनिक गरेको तथ्यांकअनुसार चालू आवको चार महिनामा कुल सात खर्ब दुई अर्ब ९४ करोड ७० लाख नौ हजार रुपैयाँको वस्तु तथा सेवा आयात-निर्यात भएको छ। यो अवधिमा सन्तोषजनक निर्यात हुन नसक्दा पाँच खर्ब १५ अर्ब ९५ करोड ५४ लाख ५७ हजार व्यापार घाटा भएको छ।

कात्तिक मसान्तसम्म ९३ अर्ब ४९ करोड ५७ लाख ७६ हजारबराबरको निर्यात भएको विभागले जनाएको छ। यो कुल वैदेशिक व्यापारमा १३.३० प्रतिशतको हिस्सेदारी हो। आयातको हिस्सा भने ८६.७० प्रतिशत छ। विभागका अनुसार सबैभन्दा धेरै कच्चा सोयाबिनको तेल ३७ अर्ब ९६ करोड ४२ लाख ६३ हजार मूल्यबराबरको आयात भएको छ। त्यसपछि डिजेल ३१ अर्ब ८९ करोड, पेट्रोल २२ अर्ब ३७ करोड, ग्यास १८ अर्ब आठ करोड र हवाई इन्धन ६ अर्ब ४४ करोडको आयात भएको छ। डिएपी १७ अर्ब १५ करोड, स्मार्ट फोन १६ अर्ब १५ करोड, सुन १५ अर्ब ७२ करोड र आइरन-स्टिल १० अर्ब १७ करोड मूल्यबराबरको आयात भएको विभागको तथ्यांक छ।

निर्याततर्फ पनि सोयाबिन तेलकै वर्चस्व रहेको छ। आयातको तुलनामा ४७ करोड मूल्यवृद्धि भई निर्यात भएकोमा कुल ३८ अर्ब ४३ करोड सोयाबिन तेल निर्यात भएको विभागले जनाएको छ। सोयाबिन तेलको तुलनामा अन्यको निर्यात भने न्यून छ। दोम्रो स्थानको अलैंची तीन अर्ब ९७ करोड, गलैंचा-कार्पेट तीन अर्ब २६ करोड, सनफ्लावरको दाना तथा तेल दुई अर्ब ७३ करोडको निर्यात भएको विभागले जनाएको छ। त्यसैगरी, जुट दुई अर्ब १५ करोड, फेल्ट दुई अर्ब ११ करोड र पाम आयल दुई अर्ब ६ करोडको निर्यात भएको छ।



- सबैभन्दा धेरै कच्चा सोयाबिनको तेल ३७ अर्ब ९६ करोडबराबरको आयात, ४७ करोड मूल्यवृद्धि भई कुल ३८ अर्ब ४३ करोड सोयाबिन तेल निर्यात
- दोम्रो स्थानको अलैंची तीन अर्ब ९७ करोड, गलैंचा-कार्पेट तीन अर्ब २६ करोड, सनफ्लावरको दाना तथा तेल दुई अर्ब ७३ करोडको निर्यात

कुन नाकाबाट भयो धेरै आयात-निर्यात ?

विभागका अनुसार वीरगन्ज भन्सार कार्यालयबाट सबैभन्दा धेरै दुई खर्ब ८२ अर्ब ४१ करोड चार लाख ४२ हजार मूल्यको वस्तु आयात भएको छ। त्यस्तै, भैरहवा नाकाबाट ९३ अर्ब २७ करोड ३९ लाख ५२ हजार, विराटनगर नाकाबाट ७३ अर्ब २९ करोड ३२ लाख २४ हजार, त्रिभुवन विमानस्थलबाट ७१ अर्ब ३६ करोड ७० लाख ४८ हजार र नेपालगन्जबाट २३ अर्ब ८३ करोड पाँच लाख ४९ हजारको वस्तु आयात भएको विभागले जनाएको छ।

त्यस्तै, निर्याततर्फ पनि वीरगन्जबाट नै धेरै वस्तु विदेशिएका छन्। वीरगन्जबाट ३२ अर्ब ९५ करोड ६७ लाख ४७ हजार, विराटनगरबाट २७ अर्ब ६९ करोड ९२ लाख ३४ हजार, त्रिभुवन विमानस्थलबाट १२ अर्ब नौ करोड ८१ लाख १४ हजार र भैरहवाबाट नौ अर्ब ४८ करोड ७९ लाख २८ हजार मूल्यको वस्तु निर्यात भएको भन्सार विभागले जनाएको छ।



कात्तिकसम्मको वैदेशिक व्यापार अवस्था

- **कुल वैदेशिक व्यापार** : ७ खर्ब २ अर्ब ९४ करोड ७० लाख
- **कुल आयात** : ६ खर्ब ९ अर्ब ४५ करोड १२ लाख ३३ हजार
- **कुल निर्यात** : ९३ अर्ब ४९ करोड ५७ लाख ७६ हजार
- **व्यापार घाटा** : ५ खर्ब १५ अर्ब ९५ करोड ५४ लाख
- **कुल राजस्व प्राप्ति** : १ खर्ब ५७ अर्ब २७ करोड ७८ लाख
- **निर्यातको हिस्सा** : १३.३० प्रतिशत
- **आयातको हिस्सा** : ८६.७०

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	**१) ऋणी फर्म : श्री यादव एकिकृत कृषि फार्म, प्रोप्राईटर तथा जमानीकर्ता: रामकिशोर प्रसाद यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया (बारा) नेपालमा प्रा.फ.नं.घ.उ.वि. ८०९६/६१५/०७६/७७, दर्ता मिति २०७६/०९/२२, ठेगाना: जिल्ला बारा, सुवर्ण गा.पा. वडा नं. १, कि.नं. २८३
	२) ऋणी : रामकिशोर प्रसाद यादव स्थायी ठेगाना : बारा जिल्ला, कवहीजब्दी गा.वि.स. वडा नं. ९, हालको ठेगाना : बारा जिल्ला, महागढीमाई न.पा. वडा नं. ८ बाबु : भिखारी राउत अहिर, बाजे : राम लखन राउत अहिर
२	**ऋणी: सुर्य बहादुर मगर** स्थायी ठेगाना : धादिङ जिल्ला, तर्सपु गा.वि.स. वडा नं. १, हालको ठेगाना : धादिङ जिल्ला, थाके गा.पा. वडा नं. ६ बाबु : सानुकान्छा मगर, बाजे : कर्ण बहादुर मगर
३	**ऋणी : रुदल प्रसाद कोहार** स्थायी ठेगाना : नवलपरासी जिल्ला, सोमानी गा.प. वडा नं. २, हालको ठेगाना : नवलपरासी जिल्ला, प्रतापपुर गा.पा. वडा नं. ३, बाबु : चोकट कोहार, बाजे : सेन्हे कोहार
४	**१) ऋणी फर्म : बिन्द्रावन ट्रेक्टर पार्टस सेन्टर, प्रोप्राईटर तथा जमानीकर्ता : विन्द्रावन केवट** दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देही प्रा.फ.र.नं. ५०३७०/०७७/७८, दर्ता मिति : २०७७/१२/०४, ठेगाना: जिल्ला रुपन्देही, गौडहवा गा.पा. वडा नं. ९
	२) ऋणी : विन्द्रावन केवट ठेगाना : रुपन्देही जिल्ला, गौडहवा गा.पा. वडा नं. ९, बाबु : नगेश्वर केवट, बाजे : हंस राज केवट
५	**ऋणी : पुष्पा पौडेल** स्थायी ठेगाना : रुपन्देही जिल्ला, दयानगर गा.वि.स. वडा नं. ७, हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८, बाबु : जिव नाथ पौडेल, ससुरा : रुद्र बहादुर पछाई, पति : हेम बहादुर पछाई
६	**१) ऋणी : वसी उल्लाह पठान** स्थायी ठेगाना : रुपन्देही जिल्ला, पजरकट्टी गा.वि.स. वडा नं. २, हालको ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. २, बाबु : हमिद पठान, बाजे : ईस्माइल पठान
	२) ऋणी : मोहम्मद सफीक पठान स्थायी ठेगाना : रुपन्देही जिल्ला, पोखरभिण्डी गा.वि.स. वडा नं. १, हालको ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. २, बाबु : वसी उल्लाह पठान, बाजे : हमिद पठान
७	**१. ऋणी: राजु मुक्तान** स्थायी ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ८, हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ८ बाबु : लाल बहादुर मुक्तान, बाजे : धने मुक्तान
	२. ऋणी: सुकुमायाँ बल स्थायी ठेगाना : रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ५, हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ८ बाबु : बाबुलाल बल, ससुरा : लाल बहादुर मुक्तान, पति : राजु मुक्तान
८	**१. ऋणी फर्म: नकुल एकिकृत पशु फर्म, प्रोप्राईटर तथा जमानीकर्ता: नकुल अर्याल** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, (प्रदेश नं. ३), हेटौंडा, मकवानपुरमा प्रा.फ.द.नं. १८९/९६/२०७५/२०७६, दर्ता मिति: २०७६/०२/२७, ठेगाना: जिल्ला मकवानपुर, मनहरी गा.पा. वडा नं. ९
	२. ऋणी: राम कृष्ण अर्याल स्थायी ठेगाना : मकवानपुर जिल्ला, मनहरी गा.प. वडा नं. ७, हालको ठेगाना : मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ९ बाबु : दिप बहादुर अर्याल, बाजे : हर्क बहादुर अर्याल
	३. ऋणी: नकुल अर्याल स्थायी ठेगाना : मकवानपुर जिल्ला, मनहरी गा.वि.स. वडा नं. ७, हालको ठेगाना : मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ९ बाबु : राम कृष्ण अर्याल, बाजे : दिप बहादुर अर्याल
९	**१) ऋणी फर्म : श्री सूर्य विनायक ज्वेलर्स, प्रोप्राईटर तथा जमानीकर्ता : रमेश रामदाम** दर्ता नं.: वाणिज्य कार्यालय, भैरहवामा, रुपन्देही प्रा.फ.र.नं. २१७०७/०६४, दर्ता मिति : २०६४/०७/१९, ठेगाना: जिल्ला रुपन्देही, सिद्धार्थनगर न.पा. वडा नं. ८
	२) ऋणी : रमेश रामदाम ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८, बाबु : पूर्णबहादुर विश्वकर्मा, बाजे : गंगाधर विश्वकर्मा
	कर्जाको किसिम-व्यक्तिगत कर्जा **३) ऋणी : दुर्गा रामदाम** ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८, बाबु : श्री प्रसाद विश्वकर्मा, ससुरा : पूर्णबहादुर विश्वकर्मा, पति : रमेश रामदाम
	जमानीकर्ता : रमेश रामदाम, ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८, बाबु : पूर्णबहादुर विश्वकर्मा, बाजे : गंगाधर विश्वकर्मा

नोट: ऋणी तथा जमानीकर्ता/प्रोपाइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/प्रोपाइटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

सात खर्बको लगानी स्वीकृत गर्ने लगानी बोर्डको लक्ष्य

काठमाडौं / चालू आर्थिक वर्षमा सात खर्ब रुपैयाँबराबरको लगानी स्वीकृत गर्ने लक्ष्य राखिएको लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले बताए। विगतमा वार्षिक करिब एक खर्ब रुपैयाँबराबरको लगानी स्वीकृत हुने गरेकोमा गत आर्थिक वर्षमा बोर्डले दुई खर्ब ५६ अर्ब रुपैयाँबराबरको लगानी स्वीकृत गरेको उनले बताए।

त्यस्तै, अहिले १६ खर्ब रुपैयाँबराबरका लगानी आयोजना पाइपलाइनमा रहेको भन्दै यसले पनि थप आशाको सञ्चार गरेको उनले बताए। आइतबार नेपाल आर्थिक पत्रकार संघसँगको भेटमा सिइओ ज्ञवालीले परम्परागत जलविद्युत्बाहेक सूचना प्रविधि पार्क, हाइड्रोजन ऊर्जा र कृषि-सोलारजस्ता भविष्यमुखी परियोजनासमेत समावेश रहेको उनको भनाइ छ।

विदेशी लगानीकर्ताको विश्वास जित्न र लगानीको वातावरणलाई पुनः लयमा फर्काउन सक्रिय रूपमा पहल गरिरहेको बोर्डका सिइओ ज्ञवालीले बताएका छन्। जेन-जी आन्दोलनका कारण अन्तर्राष्ट्रियस्तरमा सिर्जना भएको नकारात्मक छविलाई सुधार गर्ने प्रयास भइरहेको उल्लेख गरे। पछिल्ला चुनौतीका बाबजुद लगानी स्वीकृतिमा भने उत्साहजनक वृद्धि देखिएको उनले बताए।

■ सूर्यविनायक-धुलिखेल सडक विस्तार सुस्त

ठेक्काको म्याद गुज्रिनै लाग्दा ५० प्रतिशत मात्रै काम सकियो



नयाँ पत्रिका

सूर्यविनायक-धुलिखेल सडकखण्ड विस्तार आयोजना ठेक्का सम्झौताको म्याद गुज्रिनै लाग्दा विस्तारको काम भने ५० प्रतिशत मात्रै सकिएको छ। काम सम्पन्न हुनुपर्ने वेलामा ठेकेदारहरू म्याद थपका लागि दौडधुप गरिरहेका छन्।

अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक-धुलिखेल सडकखण्डलाई ६ लेनमा विस्तार गर्न २४ पुस ०७९ मा दुई खण्डमा बाँडेर ठेक्का सम्झौता भएको थियो। झन्डै १६ किलोमिटर सडक विस्तारको काम तीन वर्षभित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो। तर, हालसम्म औसतमा ५० प्रतिशत मात्रै काम सकिएको छ। अहिले ठेकेदारहरू आयोजनाको म्याद डेढ वर्षसम्म थप्नका लागि दौडधुप गरिरहेका सडक विभागका एक अधिकारीले बताए।

काठमाडौंलाई उत्तर र पूर्वमा जोड्ने यो सडक विस्तारका लागि ७.५ किमि लामो सूर्यविनायक-साँगा सडकखण्ड तीन अर्ब ८८ करोड ९३ लाख र साँगा-धुलिखेल ८.४ किमि सडकखण्ड विस्तारका लागि चार अर्ब पाँच करोड ६४ लाखमा ठेक्का सम्झौता भएको थियो। सूर्य विनायक-साँगाको म्याद मंसिरमा र साँगा-धुलिखेलको म्याद पुसमा सकिँदै छ। तर, सूर्यविनायकदेखि साँगासम्मको ८.३ किलोमिटर खण्डको प्रगति ४५ प्रतिशत रहेको छ। साँगादेखि धुलिखेलसम्मको ७.५ किलोमिटर सडकखण्ड विस्तार प्रगति ५५ प्रतिशत रहेको छ। हाल दुवै प्याकेजको निर्माण धमाधम भइरहेको भए पनि तोकिएको समयमा नसकिने निश्चित छ।

सडक सीमा विवाद, घरटहरा हटाउने समस्या, बजेटको अभावलगायतका कारणले आयोजनाको निर्माणकार्य प्रभावित भएको थियो। आयोजनाका लागि चालू आर्थिक वर्षमा ७० करोड रुपैयाँ मात्र विनियोजन गरिएको छ। आयोजनाले करिब चार अर्ब रुपैयाँ थप बजेट माग गरेको छ। दुर्व प्याकेजमा टेवा पर्खाल तथा नाली निर्माण प्रगति ९५ प्रतिशत रहेको छ। साँगा–धुलिखेल खण्डको करिब दुई किलोमिटर सडक कालोपत्रे गरिएको छ।

कामको गति बढाउन मन्त्री घिसिङको निर्देशन

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले आइतबार सूर्यविनायक-धुलिखेल सडक विस्तारको अनुगमन गरी कामको गति बढाउन निर्देशन दिएका छन्। सडक विस्तारको निर्माण प्रगतिबारे जानकारी लिँदै उनले अहिले उपयुक्त मौसम भएका वेला निर्माणलाई तीव्रता दिन निर्देशन दिएका हुन्।

मन्त्री घिसिङले निर्माण प्रगति, समस्यालगायतका विषयमा सडक विभागका महानिर्देशक, आयोजना प्रमुख, निर्माण व्यवसायीसँग छलफल गरी काम गर्ने अहिले उपयुक्त मौसम रहेकाले निर्माणलाई तीव्रता दिन आग्रहसमेत गरे। उनले आयोजनातर्फबाट निर्णय गर्न बाँकी विषय भए ती विषयमा तत्काल निर्णय गर्न, जनशक्ति र उपकरण थप गरी निर्माणमा पूर्ण रूपमा परिचालित भई आगामी असारभित्रमा सडक विस्तार सम्पन्न गर्ने गरी काम गर्न आग्रह गरे। अर्थ मन्त्रालयबाट प्रतिबद्धता जनाइसकेकाले अब आयोजना निर्माणमा बजेट अभाव नहुने उनले उल्लेख गरे।

मन्त्री घिसिङले बनेपा नगरपालिकाका प्रमुखसँग छलफल गरी बनेपा बजार क्षेत्रमा सडक विस्तारमा देखिएको समस्या समाधानका लागि आवश्यक सहयोग र सहजीकरण गरिदिन पनि आग्रह गरे।

नेसनल फन्डको आइपिओ आउँदै

काठमाडौं / नेसनल फन्ड म्यानेजमेन्ट लिमिटेडले सर्वसाधारणमा सेयर (आइपिओ) निष्कासन गर्ने भएको छ। कम्पनीले सेयर निष्कासन तथा बिक्री प्रबन्धकसम्बन्धी कार्यका लागि लक्ष्मी सनराइज क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ।



यससम्बन्धी सम्झौता नेसनल फन्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सरोज गुरागाईं र सनराइज क्यापिटलका सिइओ विजयलाल श्रेष्ठले आइतबार सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। नेसनल फन्डले १०० रुपैयाँ अंकित दरका २१ लाख ६ हजार कित्ता आइपिओ जारी गर्नेछ। साथै, कम्पनी कोष व्यवस्थापक रही पुँजी संकलन कार्य सम्पन्न गरी विविधीकृत प्राइभेट इक्विटी फन्डका रूपमा 'नेसनल इक्विटी फन्ड-१' र ऊर्जा क्षेत्रलक्षित प्राइभेट इक्विटी फन्डका रूपमा 'नेसनल हाइड्रो फन्ड-२' सञ्चालन गर्दै आएको छ।

बागमतीमा १८ सय नयाँ उद्योग दर्ता

वाणिज्यतर्फ सबैभन्दा धेरै काठमाडौंमा दुई सय ६६ र कम रसुवामा पाँचवटा फर्म दर्ता

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशमा आर्थिक वर्ष ०८२/८३ को पहिलो त्रैमासिकमा एक हजार आठ सय २९ वटा नयाँ उद्योग दर्ता भएका छन्। प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका अनुसार अधिकांश उद्योगहरू काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर र काभ्रेमा केन्द्रित रहेका छन्।

मन्त्रालयका सूचना अधिकारी सुनील बज्राराका अनुसार यस अवधिमा काठमाडौं जिल्लामा सर्वाधिक ६ सय ७२ वटा उद्योग दर्ता भएका छन्। काठमाडौंपछि नुवाकोटमा धेरै उद्योगहरू दर्ता भएका छन्। उनले नुवाकोटमा मात्रै दुई सय २८ नयाँ उद्योग दर्ता भएको जानकारी दिए। यस्तै, प्रदेशको राजधानी हेटौंडा रहेको मकवानपुरमा एक सय २३ वटा उद्योग दर्ता भएका छन् भने काभ्रेमा दुई सय १०, ललितपुरमा एक सय ६९ र भक्तपुरमा ९४ उद्योग दर्ता भएका छन्।

यसैगरी चितवनमा ८९, सिन्धुलीमा ५७, रामेछापमा ३२, दोलखामा ३९, सिन्धुपाल्चोकमा २७, रसुवामा १२, नुवाकोटमा दुई सय २८ र धादिङमा ७६ उद्योग पछिल्ला तीन महिनामा दर्ता भएका सूचना अधिकारी बज्जाराले जानकारी दिए। मन्त्रालयका तथ्यांकअनुसार आर्थिक वर्ष ०८२/८३ को प्रथम त्रैमासिकमा वाणिज्यतर्फ मात्रै कुल आठ सय ३८ वटा उद्योग दर्ता भएका छन्। वाणिज्यतर्फ पनि सबैभन्दा धेरै काठमाडौं जिल्लामा दुई सय ६६ वटा उद्योग दर्ता भएका छन् भने सबैभन्दा कम रसुवामा पाँचवटा दर्ता भएका छन्।

यस्तै मकवानपुर, ललितपुर, भक्तपुर, चितवन, काभ्रे, सिन्धुली, सिन्धुपाल्चोक, रामेछाप, धादिङ, नुवाकोट र दोलखामा क्रमशः एक सय नौ, ४०, ६१, एक सय दुई, ९७, ५२, १६, १०, २० र ४६ वटा नयाँ उद्योग दर्ता भएका छन्।



■ सात करोड २३ लाख ७० हजार राजस्व संकलन

बागमतीमा चालू आर्थिक वर्षको ०८२/८३ को तीन महिनाको अवधिमा नयाँ उद्योग, दर्ता, बन्द, संशोधनलगायतबाट कुल सात करोड २३ लाख ७० हजार राजस्व संकलन भएको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय बागमतीका अधिकृत रमेश पौडेलले जानकारी दिए। जसमा सबैभन्दा धेरै काठमाडौंका उद्योगहरूबाट दुई करोड ५७ लाख ५० हजार १२ रुपैयाँ राजस्व संकलन भएको छ।

यस्तै, मकवानपुरमा ५८ लाख ५५ हजार एक सय २५, चितवनमा ८४ लाख ३४ हजार सात सय ७५, ललितपुरमा ७७ लाख २३ हजार नौ सय ६९, काभ्रेमा ६० लाख ५६ हजार नौ सय, भक्तपुरमा ३९ लाख ९८ हजार एक सय ५५, नुवाकोटमा ३४ लाख ९६ हजार ४ सय २५, धादिङमा ३० लाख १३ हजार ४१, सिन्धुलीमा १८ लाख ९० हजार २१० रुपैयाँ राजस्व संकलन भएको हो।

त्यस्तै, सिन्धुपाल्चोकमा १७ लाख ६७ हजार चार सय २५, दोलखामा १६ लाख ३७ हजार आठ सय २५, रामेछापमा १२ लाख ४६ हजार ६ सय ५०, दोलखामा १६ लाख ३७ हजार आठ सय २५ र रसुवामा चार लाख ८४ हजार ३७ रुपैयाँ राजस्व संकलन भएको पौडेलले जानकारी दिनुभयो। यस अवधिमा उद्योग तथा वाणिज्यबाट भएको बजार अनुगमनबाट नियमविपरीत सञ्चालन भएका उद्योग तथा फर्मलाई कुल १२ लाख १३ हजार जरिवाना लगाइएको छ।

प्रदेशमा दर्ता भएका प्रमुख उद्योगहरूमा कपडाका सामान, जीवजन्तुको आहार, छालाका जुत्ता, ऊनको तयारी पोसाक, सुतीको तयारी पोसाक, गलैंचा, पश्मिना, फेल्टका सजावटका सामान, चाउचाउ, पेय पदार्थ, बिस्कुट, इँटा, औषधी र सिमेन्ट उद्योगहरू पर्छन्।

बागमती प्रदेशमा गत आर्थिक वर्ष २०८१/०८२ मा औद्योगिक गतिविधि सकारात्मक देखिएको नेपाल राष्ट्र बैंकले गरेको अध्ययनले पनि देखाएको छ। अघिल्लो साता मात्रै नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको बागमती प्रदेशको आर्थिक वर्ष ०८१/८२ को आर्थिक गतिविधि अध्ययनको वार्षिक प्रतिवेदनअनुसार ०८१ साउनदेखि ०८२ को अन्तिमसम्मको अवधिमा प्रदेशमा उद्योग दर्ता, राजस्व संकलनलगायत अन्य औद्योगिक गतिविधि सकारात्मक देखिएको हो। प्रतिवेदनअनुसार अघिल्लो आर्थिक वर्षमा उद्योगहरूले कुल ७१ अर्ब ९७ करोड रुपैयाँबराबरको पुँजी प्रस्ताव गरेका छन् भने २४ हजार ९३ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गर्ने अपेक्षा गरिएको छ।

माछापुच्छ्रे बैंक र जोयालुक्कास एक्सचेन्जबिच रेमिट्यान्स सम्झौता



काठमाडौं/ माछापुच्छ्रे बैंक लिमिटेड र संयुक्त अरब इमिरेट्स (युएई) स्थित जोयालुक्कास एक्सचेन्जबिच सम्झौता भएको छ। सम्झौतापत्रमा जोयालुक्कास एक्सचेन्जका तर्फबाट महाप्रबन्धक मरिशकुमार कर्ण र बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत प्रसिद्धराज अर्यालले हस्ताक्षर गरे।

यससँगै युएईस्थित जोयालुक्कास एक्सचेन्जका ३० भन्दा बढी शाखाबाट 'एमबिएल रेमिट' गरी सजिलै नेपाल पैसा पठाउन सक्नेछन्। सो रकम माछापुच्छ्रे बैंकका देशभरका एक सय ६५ शाखा, शाखारहित बैंकिङ सेवा र ११ एक्सटेन्सन काउन्टर तथा २० हजारभन्दा बढी रेमिट्यान्स एजेन्टमार्फत सजिलै भुक्तानी लिन सकिने जनाइएको छ।

जोयालुक्कास एक्सचेन्जबाट 'एमबिएल रेमिट' गरी पठाइएको रेमिट्यान्स नेपालका जुनसुकै बैंकका खातामा तुरुन्त जम्मा हुने व्यवस्था गरिएको बैंकले जानकारी दिएको छ।

महालक्ष्मी विकास बैंकका ग्राहकलाई दुईवटा संस्थामा छुट



काठमाडौं/ महालक्ष्मी विकास बैंकका ग्राहकले दुईवटा कफीसपमा छुट प्राप्त गर्न सक्ने भएका छन्। बैंकले कफी पारखीलाई लक्षित गर्दै अरेबिका कफी र क्याफियोफिलिया कफी, भैंसेपाटीसँग सम्झौता गरेको छ।

सम्झौताअनुसार बैंकका डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ताले अरेबिका कफीका दरबारमार्ग, बौद्ध, बानेश्वर, राधे-राधे भक्तपुर, युएन पार्क ललितपुर, मानभवन, कालीमाटी, बुढानीलकण्ठ र भैंसेपाटी ललितपुर शाखाले प्रदान गर्ने सेवामा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। कफी तथा तातो पेय पदार्थमा १० प्रतिशत र इटालियन खानामा १५ प्रतिशतसम्म छुट हुने बैंकले जनाएको छ।

त्यसैगरी क्याफियोफिलिया, भैंसेपाटीले प्रदान गर्ने बेकरी आइटमबाहेकका सेवामा भने ग्राहकलाई १० प्रतिशतसम्म छुट हुने बताइएको छ। यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहक प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ। हालै मात्र बैंकले आफ्ना क्रेडिट कार्डवाहकले विभिन्न ट्राभल एजेन्सीमार्फत टुर प्याकेज खरिद गर्दा महालक्ष्मी बैंकको क्रेडिट कार्ड प्रयोग गरी खरिद गर्न सक्ने योजनाको सुरुवातसमेत गरेको छ।

एनआइएमबी एस क्यापिटलसहितले गरे 'रोड टु आइपिओ' कार्यक्रम



काठमाडौं/ एनआइएमबी एस क्यापिटल, पायोनियर ल फर्म र केयर एज रेटिङको आयोजनामा चितवनमा 'रोड टु आइपिओ एन्ड क्रेडिट रेटिङ' कार्यक्रम गरिएको छ। उद्यमी-व्यवसायीलाई सेयर निष्कासन (आइपिओ) प्रक्रिया तथा क्रेडिट रेटिङबारे जानकारी दिन र सर्वसाधारणमा वित्तीय साक्षरता अभिवृद्धि गर्न उक्त कार्यक्रम आयोजना गरिएको बताइएको छ। कार्यक्रम नेपाली युवा उद्यमी फोरम (एनवाइएफ) को आयोजनामा भएको हो।

एनवाइएफ चितवनका अध्यक्ष निशान पौडेलले नयाँ उद्यमीका लागि क्षमता अभिवृद्धि कार्यक्रमको महत्त्वमाथि प्रकाश पारे। एनआइएमबी एस क्यापिटलका नायब प्रमुख कार्यकारी अधिकृत सचिन्द्र ढुंगानाले आइपिओका लागि रणनीतिक योजनासम्बन्धी वर्कसप सञ्चालन गरेका थिए। उनले कम्पनीहरूले आइपिओका लागि कसरी तयारी गर्ने, सूचीकरणका लागि उचित योजना किन आवश्यक पर्छ, हालको आइपिओ बजार अवस्था र उद्यमीले प्रायः गर्ने सामान्य गल्तीबारे जानकारी गराएका थिए। पायोनियर ल फर्मका व्यवस्थापकीय साझेदार अनुपराज उप्रेतीले सार्वजनिक निष्कासनमा जाँदा कम्पनीहरूले बुझ्नैपर्ने प्रमुख कानुनी प्रावधान, नियामकीय प्रक्रिया र अनिवार्य अनुपालनाका उपायबारे स्पष्ट पारे।

यसैगरी, केयर एजका सिइओ आनन्दप्रकाश झाले क्रेडिट रेटिङबारे प्रस्तुति दिए। कम्पनीको वित्तीय सबलता र सुशासन अभ्यासले क्रेडिट रेटिङमा कसरी ठुलो प्रभाव पर्छ र लगानीकर्ताको विश्वास तथा बजार धारणाबारे धारणा राखे। चितवनका उद्यमीहरूले यस कार्यक्रमबाट लाभ लिएको आयोजकले जनाएको छ।

खल्तीबाट रकम ट्रान्सफर गर्दा पुरस्कार जित्ने मौका



काठमाडौं/ आइएमई खल्ती लिमिटेडले 'खल्ती ट्रान्सफर लिग' नामक नयाँ अफर सार्वजनिक गरेको छ। जारी नेपाल प्रिमियर लिगको दोस्रो संस्करणमा अघि उत्साह थप्न यो अफर ल्याएको कम्पनीले जनाएको छ। क्रिकेटको खेलसरह खल्तीबाट विभिन्न फन्ड ट्रान्सफर गरी सेवाग्राहीले रन बनाउन सक्नेछन्। रन जम्मा गरेर दैनिक, साप्ताहिक र बम्पर पुरस्कार जित्न सकिने बताइएको छ।

खल्तीबाट खल्तीमा ट्रान्सफर गर्दा एक रन, खल्ती एस्क्रो प्रयोग गर्दा दुई रन, खल्तीबाट बैंक खातामा ट्रान्सफर गर्दा चार रन र विदेशबाट पठाएको रेमिट्यान्स प्राप्त गर्दा ६ रन प्राप्त हुनेछ। यी रन जम्मा गरी ६ रनमा दैनिक एनपिएलको ६ टिकट, ५० रनमा हरेक हप्ता सिएमएफ फोन एक र १०० रनमा बम्पर पुरस्कारस्वरूप बजाजको पल्सर एन १६० डुअल एबिएस जित्ने मौका प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ।

रिलायन्स स्पिनिङ्ग मिल्स लि.को
३१औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडको मिति २०८२ साल मंसिर १ गते सोमबार बसेको सञ्चालक समितीको ४०६ औं बैठकको निर्णय अनुसार, कम्पनीको ३१ औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा निम्न बमोजिमका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा सम्पूर्ण शेयरधनि महानुभवहरूलाई जानकारिका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकासित गरिएको छ। वार्षिक साधारण सभा सम्बन्धि सम्पूर्ण विवरणहरू शेयरधनि महानुभावहरूलाई यथासमयमा नै पठाउने व्यहोरा अवगत गराउदै सभामा उपस्थितिका लागि अनुरोध गरिन्छ।

१.सभा हुने मिति, स्थान र समय :

मिति : २०८२/०८/२३ गते मंगलवार (तद् अनुसार इश्वि सम्वत, २०२५/१२/०९ तारिख)।

स्थान : का.म.न.पा.-२८, कमलादी, अमिर भवन, चौथो तल्ला, काठमाण्डौ (कम्पनीको रजिष्टर्ड कार्यालय)।

२. छलफलका विषयहरू :-

क. प्रस्तावहरू

१. आ.व. २०८१/०८२ वार्षिक प्रतिवेदन माथि छलफल गर्ने सम्बन्धमा।
२. आ.व. २०८१/०८२ को आर्थिक प्रतिवेदन माथि छलफल गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०८२/०८३ को लेखापरिक्षण गर्न,लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. सञ्चालक समिति अनुमोदन गर्ने सम्बन्धमा।

ख. विशेष प्रस्ताव

१. कम्पनी ऐनको दफा १०५ उवदफा १ को ग कार्यनयन गर्ने सम्बन्धमा।

ग. विविध सम्बन्धमा

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

गरिमा विकासले मनायो वार्षिकोत्सव

काठमाडौं/ गरिमा विकास बैंक लिमिटेडले १९औं वार्षिकोत्सवको अवसरमा देशभरका १९ स्थानमा कार्यक्रम गरेको छ। बैंकले आइतबार आठ स्थानमा बृहत् रक्तदान कार्यक्रम गरेको छ। जसबाट कुल ६ सय दुई युनिट रगत संकलन भएको छ।

त्यसैगरी, देशका विभिन्न १६ स्थानका विद्यालयलाई शैक्षिक सामग्री, विद्यालय पोसाक, पानी फिल्टर मेसिनलगायतका सामग्री वितरण गरिएको छ।

कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय नक्सालको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०८/०८ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिल:

ऋणीको नाम र ठेगाना :
नेपाल सरकार, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं. १३७८०/०५७/५८ कायम भई मिति २०५७/०५/१९ मा दर्ता भएको धादिङ जिल्ला निलकण्ठ गा.वि.स. वडा नं. ५, स्थित **जय बाबा गोरख कन्ष्ट्रक्सन प्रा.लि.** ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
१. नेत्रलाल श्रेष्ठको छोरी, श्याम कुमार श्रेष्ठको श्रीमती, धादिङ जिल्ला, नौविसे गा.वि.स. वडा नं. ७ बस्ने **गौरी कुमारी श्रेष्ठ** ।
२. मन नारायणको नाति, इन्द्र बहादुर श्रेष्ठको छोरा, धादिङ जिल्ला, निलकण्ठ गा.वि.स. वडा नं. ५ बस्ने **श्याम कुमार श्रेष्ठ** ।
३. इन्द्र बहादुर श्रेष्ठको नाति, श्याम कुमार श्रेष्ठको छोरा, धादिङ जिल्ला, निलकण्ठ गा.वि.स./उ.म.न.पा. वडा नं. ५ बस्ने **ससाङ्क श्रेष्ठ** ।
धितो सुरक्षणको विवरण :
१. **गौरी कुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, सितापाइला गा.वि.स./न.पा. वडा नं. १ को नक्सा सिट नं. ११०१-०५ को कित्ता नं. ९२ को २६२.२६ व.मी क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२. **श्याम कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, सितापाइला गा.वि.स./न.पा. वडा नं. १, नक्सा सिट नं. ११०१-०५ को कित्ता नं. १६ र ९० को क्रमशः ०.०२३७.०० र ०.०३७०.०० व.मी क्षेत्रफल रहेको जग्गा सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक

www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

रिलायन्स फाइनान्स लिमिटेडका
ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८२।०८।०८ गते)

तपाई तपसिलका ऋणी/ऋणीहरूले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको सर्त बमोजिम तोकिए अनुसार बुझाउनुपर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिँदा गरेको सर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवं लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सा कर्जाको तिर्नुपर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्रमा यस वित्तीय संस्थालाई तिर्नु, बुझाउनुपर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण बापत लेखी दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सोबाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारवाही गरी फाइनान्सले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिस गरी पठाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

केन्द्रीय कार्यालय : कमलादी, काठमाडौं ।

ऋणिको विवरण	धितोको विवरण
नाम : अच्युत प्रसाद कोइराला **ठेगाना :** काभ्रे जिल्ला, कानपुर कालापानी वडा नं. ०७ **हालको ठेगाना :** काठमाण्डौ जिल्ला, का.म.न.पा, वडा नं. १० **बुवा :** राम प्रसाद कोइराला **बाजे :** रोहिनी प्रसाद कोइराला **कर्जा शिर्षक :** हायर पर्चेज कर्जा	यस संस्थाको नाममा धनी कायम भई ऋणी अच्युत प्रसाद कोइरालाको नाममा दर्ता भएको वा १९ च ६४८२ को जम्मा १ वटा सवारी साधन ।
व्यक्तिगत धन जमानी दिनेको विवरण	
नाम : यादव कोइराला ठेगाना : काभ्रे जिल्ला, कानपुर कालापानी वडा नं.०७ **हालको ठेगाना :** काठमाण्डौ जिल्ला, का.म.न.पा, वडा नं. १० **बुवा :** राम प्रसाद कोइराला **बाजे :** रोहिनी प्रसाद कोइराला	**नाम : धनि अर्याल** **ठेगाना :** गुल्मी जिल्ला, छापहिले वडा नं. ०३ **हालको ठेगाना :** काठमाण्डौ जिल्ला, का.म.न.पा, वडा नं. १० **ससुरा :** राम प्रसाद कोइराला **श्रीमान :** यादव कोइराला

शाखा कार्यालय : नारायणगढ, चितवन ।

ऋणिको विवरण	धितोको विवरण
नाम : हरि ओम एग्रो इण्डष्ट्रिज एण्ड इन्भेष्टमेन्ट प्रा.लि. **ठेगाना :** चितवन जिल्ला, रत्ननगर नगरपालिका-०१ **पान :** ६०९५७८३२० **रजिष्ट्रेशन नं. :** २१९४६५/०७६/०७७ **कर्जा शिर्षक :** चालु पुँजी कर्जा	तारा देवी शर्माको नाममा दर्ता रहेको चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. ०१ (साबिक देवौली२/ख) स्थित कित्ता नं. ५९८ को क्षेत्रफल ०-०-१७ (वि-क-धु) को जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

व्यक्तिगत धन जमानी दिनेको विवरण

नाम : तारा देवी शर्मा **ठेगाना:** रत्ननगर -०१, चितवन **श्रीमान:** टुगंलाल शर्मा **ससुरा:** डण्डपाणी शर्मा	**नाम : हरि प्रसाद अधिकारी** **ठेगाना :** बेनी-४,म्यार्दी **हालको ठेगाना:** रत्ननगर-०१, चितवन **बुवा :** टुगंलाल शर्मा **बाजे :** डण्डपाणी शर्मा	**नाम : जमुना कंडेल** **ठेगाना:** भरतपुर-०९, चितवन **हालको ठेगाना:** रत्ननगर-०१, चितवन **श्रीमान:** हरि प्रसाद अधिकारी **ससुरा :** टुगंलाल शर्मा	**नाम : राजेन्द्र अधिकारी** **ठेगाना :** सिंगा-४, म्यार्दी **हालको ठेगाना:** रत्ननगर-०१, चितवन **बुवा :** टुगंलाल शर्मा **बाजे :** डण्डपाणी शर्मा	**नामः कल्पना अधिकारी** **ठेगाना:** रत्ननगर-०१, चितवन **श्रीमान :** राजेन्द्र अधिकारी **ससुरा :** टुगंलाल शर्मा

Reliance Finance Limited
रिलायन्स फाइनान्स लिमिटेड
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office : Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www. reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

ग्लोबल आइएमई बैंक लिमिटेडको
तपसिलमा उल्लिखित ऋणीका संस्थागत तथा व्यक्तिगत जमानतकर्ताहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८२/०८/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले बैंकबाट उपभोग गर्नु भएको ऋण/कर्जाले भाखा नाघी/कर्जा दुरुपयोग गरी बैंकसँग कर्जा लिँदाका बखत गरेका लिखत, सम्झौताहरुको उल्लंघन गरेकाले बैंकले निज ऋणीको कर्जा असुलीका लागि कर्जा तिर्न बुझाउन आउने बारेको ३५ दिने सार्वजनिक सूचनाको प्रकाशन गरी ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले बैंकको कर्जा चुक्ता भुक्तान नगरेपश्चात् बैंकले कर्जामा धितो सुरक्षण लिएको सम्पत्ति लिलाम बिक्री गरी कर्जा असुल उपर गर्ने प्रकृयामा धितो लिलाम बिक्री/गैरबैंकिङ्ग सम्पत्ति सकारबाट समेत निज ऋणीको नाममा रहेको कर्जा चुक्ता भुक्तान नभएको, निज ऋणी तथा जमानतकर्ताले बैंकको बाँकी बक्यौता कर्जा रकम चुक्ता भुक्तान नगरेको र कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपाईं तपसीलमा उल्लिखित ऋणी र कर्जाका संस्थागत/व्यक्तिगत जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ९० (नब्बे) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ९० (नब्बे) दिन भित्र यस बैंकमा सम्पर्क राखी निज ऋणी वा कर्जाका जमानतकर्ताले निज ऋणीको नाममा बाँकी रहेको बक्यौता कर्जा रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९, नेपाल राष्ट्र बैंकका निर्देशन, परिपत्र, सूचना र अन्य प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेस गरी कर्जा असुलीका लागि आवश्यक अन्य प्रकृया अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

तपसिल

शाखा कार्यालय	ऋणी	व्यक्तिगत / संस्थागत जमानतकर्ताहरुको विवरण						
		जमानतकर्ताको नाम	बाबु/पतिको नाम	बाजे/ससुराको नाम	ना.प्र.नं./दर्ता नं.	जारी मिति	जिल्ला	स्थायी ठेगाना
नक्साल	के.जी. इन्टरनेशनल प्रा.लि.	तुल्सीराम भण्डारी	उमाकान्त भण्डारी	गीरमान भण्डारी	२२८	२०४४/१०/२६	दाङ्ग	रामपुर -८, दाङ्ग
		डम्मरी जैसी	जनकराज जैसी	आनन्द प्रसाद जैसी	२११०/१४	२०४६/११/१५	सल्यान	वामे -३, सल्यान
		जनकराज जैसी	आनन्द प्रसाद जैसी	शिवलाल जैसी	१०४८	२०४५/०२/१२	सल्यान	वामे -३, सल्यान
मिर्चैया	रियांश कोल्ड एण्ड मदिरा सप्लायर्स	उमेश कुमार महरा	वैजनाथ चमार	बेचन चमार	१५-०१-६९-०००५९	२०६९/०३/१२	सिरहा	डुमरी -७, सिरहा
		पार्वती मोची	वैजनाथ चमार	बेचन चमार	१५३१०२/११९	२०६३/१०/०५	सिरहा	डुमरी -७, सिरहा
लालबन्दी	चुरीया माई स्टील फर्निचर शो रुम	सुनितादेवी दास	झगरु दास	नन्दलाल तत्मा	१९३०३०/२२	२०६३/११/०२	सर्लाही	कौडेना -१, सर्लाही
टिकापुर	अजय अमृत ट्रेडर्स	परविन बहादुर बिस्ट	अज बहादुर बिस्ट	लाल बहादुर बिस्ट	६७१००५/१३१४३	२०६८/०७/२२	कैलाली	साडेपानी -३, कैलाली
		सुकिली बिस्ट	अजे बिस्ट	लाल बहादुर बिस्ट	२११६/१	२०४५/०५/१२	कालीकोट	छाप्रे -२, कालीकोट
		ऋतु शाह (बिस्ट)	दिप बहादुर बिस्ट	अज ब. बिस्ट	६७१००५/१३२	२०६८/०८/१९	कैलाली	साडेपानी -३, कैलाली
	द मां लक्ष्मी ट्रेडस	नन्दराम जैशी	दयाराम जैशी	रत्नखर जैशी	४/२९५०/१६३३	२०४६/०२/३१	कैलाली	चुहा -८ कैलाली
		भानु भक्त जैसी	नन्दराम जैशी	दयाराम जैशी	६७२०३७/७००५७	२०७३/१०/०५	कैलाली	पथरैया -१, कैलाली
		जिरा जैसी	दयाराम जैशी	रत्नखर जैशी	१५७३/८१२४	२०५९/११/२७	कैलाली	पथरैया -१, कैलाली
		दयाराम जैशी	रत्नखर जैशी	काशीराम जैशी	१२८४	२०४५/०२/३२	कैलाली	सुगरखाल -४, कैलाली
		भुमीका जैसी	नन्दराम जैशी	दयाराम जैशी	६७२०३७/५४५८४	२०७२/०३/२५	कैलाली	पथरैया -१, कैलाली
	भानुभक्त ट्रेडर्स	मीना देवी जैसी	नन्दराम जैशी	दयाराम जैशी	६७२०३७/१६३९६	२०६८/०६/३०	कैलाली	पथरैया -१, कैलाली
		भानु भक्त जैसी	नन्दराम जैशी	दयाराम जैशी	६७२०३७/७००५७	२०७३/१०/०५	कैलाली	पथरैया -१, कैलाली
		जिरा जैसी	दयाराम जैशी	रत्नखर जैशी	१५७३/८१२४	२०५९/११/२७	कैलाली	पथरैया -१, कैलाली
		दयाराम जैशी	रत्नखर जैशी	काशीराम जैशी	१२८४	२०४५/०२/३२	कैलाली	सुगरखाल -४, कैलाली
		भुमीका जैसी	नन्दराम जैशी	दयाराम जैशी	६७२०३७/५४५८४	२०७२/०३/२५	कैलाली	पथरैया -१, कैलाली
	मालिका खाद्य केन्द्र	मीना देवी जैसी	नन्दराम जैशी	दयाराम जैशी	६७२०३७/१६३९६	२०६८/०६/३०	कैलाली	पथरैया -१, कैलाली
		भानु भक्त जैसी	नन्दराम जैशी	दयाराम जैशी	६७२०३७/७००५७	२०७३/१०/०५	कैलाली	पथरैया -१, कैलाली
		जिरा जैसी	दयाराम जैशी	रत्नखर जैशी	१५७३/८१२४	२०५९/११/२७	कैलाली	पथरैया -१, कैलाली
		दयाराम जैशी	रत्नखर जैशी	काशीराम जैशी	१२८४	२०४५/०२/३२	कैलाली	सुगरखाल -४, कैलाली
		नन्दराम जैशी	दयाराम जैशी	रत्नखर जैशी	४/२९५०/१६३३	२०४६/०२/३१	कैलाली	चुहा -८ कैलाली
कमलादी	तामाकोशी फर्निचर	नुमैसा खातुन	सबिर अहमद	जालिम मिया मनसुरी	४७२२	२०६६/१२/३०	पर्सा	जगरनाथपुर -१, पर्सा
राजापुर	जि.आर. ट्रेडर्स	मन्जु रेग्मी	गोपाल प्रसाद रेग्मी	खिम कान्त रेग्मी	१३३६-६	२०४६/०३/०८	बर्दिया	राजापुर न.पा. -३, बर्दिया
		संगम रेग्मी	गोपाल प्रसाद रेग्मी	खिम कान्त रेग्मी	६५२०२२-५६३	२०६७/०४/१३	बर्दिया	राजापुर -१, बर्दिया
		मीलन रेग्मी	गोपाल प्रसाद रेग्मी	खिम कान्त रेग्मी	२०९०२	२०६२/०३/१४	बर्दिया	राजापुर -३, बर्दिया
गौर	एस.के. ट्रेडर्स	भिखर महतो कोइरी	सिकम महतो कोइरी	खोवारी महतो	८०५५	२०३५/०२/१७	रौतहट	बगही - ०७, रौतहट
		पुनम कुमारी देवी	उमेश कुमार महतो	भिखर महतो कोइरी	३२-०१-७७-०८३४८	२०७७/१२/०२	रौतहट	कटहरिया न.पा.-०६, रौतहट
		श्रीमती देवी	भिखर महतो कोइरी	सिकम महतो कोइरी	७६८८-०४४१०५४२	२०३५/०२/११	रौतहट	बगही - ०७, रौतहट

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००



अपराजित सुदूरपश्चिमलाई चुनौती दिने कर्णालीको तयारी

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणअन्तर्गत सोमबार त्रिवि क्रिकेट मैदानमा डे-नाइटमा रोमाञ्चक खेल फरक हुनेछ । साबिक उपविजेता सुदूरपश्चिम रोयल्स कर्णाली याक्सविरुद्ध दिउँसो चार बजे भिड्दै छ । पहिलो सिजनमा कर्णाली तेस्रो हुँदा पनि सुदूरपश्चिमविरुद्ध लिग चरणमा मात्र एकपटक भिड्यो । सुदूरपश्चिमले कर्णालीमाथि ६ विकेटको सानदार जित निकाल्यो । पहिलो संस्करणको तुलनामा दोस्रोमा कर्णाली अलि फरक टोली बनेको छ । यसपटक कर्णालीले स्वदेशी तथा विदेशी खेलाडीमा राम्रो लगानी गरेको छ ।

दुई खेलमा एक जित निकाले पनि कर्णालीले ब्याटिङ र बलिङमा प्रभाव जमाएको छ । कर्णालीलाई गत वर्ष व्यहोरेको हारको बदला लिनु छ । एनपिएलको १०औँ खेलमा यी दुवै आमने-सामने हुँदा खेल गुमाउन चाहँदैनन् । चाहे ब्याटिङ वा बलिङ इनिङ्समा किन नहोस्, दुवै टोली गल्तीरहित प्रतिस्पर्धा गर्न चाहन्छन् । सुदूरपश्चिम लगातार तीन जित निकाल्ने योजनामा रहँदा कर्णाली उसलाई रोक्ने तयारीका साथ मैदानमा हुनेछ ।

यसपटक सुदूरपश्चिम बलिङ र ब्याटिङ अलराउन्डरमा केन्द्रित छ । तर, सुदूरपश्चिमले काठमाडौं गोर्खाजलाई २९ रन तथा पोखरा एभेन्जर्सलाई १८ रनले हराउँदा अमेरिकन स्पिनर हर्मित सिंह मुख्य खेलाडीका रूपमा प्रस्तुत भए । दुई खेलमा उनले ब्याटिङ र बलिङमा एकनासको प्रदर्शन गरिरहेका छन् । मध्यक्रममा ब्याटिङ गर्दै हर्मितले विपक्षीका बलरविरुद्ध चौका र छक्काको वर्षा गरिरहेका छन् । बलिङमा पनि उनी विपक्षीका प्रमुख ब्याट्सम्यानलाई पेभेलियन पठाएका छन् । कर्णालीले हर्मितलाई मुख्य तगारोका रूपमा लिएको छ । यी दुईवटै खेलमा सुदूरपश्चिमले फराकिलो अन्तरले जित निकाले पनि बलिङ पक्ष बलियो देखिएको छ । अर्कोतिर कर्णाली आत्मविश्वासका साथ सुदूरपश्चिमविरुद्ध प्रतिस्पर्धा गर्नेछ । विशेष गरी स्कटल्यान्डका मार्क वाटले अघिल्लो खेलमा चालू सिजनकै पहिलो शतकीय इनिङ्स खेल्दा कर्णालीको ब्याटिङमा आत्मविश्वास बढेको हो । कर्णालीले विशेष उनलाई बलरकै रूपमा अनुबन्ध गरेको थियो । तर, दोस्रो खेलमा उनले लुम्बिनी लायन्सविरुद्ध अविजित ११४ रनको पारी खेले ।

त्यसबाट सुदूरपश्चिमका बलरलाई रोज्न बाध्य बनाएका छन् । फर्ममा रहँदा वाटलाई रोक्न मुस्किल पर्छ । सुदूरपश्चिमका अभिनाश बोहरा, स्कट कुग्गेलेलिन, स्पिनर दीपेन्द्रसिंह ऐरी तथा हर्मितले वाटलाई आक्रामक बन्नबाट रोक्ने प्रयास गर्नेछन् ।



● मार्क वाट

● हर्मित सिंह

गत वर्षको नतिजा

कर्णाली याक्स १०१ (२० ओभरमा अलआउट), सुदूरपश्चिम रोयल्स १०५/४

सुदूरपश्चिम ६ विकेटले विजयी

आजका खेल

विराटनगर किंग्स	बिहान ११:४५ बजे	जनकपुर बोल्ट्स	
कर्णाली याक्स	दिउँसो ४ बजे	सुदूरपश्चिम रोयल्स	

म्याच प्रिभ्यु

विराटनगरलाई रोक्ने जनकपुरको लक्ष्य

नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणको सोमबार साबिक विजेता जनकपुर बोल्ट्सले विराटनगर किंग्सविरुद्ध त्रिवि क्रिकेट मैदानमा प्रतिस्पर्धा गर्दै छ । गत वर्ष जनकपुरले सनसनी रूपमा पहिलोदेखि अन्तिम खेलसम्म एकनासको प्रदर्शन गरी उपाधि उचालेको थियो । चालू सिजनमा एक खेल गुमाएको जनकपुरको यो दोस्रो खेल हो । प्रतियोगिताको उद्घाटन खेलमा जनकपुरले काठमाडौं गोर्खाजविरुद्ध ब्याटिङ र बलिङमा स्तरीय प्रदर्शन गर्न नसक्दा पराजित भयो ।

यसपटक जनकपुरको तयारी कमजोर भएको छ । गत सिजन च्याम्पियन बनाएका खेलाडीहरू अन्य फ्रेन्चाइज टोलीमा आबद्ध हुँदा जनकपुरको ब्याटिङ र बलिङमा कमजोरी देखिएको हो । जनकपुरको विपक्षी विराटनगर भने उत्कृष्ट लयमा छ । विराटनगरले लगातार दुई खेल जित्दै गत वर्षका बलियो टोलीहरूलाई चेतावनी दिइसकेको छ । यसपटक विराटनगरको बलियो पक्ष भनेको ब्याटिङ र बलिङ हो ।

विराटनगरले पहिलो खेलमा पोखरा एभेन्जर्सविरुद्ध ५३ रनको तथा दोस्रो खेलमा काठमाडौं गोर्खाजमाथि पाँच विकेटको जित निकालेको थियो । पोखरासँगको प्रतिस्पर्धामा विराटनगरले एनपिएलकै कीर्तिमानी स्कोरका रूपमा दुई सय २० रन बनाएको थियो । विराटनगरले दोस्रो सिजनका लागि स्वदेशी तथा विदेशी खेलाडी अनुबन्ध गर्न कुनै कन्जुस्याइँ गरेन । कप्तान सन्दीप लामिछाने फ्रन्टमा आएर बलिङ र ब्याटिङ गर्दै अन्य खेलाडीलाई आत्मबल बढाइरहेका छन् ।

दक्षिण अफ्रिकाका माचान्ट डे लागेले ब्याटिङ र बलिङमा उत्तिकै योगदान दिइरहेका छन् । हडकङ सिक्सेजदेखि चम्किरहेका लोकेश बमले राम्रो स्ट्रोक लगाइरहेका छन् । लोकेशको मुख्य जिम्मेवारी नै टोलीको रनरेट बढाउने हो । बलिङ अलराउन्डरमा प्रितिश जिसी पनि विपक्षी ब्याट्सम्यानलाई रोक्न सफल भइरहेका छन् ।

जनकपुर विदेशी खेलाडीको भरमा

पहिलो खेलमा जनकपुरको मध्यक्रम कमजोर हुँदा काठमाडौंविरुद्ध ठुलो योगफल खडा गर्न सकेन । गत वर्ष उत्कृष्ट ब्याटिङ गरेका लाहिरू मिलान्थ पहिलो खेलमा केवल सात रनमै आउट भए । आसिफ शेखले ४१ बलमा ५४ रन बनाउँदै टोलीको स्कोर अगाडि बढाए । यतिबेला जनकपुरको ठुलो समस्या भनेकै मध्यक्रम हो । कप्तान अनिल साह शून्य रनमै आउट भएका थिए । मध्यक्रम कमजोर हुँदा नै पुछारका ब्याट्सम्यानमाथि दबाब बढेको थियो । काठमाडौंविरुद्ध विदेशी खेलाडी लाहिरू सामाराकुनले २१ बलमा २२ रन तथा मायांक यादवले २९ बलमा ३४ रन जोडे । लगातार दुई जित निकालेको विराटनगरलाई रोक्न जनकपुरको मध्यक्रम चल्नुपर्छ ।

विराटनगरका बलर फर्ममा छन् । उनीहरूले विपक्षीको कमजोरीअनुसार बलिङ गरिरहेका छन् । यसै कारण विराटनगरले विपक्षीलाई दुवै खेलमा रोक्न सफल भएको हो । जनकपुरले बलिङमा पनि सुधार्नु आवश्यक छ । सिमरकिशोर महतोले पहिलो खेलमा एक विकेट मात्र लिए । उनलाई ओपनिङमा साथ दिएका अनिलले २६ रन खर्चेर एक विकेट लिए । काठमाडौंविरुद्ध जनकपुरले आठ बलर प्रयोग गरेको थियो । सातजनाले विकेट लिए पनि स्ट्राइक बलरले विकेट नलिँदा जनकपुर यस पक्षमा कमजोर देखिन्छ ।

गत वर्षको नतिजा

विराटनगर १२९ (१९ ओभरमा अलआउट), जनकपुर बोल्ट्स १३१/२

जनकपुर आठ विकेटले विजयी

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
विराटनगर	२	२	०	४	२.०२
सुदूरपश्चिम	२	२	०	४	१.१७
कर्णाली	२	१	१	२	१.७६
चितवन	१	१	१	२	-०.११
काठमाडौं	३	१	२	२	-०.६०
लुम्बिनी	२	१	१	२	-१.५२
जनकपुर	१	०	१	०	-०.७७
पोखरा	२	०	२	०	-१.७७



कर्णालीको जितमा प्रदेशले पायो एक लाख

कर्णाली याक्सले दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)मा पहिलो जित निकालेसँगै एसियन पेन्ट्सले कर्णाली प्रदेश क्रिकेट एसोसिएसनलाई एक लाख रुपैयाँ प्रदान गरेको छ । कर्णालीले दोस्रो संस्करणको एनपिएलका लागि एसियन पेन्ट्ससँग सहप्रायोजकको सम्झौता गरेको छ । एसियन पेन्ट्सले कर्णालीको हरेक जितमा कर्णाली प्रदेश क्रिकेटको विकास निमित्त एक लाख रुपैयाँ दिने घोषणा गरेको थियो ।

एसियन पेन्ट्सले आफ्नो पूर्वघोषणाअनुसार आइतबार प्रदेश क्रिकेट संघका प्रतिनिधिलाई एक लाख रुपैयाँ उपलब्ध गराएको हो । कर्णालीका निर्देशक गृहेन्द्र घिमिरेको रोहबरमा एसियन पेन्ट्सका नेसनल सेल्स, एक्टिभेसन एन्ड मार्केटिङ म्यानेजर दीपक बरालले संघका सचिव श्रीधर केसीलाई रकमबराबरको चेक उपलब्ध गराए ।

कर्णालीले एनपिएलको आफ्नो दोस्रो खेलमा लुम्बिनी लायन्सलाई नौ विकेटले पराजित गरेको थियो । स्कटिस खेलाडी मार्क वाटले शतकीय योगदान दिएपछि कर्णालीले प्रतियोगितामा पहिलो जित निकालेको हो । संघका सचिव केसीले प्राप्त एक लाख प्रदेशमा ग्रासरुट क्षेत्रमा प्रयोग गर्ने जानकारी गराए । 'कर्णाली र एसियन पेन्ट्सबिच भएको सम्झौताले निकै खुसी मिलेको छ । यो रकम हामी ग्रासरुट क्रिकेट र कर्णालीको क्रिकेट विकासमा प्रयोग गर्नेछौं,' केसीले भने ।

कर्णालीका निर्देशक घिमिरेले एसियन पेन्ट्सलाई कर्णाली प्रदेशको क्रिकेट विकास र समग्र नेपाली क्रिकेटको विकासमा आफूहरू प्रतिबद्ध रहेको बताए । 'यस्तै साना-साना सहयोगले नेपाली क्रिकेटको विकास हुन्छ । हाम्रो सानो सहयोगले प्रदेश क्रिकेटको ग्रासरुटमा राम्रो होस् भन्ने चाहना छ,' उनले भने, 'हामी कर्णाली याक्स मात्रै नभएर प्रदेश क्रिकेटको विकास पनि चाहन्छौं । आगामी दिनमा अझै धेरै सहयोग गर्नेछौं । यो सहयोगका लागि एसियन पेन्ट्सलाई धन्यवाद ।'

■ आजको तस्बिर



खेलको तयारी

एनपिएलअन्तर्गत सोमबार कर्णाली याक्सविरुद्ध प्रतिस्पर्धा गर्नुअघि सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरी अभ्यास गर्दै ।

प्लेयर्स टु वाच

मार्क वाट (कर्णाली)

कर्णालीले वाटलाई बलरका रूपमा अनुबन्ध गरेको थियो । एनपिएलको सुरुसँगै वाटले अलराउन्डर भूमिका निर्वाह गरेका छन् । उनले बलिङ मात्र नभए ब्याटिङमा सबैको मन जित्न सफल भएका छन् । लुम्बिनी लायन्सविरुद्धको प्रतिस्पर्धामा वाटले दोस्रो सिजनको एनपिएलमा पहिलो शतकीय इनिङ्स खेल्दै रेकर्ड बनाए । २९ वर्षीय वाट ब्याट्सम्यान भन्दा पनि बलरका रूपमा परिचित छन् । देब्रेहाते स्पिनर वाटले लुम्बिनीविरुद्ध शनिबार करिअरकै अविस्मरणीय इनिङ्स खेले । करिअरकै पहिलो शतक प्रहार गर्दा वाटले ४४ बलमा ६ चौका र १२ छक्का प्रहार गर्दै अविजित एक सय १४ रन बनाए । अझ उनले लुम्बिनीका कप्तान रोहित पौडेलविरुद्ध २६ रन प्रहार गरेका थिए ।



विनोद भण्डारी (सुदूरपश्चिम)

नेपाली राष्ट्रिय टोलीका अनुभवी विकेटकिपर ब्याट्सम्यान विनोद भण्डारीले चालू एनपिएलमा गतिलो प्रदर्शन गरिरहेका छन् । विकेटपछाडि उनले चलाखीपूर्ण रूपमा विपक्षी ब्याट्सम्यानलाई सहजै रन आउट तथा स्टम्पिङ गरी टोलीको जितमा महत्त्वपूर्ण योगदान दिएका छन् । सुदूरपश्चिमले कर्णालीविरुद्ध प्रतिस्पर्धा गरिरहँदा उनीबाट विकेट पछाडि यस्तै प्रदर्शनको अपेक्षा राखेको छ । सुदूरपश्चिमले अघिल्लो खेलमा पोखरा एभेन्जर्सविरुद्ध ओपनिङमा शतकीय साझेदारी पाउँदा उनले ४४ रनको योगदान दिएका थिए । ब्याटिङ र विकेटकिपिङमा एकनासको प्रदर्शन गर्न सक्ने विनोदले कर्णालीसँगको महत्त्वपूर्ण खेलमा उत्कृष्ट योगदान दिन सक्ने क्षमता राख्छन् ।




जर्ज मुन्सी (विराटनगर)

विराटनगरले मुन्सीलाई विदेशी कोटामा अनुबन्ध गरेको हो । विराटनगरले लगातार दुई खेलमा जित निकाल्दा ओपनिङ दमदार भयो । यसमा स्कटल्यान्डका ओपनिङ खेलाडी मुन्सीको योगदान पनि छ । उनले काठमाडौंसँगको प्रतिस्पर्धामा ३६ रन बनाएका थिए । पोखराविरुद्धको खेलमा उनी १० रनमा आउट भए पनि फिल्डिङमा राम्रो प्रदर्शन गरे । टी-२० फम्र्याटमा स्कटल्यान्डमा आवद्ध खेलाडी मध्ये उनी सबैभन्दा धेरै आक्रामक ब्याट्सम्यानका रुपमा चिनिन्छन् । उनले ८१ टी-२० आईमा ४४.२३ को स्ट्राइकमा ब्याटिङ गर्छन् । स्कटल्यान्डबाट दुई शतक तथा १३ अर्धशतकीय इनिङ्स खेलेका उनले २ हजार ३०२ रन जोडेका छन् ।



आसिफ शेख (जनकपुर)

जनकपुर बोल्ट्सले एनपिएलको पहिलो सिजनको उपाधि जित्दा विकेटकिपर ब्याट्सम्यान आसिफले सुरुदेखि नै उत्कृष्ट प्रदर्शन गरेका थिए । यसपटक जनकपुरले च्याम्पियनशैलीमा प्रदर्शन गर्न सकिरहेको छैन । काठमाडौं गोर्खाजसँगको पहिलो खेलमा जनकपुरले खेल गुमाउँदा विकेटकिपर आसिफले अर्धशतकीय इनिङ्स खेलेका थिए । काठमाडौंविरुद्धको खेलमा उनले विकेटपछाडिबाट रन आउट वा स्टम्पिङ गर्न सकेनन् । ब्याटिङमा समेत विशेष जिम्मेवारी पाएका आसिफले पहिलो खेलमा ५४ रनको अर्धशतकीय इनिङ्स खेलेका थिए । विराटनगरसँगको दोस्रो खेलमा जनकपुरले उनीबाट पुनः एकपटक ब्याटिङमा ठुलो योगदान चाहेको छ ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com